कामदार पठाउन मिडल अर्बिट ओभरसिज, शुभम् ओभरसिज, ब्लुमुन ओभरसिज म्यानपावरले वैदेशिक रोजगार विभागबाट सबै प्रक्रिया पूरा गरेर श्रम स्वीकृति निकालेका हुन् । वैदेशिक रोजगार ऐनका अनुसार जुन कम्पनीका लागि श्रम स्वीकृति निकालेको हो, त्यही कम्पनीमा काम गराउनुपर्छ । तर, यी म्यानपावरले त्रिभुवन विमानस्थल कटाउनका लागि श्रम स्वीकृति निकालेका हुन् । 'हामीलाई कतार पुगेपछि अर्को कम्पनीमा सुरक्षा गार्डको काम दिलाउँछु, त्यसका लागि आशिष दाहालले काम खोजिदिन्छ भनेर पठाएको थियो,' १ लाख

**मानव तस्करी**

८० हजार रुपैयाँ बुझाएर कतार पुगेका रसुवाका धर्मसिंह गुरुङले भने, 'यता आइसकेपछि थाहा पाउँदा त अर्कै रहेछ ।'

राम्रो काम र तलब पाइन्छ भनेर नै आजाद भिसामा आएको पीडित सहदेव गौतमले बताए । 'खोजी खोजी मन लागेको काम गर्न पाइन्छ भनिएको थियो,' उनले भने, 'यता आएपछि थाहा भयो, आजाद भन्ने केही हुँदैन रहेछ । कम्पनीकै भिसा रहेछ । त्यो कम्पनीले अर्कोमा जान अनुमति नदिएसम्म कतै जान नपाइनेरहेछ ।' पीडितहरूको सम्पर्कमा ती दलाल छैनन् ।

पीडितसँग समन्वय गरिरहेका बीबी खरालले विभाग र कामदारलाई झुक्काउने म्यानपावरलाई कारबाही गर्नुपर्ने बताए । पीडितलाई खानाका लागि प्रबन्ध गैरआवासीय नेपाली संघ कतारले मिलाइरहेको युवा सहसंयोजक नारायण भण्डारीले बताए ।

नेपाली दूतावासले कामदार ठगी गर्ने म्यानपावरलाई कारबाही गर्न वैदेशिक रोजगार विभागलाई अनुरोध गरेको छ । 'दूतावासले पठाएको पत्रअनुसार तत्काल श्रम स्वीकृति रोकिसकेका छौं,' विभागका प्रवक्ता मोहन अधिकारीले भने, 'म्यानपावरले मानव तस्करी गरेको विषयमा विस्तृत अनुसन्धान थालिसकेका छौं ।'

# सडक निर्माणमा अलमल

■ डिल्लीराम खतिवडा

बेल्टार (उदयपुर)- वैकल्पिक मार्गका रूपमा अघि बढाइएको धरान-चतरा-हेटौंडा सडक निर्माण निर्धारित समयभित्र सकिने सम्भावना धकेलिँदै गएको छ । ३ वर्षभित्र बनाइसक्ने लक्ष्य राखिएकामा सडक विभागले अधिग्रहण गर्नुपर्ने क्षेत्रका घरटहरा, बिजुली पोल, रूख हटाउने र मुआब्जा वितरण अघि बढाउन सकेको छैन ।

समयमै बजेट व्यावस्थापन नहुँदा कामै रोकिने अवस्था सिर्जना भएको छ । १५ दिनभित्र बजेट नआए काम रोकिने पूर्वी खण्ड ठेक्का लिएको जेडआईईसी लामा एण्ड शर्मा जोइन्ट भेन्चरले जनाएको छ ।

उक्त सडक योजना दुई खण्डमा छुट्याएर काम भइरहेको छ । धरानदेखि सिन्धुलीको भिमादसम्म पूर्वी खण्डमा पर्दछ । विस्तार हुने जंगल क्षेत्रका रूख काटिए पनि घर-टहरा र विद्युत पोल हटाउने काम हुन सकेको छैन । 'समयमै घरटहरा, विद्युत् पोल र मुआब्जा समस्या समाधान नहुँदा सोचेअनुसार काम गर्न सकिएन,' कम्पनीका प्रोजेक्ट म्यानेजर निर्माण पोखरेलले भने, 'काम गर्दै जाँदा घर भएको स्थानमा पुगेपछि रोकिनुपर्छ, विद्युत् पोलले समेत बाधा छ ।' गत वर्ष कात्तिकबाट निर्माण सुरु गरिए पनि वर्ष दिनमा झन्डै साढे ५ महिनाजति मात्र राम्ररी काम गर्न पाएको उनले बताए ।

'बाँकी साढे ६ महिना त्यत्तिकै बित्यो,' पोखरेलले भने, 'यही कारण तीन वर्षभित्र काम नसकिने भयो ।' लक्ष्यअनुसार अहिलेसम्म २५ प्रतिशत सकिनुपर्थ्यो । चौडण्डीगढी नगरपालिकाको वीरेन्द्र चौकदेखि सिन्धुलीको भिमादसम्म १ सय ३४ किमि जिम्मा पाएको जोइन्ट भेन्चरले यो अवधिमा ३१ किमी क्षेत्रमा अलिकति पनि काम अघि बढाउन सकेन । यस क्षेत्रको ८ किलोमिटरजतिमा पुल हाल्नुपर्नेछ । त्यसै गरी ५७ किमि जंगल क्षेत्रमा समयमै रूख नकाटिँदा काममा ढिलाइ भएको प्रोजेक्ट मेनेजर पोखरेलले बताए । 'विभागले रूख कटान, घरटहरा हटाउने अनि मुआब्जा विवाद टुंग्याएर हामीलाई काम गर्ने वातावरण मिलाइदिनुपऱ्यो,' उनले भने । कम्पनीले बाधा व्यवधानका बावजुद काममा २० प्रतिशत प्रगति गरेको दाबी गर्दै आएको छ ।

पूर्वी खण्डका योजना प्रमुख उमेशविन्दु श्रेष्ठ पनि बजेट अभावले काम प्रभावित भएको बताउँछन् । 'बजेट अभाव छ, माग हुँदैछ, अर्थ मन्त्रालयले दिने भने पनि दिएको छैन,' उनले भने, 'अहिलेसम्म बजेटकै कारण काम रोकिएको भने छैन ।' सिन्धुलीतर्फ विद्युत् पोल सार्ने कामको ठेक्का लागे पनि काम सुरु भइनसकेको श्रेष्ठले बताए । ६ महिनायता पूर्वी खण्डको सडक विस्तार अघि बढाइएको छ । विभिन्न खोलामा निर्माण हुने पक्की पुलबाहेक ६ अर्ब रुपैयाँ लागतमा ३ वर्षभित्र सडक बनाउने गरी काम थालिएको हो ।

# वान-डे अन्तर्राष्ट्रिय मान्यता...

दीपेन्द्रले अविजित ५० रन बनाएपछि नेपालले २३ ओभरमा लक्ष्य पूरा गऱ्यो । नेपाललाई बिहीबार वान-डे मान्यता पाउन यो सफलता मात्रै पर्याप्त थिएन । १ सय ७४ रनमा अलआउट भएको नेदरल्यान्ड्सले हङकङलाई ४३ ओभरमा १ सय ३० रनमा अलआउट गरेपछि मात्र नेपाली क्रिकेटको बहुप्रतीक्षित सपना पूरा भएको हो ।

जिम्बावेमा पाएको सफलताले नेपाल विश्व क्रिकेटको शीर्ष १६ राष्ट्रभित्र परेको छ । अब नेपालले माथिल्लो १५ राष्ट्रसँग आपसी समझदारीमा वान-डे अन्तर्राष्ट्रिय म्याच खेल्न पाउनेछ । भारत, दक्षिण अफ्रिका, इंग्ल्यान्ड, न्युजिल्यान्ड, अस्ट्रेलिया, पाकिस्तान, बंगलादेश, श्रीलंका, वेस्ट इन्डिज, अफगानिस्तान, जिम्बावे, आयरल्यान्ड, स्कटल्यान्ड, यूएई नेपालभन्दा वान-डे अन्तर्राष्ट्रिय क्रिकेटमा माथिल्ला राष्ट्र हुन् ।

स्कटल्यान्ड र यूएईले विश्वकप छनोटबाटै वान-डे अन्तर्राष्ट्रिय मान्यतालाई कायम राखेका हुन् । नेदरल्यान्ड्सले यस प्रतियोगितापछि यो मान्यता पाउँदै छ । टेस्ट मान्यता प्राप्त वेस्ट इन्डिज, जिम्बावे, आयरल्यान्ड, अफगानिस्तान र वान-डे अन्तर्राष्ट्रिय मान्यता प्राप्त नेदरल्यान्ड्सबाहेक विश्वकप छनोटमा प्रतिस्पर्धा गरेका अन्य ५ राष्ट्रमा शीर्ष तीनभित्र रहनेले वान-डे मान्यता पाउने थियो । हङकङ र पपुवा न्यु गिनीभन्दा माथि रहँदै नेपालले सफलता हात पारेको हो ।

प्रतिस्पर्धी १० टोलीको वरीयतामा पुछारमा रहेको नेपाल छनोटको पहिलो तीन खेलमा जिम्बावे, स्कटल्यान्ड र अफगानिस्तानसँग पराजित भएपछि समूह चरणबाटै बाहिरिने निश्चित जस्तै भएको थियो । समूह चरणको अन्तिम खेलमा हङकङ र त्यसपछि पपुवा न्यु गिनीमाथिको विजयले नेपाललाई क्रिकेटमा माथिल्लो राष्ट्रको सूचीमा उभ्याएको हो ।

अन्तर्राष्ट्रिय क्रिकेट खेल्न थालेको २२ वर्षपछि नेपाल वान-डे अन्तर्राष्ट्रिय मान्यता प्राप्त राष्ट्र बनेको हो । नेपालले विश्व क्रिकेट लिग डिभिजन छनोट २००५ देखि खेलेको हो, जुन वान-डे अन्तर्राष्ट्रिय मान्यता राष्ट्र बन्नका लागि छनोट प्रतियोगिता हो । २००८ मा डिभिजन ५ मा खेल्दै नेपाल आधिकारिक रूपमै विश्व क्रिकेट लिगमा छिरेको थियो । २०१० मा डिभिजन ५, २०१२ मा डिभिजन ४, २०१३ मा डिभिजन ३ जित्दै नेपालले २०१४ मा विश्वकप छनोटमा पुगे पनि सहभागी १० राष्ट्रमा नवौं भएपछि रेलिगेसनमा परेको थियो । गत महिना नामिबियामा भएको डिभिजन २ मा फाइनल पुग्दै नेपालले विश्वकप छनोट लगातार दोस्रोपटक खेल्न पाएको हो । २०१४ मा नेपालले विश्व टान्टी-२० खेलेको थियो ।

वान-डे अन्तर्राष्ट्रियमा झन्डै ४ हजार खेल हुने क्रममा छ । जिम्बावे भ्रमणपछि नेपालले दुई देशबीचको सहमतिमा वान-डे अन्तर्राष्ट्रिय खेल आयोजना गर्न वा ती देशमा गएर खेल्न सक्छ । नेपाल क्रिकेट संघ हाल अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) बाट निलम्बनको अवस्थामा छ । संघ निलम्बनमा रहेका कारण नेपालले तत्काल वान-डे अन्तर्राष्ट्रिय म्याच खेल्न नपाउने स्थिति पनि आउन सक्छ । यस्तो अवस्था रहेमा सेप्टेम्बरमा भारतमा हुने एसिया कप छनोटमा यूएईसँगको खेल नेपालको वान-डे अन्तर्राष्ट्रियमा पहिलो बन्न सक्छ । ढिलो-चाँडो नेपाल वान-डे अन्तर्राष्ट्रिय खेल्ने २६ औं राष्ट्र बन्नेछ ।

# कैलाली घटनामा १० पक्राउ

## नगरप्रमुख चौधरीमाथि आक्रमण गरेको आरोपमा ४ जना र बोक्सी भन्दै यातना दिने ६ जना सार्वजनिक

■ डीआर पन्त

धनगढी- प्रहरीले अघिल्लो साता कैलालीमा भएका दुई छुट्टाछुट्टै घटनाका १० जना आरोपीलाई बिहीबार सार्वजनिक गरेको छ ।

घोडाघोडी नगरपालिका प्रमुख ममताप्रसाद चौधरीमाथि सांघातिक आक्रमण गरेको आरोपमा पक्राउ परेका नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का चार कार्यकर्ता र एक किशोरीलाई बोक्सी आरोप लगाउँदै यातना दिने अन्य ६ जनालाई पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको हो ।

नगरप्रमुख चौधरीमाथि आक्रमण गरेको आरोपमा घोडाघोडी नगरपालिका-१ का कमल क्षेत्री, ९ का भरत शाह, धनगढी उपमहानगरपालिका-८ का पूर्णप्रसाद खनाल र टीकापुर नगरपालिका-१ का हृदयराज बोगटी पक्राउ परेका हुन् ।

जिल्ला प्रहरी प्रमुख एसपी विनोद घिमिरेले घटनामा संलग्न रहेको भन्दै १३ जनाका नाममा किटानी जाहेरी रहेकाले अन्यको खोजी भइरहेको बताए । 'आक्रमण घटनाको थप अनुसन्धान जारी राखेका छौं,' उनले भने । घटनामा संलग्न भएको आरोपमा पक्राउ परेका कसैले पनि कसूर स्वीकार नगरेको तर प्रहरीले अनुसन्धानका क्रममा घटनामा संलग्न सबैको पहिचान गरिसकेको एसपी घिमिरेले बताए । पक्राउ परेकामध्ये केहीले भने पार्टीको निर्देशनमा घटना भएको तर आफूहरू संलग्न नरहेको दाबी गरेको एक प्रहरी स्रोतले बतायो ।

नगरप्रमुख चौधरीले आर्थिक अनियमितता गरेको, नगरपालिकाको साधनस्रोतको दुरुपयोग गरेको, बोक्सी प्रकरणमा संलग्नलाई जोगाउन खोजेको आरोप लगाउँदै विप्लव नेतृत्वको नेकपाले सामाजिक सञ्जालमा उनलाई कारबाहीको सूचीमा राखेको उल्लेख गर्दै आएको थियो । त्यसको केही दिनमा नै नगरप्रमुख चौधरीलाई राति ८ बजे घरबाट बाहिर निकाली खुकुरी र गोली प्रहार गरिएको थियो ।

नेकपाका पोलिटब्युरो सदस्य ओमप्रकाश पुनले नगरप्रमुख चौधरीलाई जनताले कारबाही गरेको दाबी गरे । उनले आफ्नो पार्टीका नेता-कार्यकर्तामाथि प्रहरीले दमन गरेको आरोपसमेत लगाए । 'जिल्लाभरका निर्दोष कार्यकर्ताको घरमा खानतलासीका नाममा प्रहरीले ज्यादती गरिरहेको छ,' उनले भने ।

यस्तै प्रहरीले फागुन २४ गते घोडाघोडी नगरपालिकाको देवकलियामा बोक्सी आरोपमा एक किशोरीलाई यातना दिएको आरोपमा पक्राउ परेका ६ जनालाई पनि बिहीबारै सार्वजनिक गरेको छ । घटनाको मुख्य अभियुक्त मानिएका भोलेबाबा भनिने रामबहादुर चौधरी, बाबाकी मुख्य सहयोगी किस्मती चौधरी, स्मारिका चौधरी, घोडाघोडी ५ बस्ने वेदप्रसाद चौधरी, सोही ठाउँका चनकला चौधरी र सीतारानी चौधरीलाई सार्वजनिक गरेको छ ।

किशोरीलाई यातना दिन सहयोग पुगाउने र पहिचानमा आएका थप केही व्यक्तिलाई पनि प्रहरीले खोजिरहेको जनाएको छ । दुवै घटनामा प्रहरीले अदालतबाट म्याद थप गरी अनुसन्धान जारी राखेको छ ।






सम्पादकीय

# पराजुली प्रकरणको पाठ

लामो समयदेखि विवादको घेरामा तानिएका गोपाल पराजुली अन्ततः प्रधानन्यायाधीश पदबाट मुक्त भएका छन् । न्यायपरिषद् सचिवालयले उमेर हद सात महिनाभन्दा पहिल्यै पूरा भइसकेको जानकारी गराएपछि बुधबार पराजुली स्वतः पदमुक्त भएका हुन् । सरकारी निकायहरूमा फरक–फरक जन्ममितिका नागरिकता र शैक्षिक प्रमाणपत्र पेस गरेका पराजुलीको कानुनी प्रावधानअनुसार गत साउन २१ मै पदावधि पूरा भएको प्रमाणित भएको थियो । त्यही मितिबाट सेवानिवृत्त भइसकेको पत्र थमाइए पनि उनी सेवामा रहिरहेको देखाउने मनसायले बिहीबार राजीनामा बोकेर राष्ट्रपतिकहाँ पुगेका थिए । वरिष्ठतम न्यायाधीश दीपकराज जोशीले कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेसँगै सर्वोच्च अदालतमा उत्पन्न अन्योल हटे पनि पराजुलीका खराब आचरण, हर्कत एवं कीर्ते कार्य छानबिन गरी कारबाहीको दायरामा ल्याउने दायित्व थपिएको छ । यसमा आमचासो छ । खराब क्रियाकलापमा संलग्न राज्यका उपल्ला पदाधिकारीलाई 'पदमुक्ति' का भरमा चोख्याउने परम्परा अन्त्य हुनुपर्छ । त्यसो भए मात्र मुलुकमा लोकतन्त्र क्रियाशील रहेको र विधिको शासन स्थापित भएको सन्देश जानेछ ।

जन्ममितिमा फरक–फरक तथ्य सार्वजनिक भएपछि त्यसमा जवाफ दिनुको बदला प्रश्न गर्नेहरूविरुद्ध प्रतिशोध साध्न न्यायालयको शक्ति दुरुपयोग गरेपछि पराजुली चरम विवादमा पर्दै आएका थिए । सँगै, उनले व्यक्तिगत अनुचित कर्मलाई न्यायालयसँगको मर्यादा र गरिमासँग जोडी न्यायिक इतिहासमै लज्जाजनक दृश्य मञ्चन गराए । त्यसअघि न्यायाधीश चोलेन्द्र शमशेर राणाले उनको उमेर हदका कारण पदावधि सकिएको आदेश सुनाइसकेका थिए । न्यायाधीशको आदेश र न्यायपरिषद्को सूचनापछि पनि जबरजस्ती प्रधानन्यायाधीश बनिरहने उनको दुस्साहस बिहीबार निरर्थक साबित भएको छ ।

जन्ममिति विवादमा परेर बहालवाला प्रधानन्यायाधीश पदमुक्त भएको न्यायिक इतिहासमै यो पहिलो घटना हो । पराजुलीको हठ र प्रतिशोधपूर्ण मनसायका कारण सर्वोच्चमा न्यायाधीशहरूले इजलास बहिष्कार गरेको, एक न्यायाधीशले इजलासबाटै पराजुली पदमुक्त भइसकेको घोषणा गरेको न्यायिक इतिहासमा दुर्लभ दृश्य पनि देखापर्‍यो । यस प्रकरणसँगै न्यायाधीश नियुक्तिका विधि/प्रक्रिया, षड्यन्त्र, दलीयकरण, राजनीतिक दलहरूको भूमिकालगायत विषयमा अनेक प्रश्न उठेका छन् । न्यायालयको गरिमाप्रति चिन्ता र चासो पनि प्रकट भएका छन् । यी प्रश्न, चिन्ता र चासो न्यायालयलाई निष्पक्ष र विश्वसनीय बनाउँदै न्यायिक सर्वोच्चता कायम गर्न नै लक्षित हुन् । त्यसैले यो प्रकरण सम्बन्धित सबैका लागि पाठ बन्न सक्नुपर्छ ।

जन्ममितिमा प्रश्न उठाउने डा. केसीविरुद्ध अवहेलना मुद्दा दायर गर्दै तत्काल आदेश जारी गराएर रातारात पक्राउ गर्नुले पराजुलीको प्रतिशोधपूर्ण कार्यशैलीलाई झल्काउँछ । जन्ममितिबारे तथ्य सार्वजनिक गर्दा कान्तिपुरमाथि पनि पूर्वाग्रहपूर्ण ढंगले अवहेलना मुद्दा लगाएर आफैं अन्तरिम आदेश जारी गर्दै उनले प्रेसमाथि नियन्त्रण (प्रि–सेन्सरसिप) लगाउन खोजेका थिए । उनका पालामा गरिएका विभिन्न अन्तरिम आदेशका कारण करिब ६१ अर्ब रुपैयाँ राजस्व प्रभावित हुने अवस्था आयो । मुख्य न्यायाधीशमा आफन्तलाई सिफारिस गर्न भ्याए । पराजुलीको कार्यकाल शक्ति दुरुपयोग, विवादास्पद फैसला र आदेशहरूमै बित्यो । यसले उनी न्यायालयलाई ध्वस्त पार्न उद्यत रहेको देखाउँछ ।

लोकतन्त्रमा जिम्मेवार निकायका सबै पदाधकारी आआफ्ना सीमामा बस्नुपर्छ । तर पराजुलीले त्यसको ख्याल गरेनन् । त्यसैले पनि न्यायालयबाट उनको शीघ्र बहिर्गमन अत्यावश्यक थियो । अन्ततः न्यायपरिषद् सचिवले बुधबार न्यायपरिषद् ऐनको दफा ३१ अनुसार पराजुलीलाई पदमा नरहेको जानकारी गराएपछि उनी पदमुक्त भए । अभिलेख राख्ने निकायले दिएको जानकारीलाई अन्यथा लिइनु हुँदैन । यो र लोकमानसिंह कार्की प्रकरणले जसले जे गरे पनि हुन्छ भन्ने अवस्था रहेनछ भन्ने देखाएका छन् । यो राज्यको प्रणाली सबै बिग्रिसकेको रहेनछ, कुनै एउटा कमजोर/लापरबाह भए अर्काले नियन्त्रण एवं नियमन गर्न सक्छ भन्ने सन्देश पनि हो ।

पराजुलीका बेग्लाबेग्लै जन्ममिति उल्लेख भएका कागजात सार्वजनिक भएका थिए । त्यही आधारमा उनको ६५ वर्षे उमेर हदका कारण २०७४ साउन २१ मै पदावधि सकिएको हामीले लेख्दै आएका थियौं । नागरिक अभियन्ता डा. केसीले समेत त्यही विषयलाई निरन्तर आवाज उठाउँदै आएका थिए । न्यायाधीशको नक्कली योग्यता र नागरिकतासम्बन्धी प्रश्नलाई न्यायालयको अवहेलनासँग जोडेर कान्तिपुर र डा. केसीलाई मुद्दासमेत दायर गरिएको थियो । प्राकृतिक न्यायको सिद्धान्तविपरीत तत्कालीन प्रधानन्यायाधीश पराजुलीले अवहेलनासम्बन्धी मुद्दा आफ्नै इजलासमा तोक्दै आएका थिए । यसले पनि उनको प्रतिशोधपूर्ण मनसायलाई प्रतिबिम्बित गर्थ्यो । पराजुलीले आफूसँग सम्बन्धित विषयमा परेको अवहेलना मुद्दा प्राकृतिक न्यायको सिद्धान्तविपरीत आफ्नै इजलासमा राख्ने अनैतिक दृश्य प्रदर्शन गर्न कुनै कसर बाँकी राखेनन् । अर्कातर्फ महाअभियोग लगाउने पर्याप्त प्रमाण सार्वजनिक भइसक्दा समेत राजनीतिक दलहरूले मौनता साधे । प्रधानन्यायाधीशका अनुचित क्रियाकलापविरुद्ध समयमै प्रश्न उठाइदिएको भए यस्तो परिस्थिति उत्पन्न हुने थिएन ।

यतिबेलाको मूल प्रश्न योग्यतामै विवादित पराजुली र लोकमानसिंह कार्कीजस्ता पात्रले कसरी उच्च संवैधानिक पदमा नियुक्ति पाउँछन् भन्ने हो । योग्यता नपुगेका कार्कीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख बनाइयो । यस्ता अनुचित सवालमा नागरिक तहबाट बारम्बार प्रश्न र आवाज उठाइरहे पनि नियुक्तिकर्ता नेतृत्ववृत्तले कहिल्यै जवाफ दिनु आफ्नो दायित्व ठानेन । पछिल्ला समयमा संवैधानिक अंग/निकायमा पदाधिकारी नियुक्तिमा दलीयकरण, पैसा र शक्तिकेन्द्रको चलखेल, चरम खेलबाडका दृश्य नेतृत्व तहबाटै प्रदर्शन भएका छन् । अब यसको अन्त्य हुनुपर्छ ।

चार वर्षअघि इमानदार र स्वच्छ छविको पहिचान बनाएका प्रकाश वस्ती, भरतराज उप्रेतीलगायत पाँच अस्थायी न्यायाधीशलाई षड्यन्त्रपूर्वक अवकाश दिइयो । सर्वोच्च अदालतका स्थायी न्यायाधीश पदमा आश्चर्यजनक र अस्वाभाविक ढंगले 'अन्य पात्र' लाई ल्याइयो । त्यही 'चोर बाटो' बाट गोपाल पराजुलीहरू सर्वोच्च आइपुगे र न्यायिक नेतृत्वमा पुग्ने अवसर पाए । संवैधानिक परिषद् र न्यायपरिषद्मा संलग्न पदाधिकारीहरूको षड्यन्त्रकै कारण तिनीहरू बाहिरिनुपर्ने दुर्भाग्यपूर्ण परिस्थिति बन्यो । न्यायपरिषद्भित्र हुर्किएको दलीयकरण प्रवृत्तिकै कारण यसबीचमा न्यायाधीश पदको शपथ लिएर पार्टी कार्यालयमा 'आशीर्वाद' लिन गएको दृश्यसमेत देखियो । न्यायाधीश सिफारिस गर्ने न्यायपरिषद्मा न्यायाधीशभन्दा राजनीतिक पृष्ठभूमिका व्यक्तिको संख्या बढी हुने व्यवस्था गरिएपछि नै नियुक्तिमाथि प्रश्न उठ्न थालेको हो । त्यसकारण न्यायपरिषद्को वर्तमान संरचनामा आमूल परिवर्तन गरिनु जरुरी छ ।

नियुक्तिअघि संसदीय सुनुवाइको प्रावधान 'कर्मकाण्डी' मा सीमित हुनु अर्को कमजोरी हो । न्यायाधीश हुँदाका बखत भएका अनेकन विवादित फैसलाका शृंखलाकै बीच पराजुली संसदीय समितिबाट अनुमोदित हुँदै प्रधानन्यायाधीश हुनु विडम्बनापूर्ण थियो । मेडिकलसम्बन्धी प्रकरणहरूमा 'जता पराजुली उतै रिट' पार्ने र आदेशमार्फत् मेडिकल माफियाहरूलाई फाइदा पुर्‍याएको विषयमा तथ्यगत समाचार कान्तिपुरले प्रकाशनमा ल्याइसकेको थियो । नियुक्तिपछि पनि थप तथ्य–प्रमाण सार्वजनिक भइरहँदा र विवादास्पद फैसलाले निरन्तरता पाइरहँदा पनि राजनीतिक दलहरू पराजुलीविरुद्ध महाअभियोग प्रस्ताव संसद्मा लैजान चुके । त्यसैले संवैधानिक अंग/निकायमा पदाधिकारीमा सक्षम, योग्य र निर्विवाद आउने गरी नियुक्तिको विधि र प्रक्रियामा परिमार्जन आवश्यक छ ।

शक्तिको चरम दुरुपयोग गरेका लोकमानसिंह कार्की राजनीतिक दल र सम्बन्धित निकायको नालायकीका कारण भागेर विदेश पुगे । कार्कीको कार्यकालका अख्तियार दुरुपयोगमाथि राज्यका कुनै निकायबाट छानबिन नहुनु 'दण्डहीनता'को पराकाष्ठा हो । यो स्थिति पराजुलीका सन्दर्भमा दोहोरिनु हुन्न । गल्ती गर्नेलाई उन्मुक्ति दिँदै जाने हो भने गलत माध्यमबाट पदमा पुग्ने र शक्ति दुरुपयोग गरेर अराजकता मच्चाउने प्रवृत्ति रोकिन सक्दैन । पराजुलीका किर्ते कागजात, सम्पत्तिलगायत सवालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राज्यका अन्य सरोकारवाला निकायले अनुसन्धान गरी उनलाई कारबाहीको दायरामा पुर्‍याउनुपर्छ । यस्तै, अर्बौं रुपैयाँ राजस्व प्रभावित हुने गरी उनले गरेका फैसलाहरू पुनरावलोकन गरेर राज्यलाई नोक्सानी हुनबाट जोगाउनुपर्छ । न्यायालयभित्र गरेका गलत निर्णयहरूमाथि पनि छानबिन हुनुपर्छ । अब न्यायालयलाई बलियो बनाउनेतर्फ केन्द्रित हुनुपर्छ । न्यायमूर्तिहरूबाट हुने छिटोछरितो र निष्पक्ष न्यायसम्पादनले न्यायालयप्रति नागरिकमा विश्वास र भरोसा बढाउँछ । त्यही विश्वास र भरोसाले न्यायालयलाई सम्मानित, मर्यादित र शक्तिशाली बनाउने हो । त्यसैले न्यायाधीशहरूको ध्यान अब त्यसतर्फ हुनुपर्छ । सक्षम, योग्य र निर्विवाद व्यक्तिलाई न्यायसम्पादन गर्ने ठाउँमा पुर्‍याउने गरी विधि तय गर्ने जिम्मेवारी पनि सरकारले पूरा गर्नैपर्छ ।

# चिनियाँ राजनीति र नेपाल



**ध्रुव कुमार**

चीनको शासकीय पद्धतिबाट प्रभावित भई त्यसलाई लागू गर्ने अवस्था नभए पनि प्रधानमन्त्री ओलीले भ्रष्टाचारविरुद्धको शून्य सहनशीलताको प्रण कार्यान्वयन गर्नकै निम्ति चीनबाट सिक्ने कि ?

सन् २०१३ मा चिनिया राष्ट्रपति सी चिनफिङसित नौ घण्टाको संवाद र वार्तापछि पूर्वअमेरिकी राष्ट्रपति बाराक ओबामाले चीनमा माओपछिका शक्तिशाली नेता भनेका थिए । वर्तमान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सीबारे आफ्नो मन्तव्य राख्दै २०१७ मा ओबामाकै कथ्य दोहोर्‍याएका थिए । आफ्नो १० पल्टको असफल प्रयासपछि १९७३ मा मात्र चिनियाँ कम्युनिस्ट पार्टीको सदस्यता लिन सफल सीले पार्टीको विभिन्न संगठनात्मक अंगमा कार्यरत भई महत्त्वपूर्ण महासचिवको ओहदामा पुग्नुसितै संविधानअनुसार महासचिव नै राष्ट्राध्यक्ष हुने प्रचलन कायम भएपछि गत अक्टोबरमा सम्पन्न १९ औं महाअधिवेशन लगत्तै यस वर्ष मार्च ५ देखि बसेको राष्ट्रिय जनकांग्रेसको अधिवेशनद्वारा राष्ट्रपतिको दुई कार्यकालको संवैधानिक व्यवस्था खारेज गरी उक्त पदमा आजीवन कायम रहन सक्ने प्रस्ताव पारित गराएका छन् । उक्त प्रस्तावका पक्षमा २,९५८ र विपक्षमा जम्मा २ जनाको मत परेको हुँदा त्यसमा विवाद र बहस निरर्थक भए पनि चीनमा विकसित राजनीतिक परिवेशले विश्वकै ध्यानाकर्षण गरेको छ ।

यसो हुनुको मुख्य दुई कारण छन् । एक, तंग सीयाओ फिङले सामूहिक नेतृत्वको अवधारणा अघि सारी माओकालीन शक्ति दुरुपयोग गर्ने अवस्था नदोहोरियोस् भनेर १९८२ देखि आलंकारिक भए पनि राष्ट्रपतिको दुई कार्यकालको संवैधानिक व्यवस्था गरेका थिए । यो व्यवस्था पार्टीका महासचिव केन्द्रीय सैनिक आयोग, २०१३ मा स्थापित पार्टीको राष्ट्रिय सुरक्षा परिषद्को अध्यक्षका साथै प्रान्तीय सरकारहरूमा पकड जमाएका सी चिन फिङले राष्ट्रिय जनकांग्रेसको अधिवेशनबाट आजीवन राष्ट्रपति हुने अभिभाराको 'लालमोहर' लिएका छन् । चिनियाँ कम्युनिस्ट पार्टीका महासचिवलाई राष्ट्रिय जनकांग्रेसको सर्वाधिक समर्थन रहनु भनेको वैधानिकता पाउनु नै ठहर्छ । हुन त पार्टीको ९ करोड सदस्य समर्थित महासचिव सीलाई 'रबरस्ट्याम्प' कै रूपमा रहेको जनकांग्रेसको अनुमोदन लोकलाजबाट जोगिने उपाय मात्र हुन सक्छ । दोस्रो, राज्यव्यवस्थाको सन्दर्भमा पार्टीको एकलौटी नियन्त्रण हुनुपर्ने विषयमा सम्झौता नगरे पनि राज्य र पार्टीलाई अलग राखी सरकारको दैनिक सञ्चालन प्रक्रियामा पार्टीले दखल दिन नहुने तंगको उद्देश्य थियो । ताकि पार्टीको एकमना राज्य अधिनायकवादबाट सर्वसत्तावादतिर उन्मुख नहोस् । तर १९ औं पार्टी महाधिवेशनमा आफ्नो स्पष्ट धारणा राख्दै सीले तंगको विचारप्रति असहमति जनाएका थिए । उनको विचारमा 'सरकार, सेना, समाज र प्राज्ञहरू (गोलार्द्धको) उत्तर, दक्षिण, पूर्व र पश्चिमजस्तै समान रूपले महत्त्वपूर्ण भए पनि त्यसको केन्द्रमा पार्टी रहेको छ । पार्टीले नै सबैको नेतृत्व गरेको छ ।' महासचिव सीको यो भनाइ माओकालीन 'पोलिटिक्स इन कमान्ड' कै अवधारणाको प्रारूप भएकाले यसले तंगको १९८० मा पोलिटब्युरो सम्बोधनमा पार्टी र राज्यबीच लक्ष्मणरेखा कोर्ने आह्वानलाई विस्थापित गरेको छ ।



शक्तिशाली नेताहरूले मुलुकको परिस्थिति आफू अनुकूल ढाल्न चाहनु कुनै अपवाद होइन । आफ्नो निहित स्वार्थ पूर्तिको निम्ति संविधान संशोधन मात्र होइन, पुनर्लेखन समेत गर्न चुक्दैनन् सत्ताधारीहरू । जसले गर्दा आफ्नो नेतृत्वको सत्तावधि अजम्बरी होस् र विपक्षीहरू निरीह बनून् । लोकतान्त्रिक व्यवस्थामा यस्तो हुनु अवसाद भनिन्छ । तर लोकतान्त्रिक पद्धतिका उपज नेताहरू नै पनि तानाशाही र सर्वसत्तावादी भएको विश्व इतिहास साक्षी छ । चीन त यसै पनि एक दलीय राज्य हो । शक्तिशाली दल र त्यसको प्रतिष्ठामा आँच आउनुले चीनको सार्वभौमिकतासमेत ह्रास हुन सक्ने मनोवैज्ञानिक आशंकाबाट चिनियाँ नेतृत्व वर्ग अझै मुक्त हुन सकेको छैन । चिनियाँ जनताको आशा र अपेक्षाको मूल नै पार्टी रहेको तथ्य सबैले स्विकारेका छन् । तसर्थ चीनमा विकासका क्रममा वैभवसितै भ्रष्टाचारको फैलदो जालोबाट प्रभावित पार्टी संरचनाको कारण सर्वसाधारणमा पार्टीप्रतिको आस्था घट्दै गएको महासचिव सीले प्रत्यक्ष अनुभव गरेका छन् । उनी पार्टीको केन्द्रीयस्तरमा पुग्नुअघि नै १९९१ मा फुजियन प्रान्तको मध्यमस्तरीय नेताको रूपमा कार्यरत छँदै 'राजनीति धन्दा होइन, सेवा हो' भनेका थिए । यही अवधारणाले अभिप्रेरित सीले २०१२ को १८ औं पार्टी अधिवेशनपछि मुख्य नेता (कोर लिडर) अथवा चिनियाँ भाषामा 'लिङस्यु' (अति मान्यवर व्यक्ति) को उपमा पाएपछि आफ्नो पहिलो ५ वर्षे कार्यकालदेखि नै व्याप्त भ्रष्टाचारविरुद्धको अभियान छेडेका छन् । यसले गर्दा पार्टीभित्र र बाहिरका सम्भ्रान्त वर्ग उनीप्रति आशंकित छन् । तर गृहनीतिमा पूर्ण पकड हुनुका साथै भ्रष्टाचारविरुद्धको अभियान प्रशंसनीय हुनुकै कारण उनी अर्को ५ वर्षे कार्यकालभन्दा पनि बढी सत्तामै रहने अनुमान १९ औं पार्टी महाधिवेशनताका नै गरिएको थियो, जुन अहिले सत्य साबित भएको छ ।

चीनमा शक्तिशाली नेतृत्वको उदय हुनुको अर्को सम्भावित अनुकूल कारण विश्वराजनीति, खासगरी पश्चिमेली स्थापित लोकतान्त्रिक मुलुकहरूमा जबरजस्त देखा परेको दक्षिणपन्थी धार, लोकतान्त्रिक मान्यताको अवमूल्यनका साथै अनिश्चितता र अन्योलले गर्दा चिनियाँ जनतामा बढेको स्थिरता र स्थायित्वको चाहनाले पनि हुन सक्छ । यही सन्दर्भमा विश्वका एक मात्र महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिसमेत घरभित्रै कमजोर र विवादित भएका छन् । विश्व रंगमञ्चमा अनपेक्षित तवरबाट अमेरिकाको साख गिरेको छ । युरोजोन ब्रेक्जिटले गर्दा चर्केको छ । यही परिप्रेक्षमा बेइजिङ विश्वविद्यालयअन्तर्गतको समसामयिक चीन अनुसन्धान केन्द्र (रिसर्च सेन्टर फर कन्टेम्पोररी चाइना) को सहयोगमा चीनका ५० सहरका छानिएका जिल्लाहरूको सर्वेक्षणद्वारा पश्चिमेली लोकतन्त्रप्रति चिनियाँ जनता त्यति विश्वस्त नरहेको पुष्टि भएको तथ्य ब्रुस जे. डिक्सनले २०१६ मा प्रकाशित आफ्नो पुस्तक 'दि डिक्टेटर्स डेलिमा' मा लेखेका छन् । जनताको जीवनस्तर उकासिनुसितै अन्तर्राष्ट्रिय सन्दर्भमा समेत चीनको प्रभाव बढ्नाले चिनियाँ जनतामा आत्मविश्वास बढेको हुँदा तिनीहरू पश्चिमेली लोकतन्त्रमा झाँगिँदै गएको दक्षिणपन्थी धार र राजनीतिक अस्थिरताको सट्टा स्थिरता र स्थायित्व रोज्छन् । यो निष्कर्षले चिनियाँ जनमत लोकतान्त्रिक पद्धतिप्रति अझै उदासीन रहेको झल्काउँछ ।

माओकालीन उथलपुथलबाट अहिले चीन मुक्त छ । तर यो उथलपुथलको ऐतिहासिकता नै चीनको विद्यमान आर्थिक विकास, वैभव तथा स्थायित्वको आधारशीला रहेको भनाइप्रति महासचिव सी सहमत छन् । यसैले सी चिनफिङले सर्वसत्तावादी भएर चीनलाई माओकालीन अवस्थामा पुर्‍याउन खोज्ने हुन् कि भनी व्यक्त आशंका निराधार नभए पनि त्यसको सम्भाव्यता भने न्यून छ । किनकि माओकालीन चीनको 'क्यापिटलिस्ट रोडर्स' प्रतिको आक्रामक सांस्कृतिक क्रान्ति वर्तमान चीनमा सम्भव छैन किनभने त्यसबेला पार्टी नै माओको कोपभाजनको सिकार भएको थियो, जसले गर्दा चरम वामपन्थी चण्डाल चौकडी (ग्याङ अफ फोर) को अवसरवादलाई हुर्काएको थियो । त्यस्तो परिस्थिति दोहरिएमा चीनलाई आर्थिक र सामरिक विकाससितै 'बीआरआई' को कार्यान्वयन गर्दै समुन्नत महाशक्ति राष्ट्रको स्तरमा उभ्याउने सीको महत्त्वाकांक्षा धराशायी हुनेछ । तसर्थ सीले माओको गल्तीबाटै सिकेर अगाडिको बाटो तय गर्नेछन् । उनले राष्ट्रपतिका रूपमा सत्तामा निरन्तरता खोज्नुको प्रमुख कारण नै भ्रष्टाचारमुक्त, सुशासन र अनुशासित गृहनीति र अन्तर्राष्ट्रिय स्तरमा चीनको प्रभावशाली उपस्थितिको जगेर्ना गर्नु रहेको छ । भ्रष्टाचार निर्मूल गर्ने उद्देश्यले नै उनले अति शक्तिशाली निकाय गठन गरेका छन्, जुन न्यायपालिकाभन्दा बढी प्रभावकारी हुनेछ । त्यस्तै अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ र परिस्कृत गर्न केन्द्रमा अनुभवी र दक्ष व्यक्तिहरूको विदेशनीति समूह गठन गरेका छन् । विश्वमै सबै मुलुकको दाजोमा बढी विदेशी मुद्रा सञ्चिति भएको चीनले आफ्नो उद्देश्य पूर्तिकै निम्ति पनि मित्र राष्ट्रहरूलाई आवश्यकताअनुसारको आर्थिक टेवा पनि दिनेछ ।

चीनमा विकसित आन्तरिक राजनीतिक घटनाक्रमसित हामीले किन सरोकार राख्ने कसैले भन्लान् । साधारणतया यो हाम्रो चासोबाहिरकै विषय हो । हामी पनि नेपालको आन्तरिक राजनीतिमा अरुले चियो चर्चा नगरून् भन्ने नै चाहन्छौं । तर चीन हाम्रो साँध जोडिएको निकट छिमेकी मात्र नभई विश्व राजनीतिकै प्रमुख पात्रहरूमध्येको शीर्षस्थ राष्ट्र पनि हो भनी हामीले बिर्सनु हुँदैन । त्यसैले चीनमा सरकारी तहमा हुने फेरबदल, त्यहाँको राष्ट्र प्रमुखको निर्दिष्ट धारणा, नीति तथा निर्णयले विश्वराजनीतिसमेत प्रभावित हुने सम्भावनाको कारणले पनि नेपाल अछुतो रहन सक्दैन । चीनसित हाम्रो द्विपक्षीय सम्बन्ध सरकारी स्तरमा उच्चस्तरीय भ्रमणका साथै पार्टी–पार्टीबीचको सम्बन्धमा मात्र सीमित छैन । न चीनको उपस्थिति अब भव्य दूतावास भवनले मात्र जनाउँछ । सरकारी स्तरमा चीनको लगानीसितै नेपालमा पर्यटक आगमन र पर्यटन व्यवसायमा चीनको लगानी बढ्नु र काठमाडौंकै घना बस्तीभित्रै 'चाइना टाउन' समेत स्थापित भएको छ । चीनको 'सफ्ट पावर' प्रयोग 'कन्फुसियस स्कुल' र छात्रवृत्तिमा मात्र सीमित छैन । नेपाल र चीनबीच पारवाहन सन्धिसितै हामीले चीनको 'बीआरआई' योजनामा सहभागिता स्विकारेका छौं । आफ्नो महत्त्वाकांक्षी योजनाको कार्यान्वयनकै निम्ति अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो सम्पर्क र सान्दर्भिकता कायम गर्नकै लागि पनि सी चीनफिङलाई राष्ट्रपति पदको कार्यविधि सीमितता खारेज गर्नुपर्ने बाध्यता महसुस भएको हुन सक्छ । उनी पार्टीको शक्तिशाली महासचिव भए पनि राष्ट्रपतिको ओहदाबिना विश्वराजनीतिको निर्णायक तहमा उनको सम्पर्क, संवाद र बर्चश्व कायम रहन सक्नेछैन । यसैले उनी राष्ट्राध्यक्ष नै रहेर २०२२ पछि पनि विदेश नीति नियन्त्रण र सञ्चालन गर्न सक्रिय हुन चाहन्छन् ।

सी चिनफिङको यो निर्णय आशंका रहित भने छैन । कतिपय विश्लेषकहरू उनी सर्वसत्तावादी हुन खोजेको तर्क गर्छन् । हामी आफैंकहाँ वाम गठबन्धनले निर्वाचन जित्दा कतिपयले 'अब सिद्धियो' भनी सुस्केरा हालेका थिए र छन् पनि । अझ दक्षिणी छिमेकमा ८ रेक्टर स्केलको भुइँचालोसमेत गएको थियो । वाम गठबन्धनले करिब दुई तिहाइ मतद्वारा संसदीय निर्वाचन जित्नु, संसद्मा गठबन्धन सरकारले दुई तिहाइभन्दा बढी विश्वासको मत पाउनु, संसद्को दुवै कित्तादेखि राष्ट्रपति र उपराष्ट्रपतिसमेत गठबन्धन सरकारको दाहिना पर्नुबाट प्रधानमन्त्री केपी ओली नेपालको लोकतान्त्रिक इतिहासकै सर्वथा शक्तिशाली सरकार प्रमुख भएका छन् । प्रतिपक्षले ओलीमा शक्तिको दम्भ र सर्वसत्तावादी हुन सक्ने गन्ध पाउनु अस्वाभाविक होइन । तर हामीले बहुलवादी, बहुदलीय लोकतान्त्रिक पद्धति अनुसरण गरेका छौं । हामीकहाँ अभिव्यक्ति स्वतन्त्रता छ, प्रेस जीवन्त छ र जनता बन्देजपूर्ण जीवनको विपरीत सोचाइका छन् । त्यसैले सरकारको अभीष्ट शक्तिको सदुपयोग हुनुपर्छ, जसले गर्दा सर्वसाधारण जनताले परिवर्तनको आभास गर्न सकून्, जनताको जीवनस्तर उकासिनुसितै राष्ट्रिय हितको संवर्द्धन हुन सकोस् ।

चीनमा राष्ट्रपति सीले भ्रष्टाचारलाई देश विकासको मुख्य बाधक र पार्टीको सबैभन्दा ठूलो शत्रु भनी त्यसविरुद्धको अभियानलाई अझै सशक्तता प्रदान गरेका छन् । गत ५ वर्षको कार्यकालमा उनले सेनाका उच्चपदस्थदेखि पार्टीका शक्तिशाली नेताहरूलाई भ्रष्टाचारको निम्ति छुट दिएनन् । हामीकहाँ भने चुनदाम नभएकाहरूले अकूत सम्पत्ति कमाएकामा राजनीतिक संरक्षण पाएका छन् । तिनीहरू नै अचेल सम्भ्रान्त वर्गमा दरिएका छन् र तिनीहरूकै हालीमुहाली चलेको छ । पार्टी राजनीति तिनीहरूले नै धानिदिएको गलत सोचाइका कारण नेताहरूले शक्ति दुरुपयोग गर्दै आएका छन् । भ्रष्टाचारी आचरणले न्यायको पवित्र स्थलसमेत बिथोलिएको छ । चीनको शासकीय पद्धतिबाट प्रभावित भएर त्यसलाई लागू गर्ने अवस्था नभए पनि प्रधानमन्त्री ओलीले भ्रष्टाचारविरुद्धको शून्य सहनशीलताको प्रण कार्यान्वयन गर्नकै निम्ति पनि सी चिनफिङको चीनबाट केही सिक्ने कि ? अहिलेलाई कमसेकम वर्ष दिनको विकास बजेट असार महिनामा मात्र खर्च गर्ने चलन रोक्नसके पुग्छ ।

## पाठक मञ्च

### विवादित न्यायालय



इतिहासमै नभएको जात्रा यतिखेर सर्वोच्च अदालमा भइरहेको छ । प्रधानन्यायाधीश गोपाल पराजुलीको नागरिकता तथा शैक्षिक प्रमाणपत्रमा देखिएको कैफियतले गर्दा न्यायालयमाथि प्रश्नचिह्न खडा भएको छ । पराजुलीले प्रस्तुत गरेका नागरिकताले कार्यकाल समाप्त भएको भन्दै रोलक्रममा उभिएका न्यायाधीशले विवाद गर्दै इजलासमा काम गर्न छाडे र बहिष्कार गर्ने न्यायाधीशको संख्या थपिँदै गयो र न्यायपरिषद्ले पराजुलीको उमेरसम्बन्धी विवादमा गत साउन २१ मा अवकाश भइसकेको उल्लेख गरी पत्र पठाएपछि पदमुक्त हुन पुगे । सर्वोच्च अदालतका प्रधान न्यायाधीशले किर्ते गरी आफ्नो कार्यकाल लम्ब्याउन खोजेको देख्दा न्यायालप्रति विश्वास कम हुनुको साथै न्यायामूर्तिप्रति शंकाले हेर्नुपर्ने अवस्था आएको छ । राष्ट्रपतिको निर्वाचन सम्पन्न भएको छ । राष्ट्रपतिमा विद्यादेवी भण्डारी निर्वाचित भएपश्चात् शपथ कोबाट लिने भन्ने प्रश्न देखिए पनि अन्ततः पदमुक्त प्रधानन्यायाधीशबाटै शपथ लिने काम पनि सम्पन्न भइसकेको छ । राष्ट्रपतिको शपथ प्रधानन्यायाधीशबाट हुने कानुनी प्रावधान छ तर प्रधानन्यायाधीशले पेस गरेको नागरिकतालाई आधार मान्ने हो भने कार्यकाल समाप्त भइसकेको हुनाले शपथ कार्यक्रम केही दिनका लागि रोकेको भए पनि हुने थियो ।

**– प्रमोद पौडेल**
*श्रीपुर-११, वीरगन्ज*

### यथार्थ बुझेर दोष लगाऔं

फागुन ३० गते प्रकाशित मधु राईले लेख्नुभएको 'अमेरिकी दूतावासलाई प्रश्न' को विषयमा केही कुरा भन्न मन लाग्यो । विषय वा प्रसंगले अर्को अर्थ नलागेमा मैले यहाँ अमेरिकी दूतावासको प्रतिरक्षा गर्न खोजेको चाहिं होइन । अरूलाई दोष दिनुपूर्व आफूबाट भएका गल्ती कमजोरीलाई खोजी गरौं भन्न खोजेको मात्र हो । हामी आम नेपाली अरूको दोष खोज्न र अरूलाई दोषी देखाउन माहिर छौं, यो कुरामा दुईमत नहोला । प्रस्तुत लेखमा लेखकले आफूले भिसा नपाएको दोष अमेरिकी दूतावासलाई दिँदै त्यसको कारकतत्त्वको रूपमा नेपाली जनताको गरिबी र अमेरिकी दूतावासको ज्यादतीका रूपमा प्रस्तुत गर्न खोज्नुभएको जस्तो देखियो । जहाँसम्म ९० प्रतिशतले भिसा नपाउने कुरा छ, त्यसमा बहुसंख्यक विद्यार्थी भिसा र युवाहरूले गरेको आवेदनमा यो सत्य देखा पर्छ । तर जहाँसम्म छोराछोरीहरूको दीक्षान्त समारोहमा बाबुआमालाई भिसाको कुरा छ, अधिकांशले त्यो पाएका हुन्छन् । भिसा नदिएको खण्डमा पनि नदिनुको कारणको कारकतत्त्वको केही सुइँको चाहिं उनीहरूले दिन खोजेका हुन्छन् ।

मधु राईको सन्दर्भमा चाहिं उहाँ छोरीको दीक्षान्त समारोहका लागि जान खोज्दा भिसा नपाउनुको कारकतत्त्वमा छोरा देखिएका छन् । उहाँले अमेरिकी दूतावासलाई दोष दिनुभन्दा पहिले छोरालाइ दुइटा कुरा सोध्नुपर्‍यो १) उसले आफ्नो पढाइ चालु राखेको छ वा छोडिसक्यो ? २) उसले भिसाका लागि आवेदन गर्दा दूतावासमा प्रस्तुत गरिएको सम्पत्ति विवरणमा केके उल्लेख गरिएको थियो, कति वटा घर भनी उल्लेख गरिएको थियो ? त्यसपछि आफ्नो कारणबाट गल्ती नभए मात्र अरूलाई दोषारोपण गर्नु ठीक हुन्छ ।

यहाँ अर्को उदाहरण पनि प्रस्तुत गर्न चाहन्छु । एक आमाबुबाले छोरीको दीक्षान्त समारोहका लागि अमेरिका जान फारम भरे, दुई छोराछोरीका बाबुआमा ती, छोरी अमेरिकामा छोराचाहिं अस्ट्रेलियामा । उनीहरूलाई पनि छोरा कहाँ छ अहिले भनेर सोधेछन् । उनीहरूले पनि सही उत्तर दिए । कति भयो गएको भनेर सोधेछन, फेरि सही उत्तर दिए ३ वर्ष भो भनेर । उनीहरूले पनि भिसा पाएनन् , दोष अमेरिकी दूतावासलाई दिँदै गाली गरे तर आफ्नो गल्ती देखेनन् । गरेछन् के भने छोरा ३ वर्षदेखि अस्ट्रेलिया बसिरहेको छ, ६ महिनाअघि बनाएको राहदानीमा चाहिं केही गरी आपतकालीन भएमा नेपालमा सम्पर्क गर्ने व्यक्तिको नाममा चाहिं त्यही अस्ट्रेलिया बस्ने छोराको नाम लेखेका रहेछन् । छोराछोरीको दीक्षान्त समारोहका लागि जान खोज्दा भिसा नपाउनुमा यस्ता विविध कारण हुन सक्छन्, जसलाई हामीले ध्यान दिन सकेका हुँदैनौं ।

**– नवीन घिमिरे**
*काठमाडौं*

### कार्यालयसँग छैन रेकर्ड

सरकारले चैत १ गतेदेखि २० वर्षे पुराना गाडी विस्थापन गर्ने निर्णय गर्‍यो किनकि ती पुराना गाडीका धूवाँले प्रदूषण बढाएका कारणले पार्ने वातावरणीय असरले केही भए पनि मुक्ति पाउने देखियो । यसरी थोत्रा गाडी हटाउँदा जनतालाई केही थोरै राहत पनि हुन सक्ने अपेक्षा सरकारको हुन सक्छ । जामको समस्याबाट मुक्त हुन केही हदसम्म सहज होला भन्ने ठम्याइमा सरकार पुगेको होला पनि । तर कति छन् त त्यस्ता पुराना गाडी भन्ने यकिन लागत यातायात कार्यालयसँग रहेनछ । निजी क्षेत्रले लगभग ६-७ हजार होलान् भनी अनुमान गर्न सके पनि सम्बन्धित यातायात कार्यालयले त्यसको खास तथ्यांक देखाउन नसकेको अवस्थाबाट यातायात निकाय गुज्रिएको देखिनु लाज मान्नुपर्ने विषय हो । व्यवसायीलाई तपाईंको सवारीसाधनको च्यासिस र इन्जिन नं उल्लेख भएको सवारी दर्ता किताब अर्थात ब्लुबुक ल्याउनुहोस् तर २० वर्ष म्याद सकिएका भए हामी नियन्त्रणमा लिएर कवाडीमा पठाउँछौं भन्नु सान्दर्भिक होला ?

यातायातसँग पुराना सवारी दर्ता र त्यसका अभिलेख यथार्थपरक रहेनछन् त ? तर नियमले नै च्यापेर सवारीसाधन चलाउनै अनुकूल नभएको महसुस गराएर सवारीधनीले नै नचलाउन इच्छुक बनाउन किन विगतका पछिल्लो यातायात कार्यालयले सकेन त भन्ने पनि प्रश्न उब्जिन्छ । तर झ्यालका सिसा नभएका, ब्रेक भनेको बेलामा नलाग्ने, सेल्फ स्टार्ट नभएर धकेलेर स्टार्ट गर्नुपर्ने, धूवाँको मुस्लो फ्याँक्ने, बत्तीहरू नबल्ने, देख्दै जीर्ण र भगवान् भरोसामा चलेका गाडी भए पनि आजसम्म चल्दै आएका र तिनले आजसम्म कुनै न कुनै तरिकाले किन र कसरी छुट पाएका रहेछन् भन्नेतिर कसैको ध्यान पुगेको देखिँदैन । सबै यातायात कार्यालयमा दर्ता भएको सरकारले यदि पुराना गाडी विस्थापन नै गर्ने योजना कार्यान्वयनकै निम्ति ल्याएको हो भने सबै प्रकृतिका २० वर्ष काटेका बस, ट्रक ट्याक्सी वा राता प्लेटका भए तिनको समेत लागत उतारेर सूची तयार पार्नुपर्थ्यो र वातावरणीय प्रभाव मूल्याकनअनुसार जायज छैनन् भनी प्रमाणित गरिदिनुपर्थ्यो । र, नवीकरण रोक्नका लागि सार्वजनिक पत्राचार गराउनुपर्थ्यो ।

**– श्यामसुन्दर कुइँकेल**
*हाँडीगाउँ काठमाडौं*

### दुर्घटनाको पीडा

फागुन २८ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंमा भएको यूएस बंगलाको विमान दुर्घटनाबारे २९ गते प्रकाशित समाचारका साथै ३० गते प्रकाशित 'अब यस्तो नहोस्' सम्पादकीयले हामी नेपाली, बंगलादेशी मात्र नभएर विश्वकै नागरिकलाई धेरै दुःख लागेको छ । किनभने काठमाडौं उपत्यकाभित्र, अझ धावनमार्गमै टेकिसकेको विमान दुर्घटना हुनु, चाहे विमानचालक, परिचालक, डाक्टर बनिसकेका, पढ्दै गरेका, यातायातकर्मी, व्यापारी, विदेशी पाहुना, वैदेशिक रोजगारीका लागि परदेसिएका, अबोध बालबालिकालगायत यात्रीसमेतको अकल्पनीय मृत्युले सबैको मन दुख्नु, पीडा हुनु स्वाभाविकै हो । मृत आत्माको चिर शान्तिको कामना । समयमै उद्धार गर्ने सरकारी, गैरसरकारी सुरक्षाकर्मी र व्यवस्थापन धन्यवादका पात्र हुन् । आखिर किन यस्तो भयो ? विनाकाम केही गल्ती नभई त्यत्तिकै आगो त लागेन होला । हुन त जे जसो भएको हो, सबै कारणको छानबिन समिति समयमै गठन भई कामसमेत सुरु भइसकेको हुनाले प्रतिवेदनले सबै छर्लंग होला नै । तर उक्त दुर्घटनाको कारणका प्रारम्भिक विभिन्न अनुमान आइरहेका छन्, जसमा एयर ट्राफिक कन्ट्रोलरले समयमै विमानचालकलाई सही सूचना दिन नसकेको, एयर ट्राफिक कन्ट्रोलर र विमान चालकबीचको सञ्चारमा भ्रम परेको, त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल साँगुरो, धावनमार्ग साँगुरो र नेपाली आकाश नै अपर्याप्त भएको औंल्याइएका छन् ।

के विमान दुर्घटना नेपाली आकाशमा मात्र भएका छन् ? २८ गते नै अमेरिकामा पनि विमान दुर्घटना भएको समाचार सुनिएकै हो । विगतमा बेलायत, जापान, अफ्रिका, चीन, मलेसिया आदि देशमा पनि त विमान दुर्घटना भएका थिए, अब ती सबै देशका आकाश नै विमान उडाउनका लागि अनुपयुक्त हुन् त ? देशको राजधानी काठमाडौंको खुला स्थानमा भएको, वर्षौंदेखि आन्तरिक तथा अन्तर्राष्ट्रियस्तरबाट मान्यता प्राप्त त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई कसरी दोष दिन मिल्छ ? त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई अनुपयुक्त मान्ने हो भने भुटान, श्रीलंकाका विमानस्थललाई के भन्ने ? अर्कोतिर एयर ट्राफिक कन्ट्रोलर र यूएस बंगला विमानचालकबीचको संवाद सार्वजनिक भएकै हो, जसमा एयर ट्राफिक कन्ट्रोलरले ०.२ धावनमार्ग (दक्षिण कोटेश्वरतिर) बाट आउने आदेश दिँदादिँदै २.० (उत्तर बौद्धतर्फ) बाट जहाज उतार्न किन खोजियो ? जबकि २.० रुट खाली नै देखिन्थ्यो ।

**– गंगाराज अर्याल,**
*पाणिनी-८, पाली अर्घाखाँची*

# 'स्मार्ट सिटी' कसरी बनाउने ?



**किशोर थापा**

स्थानीय तहको निर्वाचनमा नगरपालिकामा मेयर र उपमेयरका उम्मेदवारले आ-आफ्नो नगरलाई छरितो सहर अर्थात् 'स्मार्ट सिटी' बनाउने उद्घोष गर्दै चुनाव उठे र कतिपय निर्वाचित पनि भए । त्यसैगरी प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनमा पनि धेरै दल र तिनका उम्मेदवारले 'स्मार्ट सिटी'को नारा जोडदार रूपमा उठाएका थिए । उनीहरूमध्ये कतिपय प्रदेशका मुख्यमन्त्री वा मन्त्री नियुक्त भइसकेका छन् र त्यो एजेन्डा बोकेर प्रतिनिधिसभामा निर्वाचित भएका सांसदहरू पनि मन्त्री नियुक्त हुने क्रममा छन् । सञ्चार माध्यम, विभिन्न सभा, गोष्ठीमा छरितो सहरको चर्चा निकै हुनथालेको छ । विकसित देश जस्तै- अमेरिका, द. कोरिया, जापान, सिंगापुर र विकासशील देश जस्तै- मलेसिया, चीन, भारतमा पनि छरितो सहर निर्माण भइरहेका छन् र अरु देशले त्यसको अनुकरण गर्दैछन् । सुरुमा सूचना प्रविधिको क्षेत्रबाट अघि सारिएको छरितो सहरको अवधारणा अहिले सहरी विकासको एउटा आकर्षक मोडलको रूपमा विकासोन्मुख देशमा पनि व्यापक छलफलको विषय बनिसकेको छ ।

नेपालमा पनि सूचना प्रविधि र सहरी विकासका क्षेत्रमा कार्यरत विज्ञहरू छरितो सहर सम्बन्धी नीति निर्माण, योजना र कार्यक्रम तर्जुमा र कार्यान्वयनमा संलग्न हुँदैछन् । तर बाहिरबाट आयातित यो अवधारणालाई नेपालको सन्दर्भमा कसरी व्यावहारिक बनाउने र छरितो सहरको नेपाली मोडल कस्तो हुने भन्ने विषयमा अझ धेरै विचार-विमर्श गर्नुपर्ने आवश्यकता छ । नेपालका राजनीतिकर्मीहरूको जिब्रोमा झुन्डिएको 'स्मार्ट सिटी'को पर्यायवाची नेपाली शब्द के हुनसक्छ भन्नेबारे धेरैमा अन्योल छ । तथापि सहरी विकासको क्षेत्रमा धेरथोर अनुभवका आधारमा यस पंक्तिकारले 'स्मार्ट सिटी'को भाव र अर्थसँग मेल खाने पर्यायवाची नेपाली शब्द 'छरितो सहर' हो भन्ने निष्कर्षमा पुगेको छ । यो आलेखको उद्देश्य छरितो सहर भनेको के हो ? र नेपालको सन्दर्भमा त्यस्तो सहर कसरी निर्माण गर्न सकिन्छ ? भन्ने विषयमा राजनीतिकर्मी, नीति-निर्माता, विकास कार्यकर्ता र आम नागरिकलाई सामान्य जानकारी दिनु हो ।

### छरितो सहर

सूचना प्रविधिका क्षेत्रमा कार्यरत विज्ञहरूले सूचना प्रविधिलाई अनिवार्य पूर्वाधारका रूपमा पहिचान गरिएको सहरलाई छरितो सहरका रूपमा मान्छन् भने वातावरणका क्षेत्रमा कार्यरत विज्ञहरूले नवीकरणीय ऊर्जाको प्रयोग भएको, ऊर्जा र पानीको खपत कम भएको, ठोस तथा तरल फोहोरको वैज्ञानिक व्यवस्थापन भएको, कार्बन तथा हानिकारक ग्यासको उत्सर्जन कम भएको, जैविक तथा नवीकरणीय ऊर्जाबाट चल्ने सार्वजनिक यातायात प्रणाली भएको, पर्याप्त खुला क्षेत्र भएको र पानीका प्राकृतिक स्रोतहरूको संरक्षण गरिएको सहरलाई छरितो सहर मान्छन् । भौतिक योजनाकारहरू योजनाबद्ध रूपमा बसाइएका, निश्चित मापदण्ड अनुसार भौतिक पूर्वाधार तथा संरचना निर्माण गरिएका साना तथा मझौला आकारका सहरलाई छरितो सहर मान्छन् । अर्थशास्त्रीहरू वस्तु तथा सेवाको छरितो उत्पादन तथा वितरण प्रणाली भएको, माग र आपूर्तिबीच उचित सन्तुलन भएको सहरलाई छरितो सहर मान्छन् । प्रशासन तथा शान्ति सुरक्षासँग सम्बन्धित विज्ञहरू सेवाग्राही र सेवा प्रदायकको भौतिक सम्पर्कविना नै नागरिकलाई छिटोछरितो सेवासुविधा प्रदान गर्न सकिने, सकेसम्म थोरै सुरक्षाकर्मी परिचालन गरेर बढी सूचना संकलन गर्न सकिने, कानुन तथा व्यवस्था कायम गर्न सकिने, सवारी व्यवस्थापन र अपराध नियन्त्रण गर्न सकिने सहरलाई छरितो सहर मान्छन् ।

औपचारिक परिभाषा देश, काल र परिस्थिति अनुसार फरक-फरक हुने भए तापनि छरितो सहरका लागि निम्न पक्ष महत्त्वपूर्ण छन् :

### छरितो बस्ती

छरितो सहर बनाउन योजनाबद्ध रूपमा बस्ती विकास हुनु जरुरी छ । नागरिकका लागि चाहिने बाटाघाटा कहाँ कस्तो बनाउने, खानेपानी तथा ढल निकास प्रणाली कस्तो हुने, कहाँ कस्तो घर बनाउने, कहाँ पार्क वा खुला क्षेत्र राख्ने, विद्यालय, स्वास्थ्य केन्द्र, बसपार्क, बजार केन्द्र कहाँ कस्तो राख्ने आदि कुराको निर्णय गर्न भौतिक योजना तयार गरी त्यही अनुसार सहरको निर्माण गर्नुपर्छ ।

अहिले नेपालमा भइरहेको अव्यवस्थित सहरीकरण, विना योजना खेतबारीमा आफूखसी भइरहेको प्लटिङ गर्ने र घर बनाउने प्रचलन, पर्याप्त सार्वजनिक सुविधाको व्यवस्था नगरी सडकका दायाँ-बायाँ ठूलठूला निजी घरमात्र बन्ने प्रवृत्ति छरितो सहर निर्माणका लागि बाधक छन् । छरितो सहर हुन जसले जहाँ जस्तो पनि भवन वा संरचना निर्माण गर्न पाउने अहिलेको छाडा प्रवृत्तिमा रोक लगाउनुपर्ने हुन्छ । बस्ती विस्तारका लागि खेतबारीमा जथाभावी घर बनाउन रोक लगाउने र जग्गा एकीकरणको माध्यमबाट पहिले सडक र ढल सञ्जाल सहितको व्यवस्थित बस्ती विकासको खाका तयार गरेपछि मात्र भवन र अन्य संरचना निर्माण गर्ने पद्धति बसाल्नुपर्छ । सहरलाई वडा, टोल र ब्लकमा विभाजन गरी पूर्वाधारको तहगत वर्गीकरण गर्नुपर्छ । जस्तै- खुला क्षेत्रको व्यवस्था गर्दा ब्लकस्तर, टोलस्तर, वडास्तर र नगर स्तरको हुनुपर्छ ।

सहरी योजनाका दृष्टिले करिब ५० हजार देखि १ लाखसम्मको जनसंख्या अट्ने सहरलाई छरितो सहरका रूपमा विकास गर्न सकिन्छ । नेपालको भौगोलिक अवस्था, पूर्वाधारको अवस्था र व्यवस्थापन क्षमताका आधारमा छरितो सहर निर्माण गर्न साना (५० हजार देखि १ लाख जनसंख्या भएका) तथा मझौला( १ लाख देखि ३ लाख जनसंख्या भएका) सहर उपयुक्त हुन्छन् । अहिले सरकारले बाराको निजगढ, रूपन्देहीको लुम्बिनी र गोरखाको पालुङटारलाई छरिता नयाँ सहरका रूपमा विकास गर्ने नीति लिएको छ र त्यस अनुसारको योजना तर्जुमा हुँदैछ । देशमा अहिले रहेका २९३ नगरपालिकामध्ये कतिपय पुराना सहर बजारहरू छन् भने कतिपय भर्खर सडक सञ्जालले जोडिएका ग्रामीण क्षेत्रहरू छन् । ती नवघोषित नगरपालिकाका उपयुक्त स्थानमा योजनाबद्ध रूपमा छरितो सहरी बस्ती निर्माण गर्न सकिन्छ । अव्यवस्थित बस्तीका हकमा भने भौतिक संरचनामा ठूलो फेरबदल नगरिकन छरितो सहरका केही सिर्जनात्मक कार्यक्रम लागू गर्न सकिन्छ । अरु देशमा सरकारका साथै निजी क्षेत्रले पनि योजनाबद्ध रूपमा सहर निर्माण गर्छन् । तर नेपालमा निजी क्षेत्रको भूमिका केही आवासीय कोलोनी निर्माण गर्ने कार्यमा मात्र सीमित छ । स्थानीय निर्वाचित तहको अभावमा विगत १५ वर्षदेखि सरकारी क्षेत्रबाट नयाँ सहरी बस्ती निर्माण गर्ने कार्य रोकिएकोमा हालै सम्पन्न स्थानीय निर्वाचनसँगै अब त्यो क्रम सुरु हुने अवस्था सिर्जना भएको छ ।

### छरितो पूर्वाधार

छरितो सहर निर्माणका लागि पूर्वाधार पहिलो आवश्यकता हो । पूर्वाधार भन्नाले सडक तथा यातायात, खानेपानी, ढल निकास, विद्युत, फोहोर-मैला व्यवस्थापन, टेलिफोन, इन्टरनेट जस्ता भौतिक पूर्वाधार तथा विद्यालय, खुला क्षेत्र, सार्वजनिक पार्क, प्रहरी चौकी, स्वास्थ्यचौकी, देवस्थल, पुस्तकालय, हुलाक, मसानघाट जस्ता सामाजिक पूर्वाधार पर्छन् । ती पूर्वाधारको निर्माण गर्दा निर्माण तथा मर्मत-सम्भार सजिलै गर्न सकिने, किफायती, वातावरण-मैत्री र महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएकाका लागि सहज हुने खालको हुनुपर्छ । सकेसम्म पैदल मार्ग, साइकल मार्ग र सार्वजनिक यातायातलाई प्राथमिकता राखी सडक तथा बाटाघाटा निर्माण गर्नुपर्छ ।



नेपालका सहरहरू रोजगारीका केन्द्रभन्दा सुविधा, उपभोग र अपराध केन्द्र बनिरहेका छन् ।

नेपाल जस्तो विदेशबाट महँगो तेल आयात गरेर सवारी साधन चलाउनुपर्ने देशमा पैदल मार्ग, साइकल मार्ग र विद्युतीय सवारी साधन चल्न सक्ने बाटोघाटो निर्माण गर्नु बुद्धिमानी ठहरिन्छ । बाटाघाटा निर्माण गर्दा भूबनोट, भौगर्भिक अवस्था र पानीको उचित निकासको राम्रो ख्याल गर्नुपर्छ । साँघुरा, अत्यधिक उकालो-ओरालो र तिखा घुम्ती भएका, फुटपाथविहीन र धुलाम्य सडकले नागरिकलाई सकसमात्र दिन्छ । निजी सवारी साधनका सट्टा सार्वजनिक यातायात प्रणालीलाई जोड दिँदै व्यस्त सहरी जीवनमा तनावमुक्त हुन सार्वजनिक उद्यान, देवस्थल, मनोरञ्जन स्थलको उचित व्यवस्था हुनुपर्छ । फोहोर पानीको व्यवस्थापन, ठोस फोहोरलाई स्रोतमा नै छुट्याएर त्यसको पुनः प्रयोग वा औद्योगिक कच्चा पदार्थका रूपमा उपयोग गर्न सकिन्छ । भवन निर्माण गर्दा सकेसम्म प्राकृतिक रूपमा प्रकाश र हावाको उपयोग गर्ने, पानी र ऊर्जाको कम खपत गर्ने, जमिन मुनिको पानीको स्रोतको पुनर्भरण हुने, भवनभित्रै वनस्पति र हरियालीको विकास गरिएको हुनुपर्छ । पूर्वाधारको निर्माणसँगै त्यसको व्यवस्थापन र मर्मत-सम्भार कसरी किफायती र सजिलो तरिकाले गर्न सकिन्छ, त्यसतर्फ पनि ध्यान पुऱ्याउन जरुरी छ ।

### छरितो सार्वजनिक सेवा

छरितो सहरमा सरकार र निजी क्षेत्रले दिने सेवालाई छरितो र किफायती बनाइएको हुन्छ । यसका लागि सूचना प्रविधिको अधिकतम उपयोग गर्दै जनसम्पर्क हुने कार्यालयहरूमा अनलाइन सेवा, सवारी व्यवस्थापन र शान्ति सुरक्षाका लागि डिजिटल कन्ट्रोल रुम, मानवरहित गस्ती (ड्रोन प्याट्रोलिङ), अनलाइन बजार सेवा, होटल, सिनेमा, बससेवा, विमान सेवाको अनलाइन बुकिङ, अनलाइन पत्रिका, इमेल, ई-बैंकिङ आदिको विकास गर्दा यातायात खर्चमा कमी आउने, समय र इन्धनको बचत हुने, भ्रष्टाचारमा कमी आउने र सेवा तथा वस्तुको उत्पादन तथा वितरण छिटोछरितो हुन्छ । यसबाट जनजीवन सहज, सरल र आरामदायी हुन्छ । अति आवश्यक वस्तु तथा सेवा प्राप्त गर्न घन्टौं लाग्ने र अनेकन तनावबाट गुज्रनुपर्ने अवस्थाबाट छरितो सहरका वासिन्दा मुक्त हुनेछन् ।

नेपालमा पनि सूचना प्रविधिको विकाससँगै धेरै प्रकारका सेवासुविधा घरै बसी प्राप्त गर्न सकिने अवस्थाको विकास हुँदै गएको छ र अझ धेरै सेवासुविधा विद्युतीय माध्यमबाट प्रवाह गर्न सकिने सम्भावना हुँदाहुँदै पनि धेरै सहरमा ब्रोड ब्यान्ड इन्टरनेटको राम्रो विकास नभइसकेकाले डिजिटल प्रविधिबाट सोचे अनुसारको लाभ लिन सकिएको छैन । त्यसका लागि नगरपालिकाहरूले आफ्ना वडा केन्द्र र नगर केन्द्रलाई अप्टिकल फाइबरबाट जोड्ने, आफ्नो छुट्टै एकीकृत विद्युतीय डाटा केन्द्र स्थापना गर्ने र नगरका विभिन्न क्षेत्रमा निशुल्क वाइफाइको व्यवस्था गर्न सक्छन् । सूचना प्रविधिको प्रयोगलाई भरपर्दो बनाउन आवश्यक जनशक्ति र उपकरणको व्यवस्था र नागरिकलाई तालिमको व्यवस्था गर्नुपर्ने हुन्छ ।

### छरिता नागरिक

सहर भनेको वस्तु तथा सेवा उत्पादन तथा वितरण हुने ठाउँमात्र होइन, यो मानव सभ्यता, साहित्य, कला तथा संस्कृतिको केन्द्र पनि हो । स्वस्थ, जाँगरिला र फुर्तिला नागरिकले नै राम्रो सहर निर्माण गर्छन् । छरितो सहर निर्माण गर्न आफ्नो कर्तव्यप्रति जिम्मेवार नागरिक आवश्यक पर्छ । कुनै सीप र दक्षता नभएका, कुनै इलम गर्न नसक्ने वा नचाहने, परजीवी, आवश्कताभन्दा बढी उपभोग गर्ने, अल्छी, असभ्य, रोगी, भ्रष्ट र आफ्ना हरेक समस्याको कारण सरकार नै हो भन्ने भ्रममा परेका नागरिकहरूको बाहुल्यता भएको ठाउँ छरितो सहर हुन सक्दैन । संसारका विभिन्न देशको उदाहरणबाट पनि यो स्पष्ट हुन्छ कि राम्रो र छरिता सहरहरू त्यहाँका नेता वा सरकारले बनाएका होइनन्, बरु त्यहाँका नागरिकको मिहेनत, सीप, जाँगर र सिर्जनशीलताबाट बनेका हुन् । सरकारले त केवल पूर्वाधार र नीतिगत आधार बनाइदिएको हो ।

नेपालको सन्दर्भमा पनि छरितो सहर निर्माणका लागि नागरिक शिक्षा अति आवश्यक देखिन्छ । सभ्य समाज निर्माण गर्न आम नागरिकको कर्तव्य के हो ? संविधान र कानुनले नागरिकलाई के कस्तो अधिकार दिएको छ र त्यसको प्रयोग कसरी गर्न सकिन्छ ? आफ्नो टोल, वडामा सरकारले कुन-कुन कार्यक्रम र बजेट दिएको छ ? समुदाय स्तरमा नागरिकले गर्नसक्ने काम के-के हुन् ? यावत् कुरा नागरिक शिक्षा अन्तर्गत पर्छन् । नागरिक अधिकार र कर्तव्यको ख्यालै नगरी गलत मानिसलाई भोट दिएर जिम्मेवारीको पदमा पुऱ्याउने, आफ्नो निजी स्वार्थमा लिप्त भई सार्वजनिक हितलाई चटक्कै बिर्सने, सरकारबाट प्राप्त भएको रकम हिनामिना गर्ने वा त्यसो गर्न प्रोत्साहन गर्ने, उपभोक्ता समितिका नाममा कामै नगरी रकम पचाउने वा गुणस्तरहीन काम गर्ने, कुनै निर्माणको ठेक्का लिइसकेपछि वर्षौंसम्म काम अल्झाइराख्ने, विकास निर्माण कार्यमा विभिन्न अत्तो थापी काम गर्न नदिने जस्ता हाल देखिएका गैरजिम्मेवार प्रवृत्तिमा सुधार नभएसम्म छरितो नागरिक समाज बन्न सक्दैन ।

ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा नागरिकहरूबाट बढी सभ्यता, जवाफदेहिता र कर्तव्यपरायणताको अपेक्षा गरिन्छ । 'मुला खाई वन पस, अदुवा खाई सहर पस' भन्ने हाम्रो पुरानो उखानले सहरमा पस्दा बढी जिम्मेवार बन्नुपर्छ भन्ने शिक्षा दिएको छ । छरिता नागरिकले छरितो शासन खोज्छन् र त्यसका लागि छरितो नेतालाई वडा प्रमुख वा नगर प्रमुख बनाउँछन् । अनि छरिता नेताले छरितो सहरको निर्माणको नेतृत्व गर्दै आम नागरिकलाई सुखी र समृद्ध बनाउँछन् ।

अन्त्यमा, अहिले देशमा ७५३ वटा स्थानीय सरकार गठन भएका छन् । तीमध्ये २९३ वटा नगरपालिका र ४६० गाउँपालिका रहेका छन् । जनसंख्याको हिसाबले कुल जनसंख्याको ६२ प्रतिशत नगरपालिकामा बस्छन् । राजनीतिक रूपमा हेर्ने हो भने अब गाउँभन्दा सहरमा मतदाता बढी छन् र अबको राजनीतिको केन्द्रविन्दु सहर हुँदैछन् । रेमिटेन्सले धानेको सहरी अर्थतन्त्रमा उत्पादनभन्दा उपभोग बढ्दै गएको छ । नेपालका सहरहरू रोजगारीका केन्द्रभन्दा सुविधा, उपभोग र अपराध केन्द्र बनिरहेका छन् । कमजोर पूर्वाधार, फितलो सहरी व्यवस्थापन र दीर्घकालीन योजना र सोचको अभावमा हाम्रा सहरहरू शिक्षित एवं क्षमतावान युवाहरूलाई विदेश पलायन गराउने अखडा बन्दै जाने खतरा देखिन्छ । तीव्र सहरीकरणको चपेटामा परेको हाम्रो मुलुकमा परम्परागत योजना र तौरतरिकाले अहिलेको युवा पुस्ताका लागि सुविधायुक्त बसोबासको व्यवस्था हुन सक्दैन । सूचना प्रविधिको युगान्तकारी विकासको संघारमा रहेको अहिलेको पुस्ता र भविष्यको पुस्ताको आवश्यकता पूरा गर्न नयाँ छरिता सहरको निर्माण गर्न र पुराना सहरको मौलिकतामा आँच नपुग्नेगरी सहरी सेवासुविधा वृद्धि गर्न ढिला भइसकेको छ । यसका लागि नीति निर्मातामा स्पष्ट सोच, कर्मचारीमा पेसागत दक्षता तथा इमानदारिता, लगानीकर्तामा प्रतिस्पर्धात्मक भावना र जोखिम मोल्ने क्षमता तथा नागरिकहरूमा अधिकारसँगै कर्तव्यबोध हुनु आवश्यक छ ।

*थापा विवेकशील साझाका नेता तथा सहरी विकास मन्त्रालयका पूर्वसचिव हुन् ।*

# यौनिक अल्पसंख्यक आन्दोलन



**मनीषा पौडेल**

हाम्रो समाजमा महिला र पुरुष बाहेकका भिन्न यौन चाहना राख्ने व्यक्तिहरू पनि छन् । उनीहरू अहिले आफ्नो पहिचान, अधिकार, आत्मसम्मान र अवसरका लागि संघर्षरत छन् । जन्मिँदा महिला वा पुरुष भए पनि हुर्कंदै जाँदा उनीहरूमा प्रतिविम्बित हुने यौन चाहनाले नै उनीहरूको लैंगिक पहिचान निर्धारण गर्छ । यस समुदायमा रहेका फरक-फरक यौनिक अल्पसंख्यक समूहलाई जनाउन अंग्रेजीमा एलजीबीटीआई अर्थात लेस्बियन, गे, बाइसेक्सुअल, ट्रान्सजेन्डर, इन्टरसेक्सुअल भन्ने गरिन्छ । नेपालमा यो समुदायलाई समग्रमा तेस्रोलिंगी भनेर बुझिन्छ । यस समुदायका मानिसको यौन व्यवहार सामान्य मानिसको भन्दा पृथक हुन्छ भने अन्य व्यवहार सामान्य हुन्छ ।

नेपालको नीलहीरा समाज र अमेरिकी संस्था विलियम्स इन्स्टिच्युटले सन् २०१३ मा गरेको एउटा अध्ययन अनुसार नेपालमा एलजीबीटीआईको संख्या करिब नौ लाख छ । आधिकारिक तथ्यांक नत सरकारसँग छ, न गैरसरकारी निकायसँग नै । नेपाल सरकारले २०६८ सालको जनगणनामा तेस्रोलिंगी भनेर सम्बोधन गरे पनि तथ्यांक संकलन गर्न भने सफल हुन सकेन ।

नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको पहिचान सहितको अधिकारका लागि आन्दोलन सुरु भएको दुई दशक पुग्नलागेको छ । यस समुदायको अधिकारका क्षेत्रमा केही उपलब्धि पनि भएका छन् । तर पनि आफ्ना मुद्दाहरूलाई अन्य समुदायले प्राथमिकता नदिएको गुनासो एलजीबीटीआईको छ । हाम्रो समाजले महिला र पुरुष बाहेकका फरक यौनिकता र लैंगिकता भएका समुदायलाई बुझ्नसकेको छैन । जसका कारण यी समुदायका मानिस जटिल सामाजिक संरचनामा बाँचिरहेका छन् । देश विकासको मूलप्रवाह भन्दा बाहिर छन् । राज्यले उचित संरक्षण गर्न नसक्दा मानवअधिकारका आधारभूत पक्षहरू यो समुदायमा कमजोर देखिन्छ ।

### अवधारणा र विकास

नेपाली समाजमा फरक यौनिकता हुनुलाई असामान्य रूपले लिइन्छ । यस्तो अवस्थालाई मानसिक रोग वा सामाजिक विकृति भनेर बुझ्ने गरिएको छ । सन् १९७० मा अमेरिकी मनोवैज्ञानिक संघ र अमेरिकी मनोरोग चिकित्सक संघले एलजीबीटीआई हुनु भनेको कुनै मानसिक रोग नभएको पुष्टि गर्दै मानसिक रोगहरूको सूचीबाट यसलाई हटाइसकेको छ । त्यस्तै सन् १९९० मे १७ मा विश्व स्वास्थ्य संगठनले पनि तेस्रोलिंगीलाई मानसिक रोगीको सूचीबाट हटायो । विश्व स्वास्थ्य संगठनका अनुसार मानिसमा जन्मजात रूपमा एलजीबीटीआईको अवस्था देखापर्छ । कुनै व्यक्तिले चाहेर पनि आफ्नो यौन स्वभाव, अपेक्षा वा यौनिकता बदल्न सक्दैन । यसकारण सबैभन्दा पहिला हामी यसलाई प्राकृतिक, सामान्य तर फरक यौनिकता भनेर बुझ्न जरुरी छ ।

यौनिक अल्पसंख्यक समुदायको विवाह, सामाजिक सम्बन्ध र पहिचानका लागि विश्वभरि विभिन्न प्रयत्न भएका छन् । उन्नाइसौं शताव्दीमा खासगरी दोस्रो विश्वयुद्धपछि बेलायत, फ्रान्स, जर्मनी, नेदरल्यान्ड्स जस्ता युरोपेली देशमा तेस्रोलिंगी तथा समलिंगी समुदायको पहिचानका लागि विभिन्न समूहले आवाज उठाएको देखिन्छ । होमोफाइल मुभमेन्ट भनिने ती अभियानलाई त्यसबेलाको युरोपेली समाजले सहजै स्वीकार गरेको थिएन । सन् ६० को दशकपछि बढेको महिला मुक्तिका आन्दोलन र काला जातिको सशक्तीकरण प्रक्रिया र आन्दोलनले पनि एलजीबीटीआई आन्दोलनलाई थप सहयोग पुऱ्याएको देखिन्छ । त्यसपछि संगठित रूपमै तेस्रोलिंगी समुदायहरू पहिचानको अधिकारका लागि संघर्षरत रहे ।

सन् १९७२ मा स्वीडेनले यौनिक अल्पसंख्यक समुदायलाई कानुनी अधिकार प्रदान गऱ्यो । यसपछि सन् १९८५ मा क्यानाडेली अधिकार र स्वतन्त्रता पत्रमार्फत क्यानाडाले समलिंगीय व्यवहारलाई कानुनी अधिकार दियो । २०१७ सम्म आइपुग्दा अर्जेन्टिना, अष्ट्रेलिया, बेल्जियम, ब्राजिल, क्यानाडा, कोलम्बिया, डेनमार्क, फिनल्यान्ड, फ्रान्स, जर्मनी, लक्जमवर्ग, मेक्सिको, न्युजिल्यान्ड, नर्वे, पोर्चुगल, दक्षिण अफ्रिका, स्वीडेन, स्पेन, बेलायत, संयुक्त राज्य अमेरिका, ताइवान, अष्ट्रिया, उरुग्वे लगायतका देशले समलिंगी विवाहलाई मान्यता दिइसकेका छन् ।

तर धेरै राष्ट्रले अझै पनि एलजीबीटीआईको पहिचान स्वीकार्न र अधिकार स्थापित गर्न हिच्किचाइरहेको अवस्था छ । इन्डोनेसियाको आसेह प्रान्तमा केही समय यतादेखि समलिंगी विवाह विरुद्ध कानुन निर्माण गरेर कार्यान्वयन गरिएको छ । सन् २००८ मा समलिंगीय विवाहलाई मान्यता दिने सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र जारी गर्ने सम्बन्धी प्रस्तावलाई ७७ राष्ट्रले गैरकानुनी भन्दै अस्वीकार गरेका थिए ।

### परिवर्तन र उपलब्धि

सन् २००१ मा नीलहीरा समाज स्थापना हुनुअघि नेपालमा यौन अल्पसंख्यक समूहको पहिचान र अधिकारका लागि संगठित रूपमा कुनै पनि आन्दोलन भएको थिएन । त्यसबेला नेपालमा तेस्रोलिंगी तथा समलिंगी सार्वजनिक हुनसक्ने अवस्था थिएन । उनीहरू स्कुल, जागिर, घर-परिवारबाट अपहेलित हुन्थे र कतिपयले आत्महत्यासम्म गरेका थिए । एलजीबीटीआई अधिकारका अभियन्ता सुनिलबाबु पन्तले यी समुदायको सम्मान सहितको पहिचान र हक-अधिकारका लागि विस्तारै नेपालमा रहेका यौनिक अल्पसंख्यक खोजी संगठन बनाउने प्रयास गरे । समाजले स्वीकार गर्न नसक्दा-नसक्दै पनि यी समुदाय संगठित भए र नीलहीरा समाज नामको संस्था दर्ता भयो । यौनिक अल्पसंख्यक समुदायको प्रतिनिधित्व गर्दै सुनिलबाबु पन्त विसं २०६४ को संविधानसभामा सदस्य भए । त्यही वर्ष सर्वोच्च अदालतले तेस्रोलिंगीहरूको पहिचानसहित नागरिकता दिन एवं समलिंगी विवाहबारे अध्ययन गरी प्रतिवेदन तयार पार्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गऱ्यो । यी दुई घटनाक्रमलाई नेपालका तेस्रोलिंगी तथा समलिंगी समुदायले निकै उपलब्धिका रूपमा स्वीकारेका छन् । नीलहीरा समाजका अनुसार २०६४ यता करिब २ सय जनाले महिला वा पुरुषको सट्टा 'अन्य' उल्लेख गरेको नागरिकता लिएका छन् ।

सर्वोच्च अदालतको आदेशपछि गठन भएको समितिले दुई वर्षअघि समलिंगी विवाहलाई मान्यता दिनुपर्ने निष्कर्ष सहितको प्रतिवेदन मन्त्रिपरिषदको कार्यालयमा बुझाएको थियो । यसैबीच कैलालीका मोनिका शाही र डडेलधुराका रमेशनाथ योगीले नेपालमै पहिलोपटक समलिंगी विवाह दर्ता गराए । यसलाई यौनिक अल्पसंख्यक आन्दोलनको महत्त्वपूर्ण उपलब्धि मानिएको छ । संविधानको धारा १२ मा लैंगिक पहिचानसहित नागरिकता प्राप्त गर्न सकिने, धारा १८ मा धर्म, वर्ण, लिंग, जाति, अपांगता, भाषा वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने उल्लेख छ । साथै यौन अल्पसंख्यक समुदाय सहितका अन्य सिमान्तकृत समुदायको संरक्षण, सशक्तीकरण वा विकासका लागि विशेष व्यवस्था गर्न सकिने उल्लेख छ । त्यस्तै धारा ४२ मा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायसमेत समेटेर समावेशी सिद्धान्तका आधारमा राज्यको सम्पूर्ण निकायमा सहभागिताको हक हुने व्यवस्था छ ।

**नेपालमा लैंगिक पहिचानसहितको अधिकार भनेर संविधानमा व्यवस्था गरिए पनि अन्य नीति निर्माण हुन सकेको छैन ।**

नेपालले सन् २०१२ मा पहिलो दक्षिण एसियाली एलजीबीटीआई खेलकुद महोत्सव सफलतापूर्वक सम्पन्न गरिसकेको छ । सन् २०११ देखि निजी क्षेत्रहरूमा एभरेष्ट बैंक, नेपाल इन्भेष्टमेन्ट बैंक एवं एनसेल नेपालले कार्यालय प्रयोजनका दस्तावेजहरूमा लैंगिक पहिचानसहित 'अन्य' उल्लेख गर्न सुरु गरे । समाजले परिवर्तनलाई विस्तारै स्वीकार्दै गइरहेको अवस्थामा देशका विभिन्न ठाउँमा लैंगिक मैत्री सार्वजनिक शौचालय निर्माण भएका छन् ।

मितिनी नेपाल, साइनो नेपाल, सहारा समाज, संगिनी नेपाल, एकता नेपाल, परिवर्तन नेपाल लगायतका सामाजिक संस्थाहरूले पनि तेस्रोलिंगीका अधिकारका लागि स्थापना भई विभिन्न कार्य गर्दै आएका छन् । मिस पिंकी, मिस्टर गे ह्यान्डसम जस्ता प्रतियोगिताहरूको आयोजनाले पनि समलिंगी तथा तेस्रोलिंगीहरूको आत्मबल बढाउँदै लगेको छ । यौनिक अल्पसंख्यक समूहको अधिकार सुनिश्चित गर्ने राष्ट्रको सूचीमा दक्षिण एसियामा नेपाल अग्रस्थानमा छ ।

### चुनौती

तेस्रोलिंगीको पहिचानका कारणले सामाजिक हिंसा र बहिष्कार सहन बाध्य हुनेहरूको संख्या उल्लेख्य छ । तेस्रोलिंगीको पहिचानसहित विसं २०६८ को जनगणनामा सुरु भए पनि सामाजिक डरका कारण धेरैले आफ्नो पहिचान खोल्न चाहेनन् । नेपालमा लैंगिक पहिचान सहितको अधिकार भनेर संविधानमा व्यवस्था गरिए पनि अन्य आवश्यक नीतिहरू निर्माण हुनसकेको छैन । कतिपय सरकारी दस्तावेजमा महिला र पुरुषमात्रै उल्लेख गरिँदा पनि तेस्रोलिंगी आफू पीडित भएको महसुस गर्छन् । यौनिकता खुलाउँदा सार्वजनिक स्थानहरूमा धेरै समस्या झेल्नुपर्ने अवस्था छ । यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरूको सामाजिक तथा यौन जीवनलाई घृणा, तिरस्कार र लाञ्छनाले चारैतिरबाट घेरिरहेको छ ।

उल्लिखित चुनौतीका बाबजुद नेपालमा यौनिक अल्पसंख्यक समुदायको पहिचान तथा अधिकार स्थापना गर्ने दिशामा उल्लेखनीय प्रगति भएको छ । फलस्वरुप यस समुदायको आन्दोलनले पहिचान र अधिकारको कानुनी हैसियत प्राप्त गरेको छ । पहिचान सहित खुलेर बहस गर्ने वातावरण तयार भएको छ ।

# आत्मनिर्भर अर्थतन्त्र आवश्यक



**शिवराज अधिकारी**

परिवर्तित राज्य संरचनाको लागि साविक सरकारी खर्चमा कम्तीमा २५ प्रतिशत थप खर्च लाग्ने देखिन्छ । उक्त खर्च राजस्व वृद्धिबाटै गर्नुपर्ने हुन्छ । राजस्व वृद्धि आर्थिक वृद्धिलाई तीव्रता दिएर पनि गर्न सकिन्छ । जनतालाई अतिरिक्त करको भारमा नपारी राजस्व वृद्धि गर्ने यो उपयुक्त माध्यम हो । विगत ४० वर्षको तथ्याङ्कलाई लिई गरिएको विश्लेषणले एक प्रतिशतले थप आर्थिक वृद्धि गर्दा करिब ०.६७ प्रतिशतले थप राजस्व वृद्धि हुने तथ्य देखाएको छ । यस अर्थमा राज्य संरचनाको सफल कार्यान्वयन गर्न कम्तीमा ७.३७ प्रतिशतले आर्थिक वृद्धि आवश्यक पर्छ । यो अनुमान ९५ प्रतिशत राजस्व सरकारी खर्चमा प्रयोग हुन्छ । साविकमा यो प्रतिशत ८८ प्रतिशत छ र बढीमा ९ प्रतिशतमात्र मूल्यवृद्धि हुन्छ भन्ने मान्यतामा आधारित छ ।

आर्थिक वृद्धिका लागि अति अवाश्यक तत्त्व निजी लगानी हो । वस्तु र सेवाको उत्पादनभन्दा आयातित वस्तुको व्यापारमा निजी लगानी एकत्रित भएको छ । हेरिटेज फाउन्डेसन र वाल स्ट्रिट जर्नलले सन् १९९६-२०१७ सम्म प्रकाशित गरेको व्यापार स्वतन्त्रता र लगानी स्वतन्त्रता सम्बन्धी नेपालको सूचांकहरूको सह-सम्बन्ध मापन गर्दा ऋणात्मक देखाउँछ । यसको अर्थ नेपालमा व्यापारले औद्योगिक लगानीलाई विस्थापित गरेको छ । आयातित वस्तुको व्यापारले देशभित्रको लगानीलाई दुरुत्साहित गरेको छ । सन् २००२ पछि उक्त आयातित व्यापारले झन् ठूलो मात्रामा लगानीलाई दुरुत्साहित गरेको छ ।

वास्तवमा देशभित्र वस्तु वा सेवाको उत्पादन हुने र त्यसको व्यापार देशभित्र हुने भएमा व्यापार र लगानी एकअर्कामा सहयोगी हुन्छन् । सह-सम्बन्ध मापन गर्दा सकारात्मक देखाउँछ । देशभित्र लगानी बढाउन आयातमा आधारित व्यापार बाधकको रूपमा देखापरेको छ । आयात बढ्दै गइरहेको छ । आर्थिक विकासले तीव्र गति लिनसकेको छैन भने निर्यात घट्दै गइरहेको छ । फलतः वार्षिक व्यापार घाटा झन्डै १० खर्ब हुनलाग्यो । निर्यातलाई प्रोत्साहन गर्न नेपाल सरकारले नगद अनुदान दिँदै आएको छ, तर पनि निर्यात बढ्न सकेन । कुल वैदेशिक व्यापारमा निर्यातको अनुपात घट्दो छ । हाल यसको हिस्सा ७.२ प्रतिशत छ ।

वैदेशिक व्यापारमा नेपाललाई दैनिक २ अर्ब ६५ करोड ४३ लाख रुपैयाँ घाटा भइरहेको तथ्य विभिन्न सञ्चार माध्यममा आएका छन् । यसरी दिनहुँ व्यापार घाटा बढ्दै जानु र व्यापारले लगानीलाई विस्थापित गर्दै जाँदा आर्थिक वृद्धि गर्ने सम्भावनालाई क्षयीकरण गरेको छ । यसरी तीव्र रूपमा व्यापार घाटा बढ्दै जानु र पुँजी देशभित्र वस्तु वा सेवाको उत्पादनमा लगानी गर्नुभन्दा वस्तुको आयात व्यापारमा प्रोत्साहित हुनुमा विद्यमान विनिमय नीति जिम्मेवार छ । अहिलेको विनिमय दर १ सय भारतीय रुपैयाँ (भारु) बराबर १६० नेपाली रुपैयाँ (नेरु) छ । ६५ प्रतिशत व्यापार घाटा भारतसँग छ । नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको प्रतिवेदन अनुसार कुल आयात व्यापारको ३५ प्रतिशत अनौपचारिक व्यापार भारतसँग हुन्छ । यसको अर्थ वास्तविक रूपमा भारतसँग व्यापार घाटा ८५ प्रतिशतभन्दा बढी छ । यति धेरै एउटै देशसँग व्यापार घाटा छ र त्यसै देशसँग विगत २२-२३ वर्षदेखि विनिमय दर निश्चित गरिएको छ । सामान्यतया दुई देशको मूल्यवृद्धिको अवस्था, आर्थिक वृद्धिको अवस्था र आयात-निर्यात व्यापारको अवस्थाले विदेशी विनिमय दर निर्धारण गर्छ । नेपाल-भारतबीच खुला सिमाना र निश्चित विनिमय दर भएको कारणले नेपाल र भारतको मूल्यवृद्धिको विगत २०/२२ वर्षको अवधिमा औसत रूपमा लगभग समान छ । अझ भनौं मूलतः नेपालको मूल्यवृद्धिको अवस्था भारतीय मूल्यवृद्धिको अवस्थाले निर्धारण गर्छ । नेपालको आर्थिक वृद्धिदर भारतको भन्दा निकै कम छ ।

**आत्मनिर्भर अर्थतन्त्रका लागि आयात बढाउने होइन । निर्यात बढाउने हो । देशभित्र वस्तुका सेवाको उत्पादनमा लगानी बढाउने हो ।**

यी तथ्यले स्पस्ट गर्छन् कि भारतीय रुपैयाँसँग गरिएको विनिमय दर परिमार्जित गर्नुपर्छ । अनुभव सिद्ध आँकलनका आधारमा उक्त विनिमय दर सय भारतीय रुपैयाँ बराबर कम्तीमा १७० नेपाली रुपैयाँ हुन आवश्यक छ । यसरी हुनुपर्ने दरभन्दा कम विनिमय दर प्रचलनमा भइरहँदा वस्तुको आयातलाई प्रोत्साहन दियो भने निर्यातलाई निरुत्साहित गरायो । जस्तै- १७० नेपाली रुपैयाँमा आयात गर्नुपर्ने वस्तु १६० नेपाली रुपैयाँमा आयात गर्न पाएपछि नेरु १० अनुदान दिएर बराबर भयो । अर्थात नेरु १०० बराबरको वस्तु आयात गर्दा नेरु ६.२५ अनुदान दिए बराबर भयो ।

यस आर्थिक वर्षको विगत ६ महिनामा भारतबाट मात्र ३ खर्ब ५१ अर्ब ४१ करोड १९ लाख ९० हजार रुपैयाँ बराबरको आयात भएको छ । उक्त आयातमा लगभग २२ अर्ब विद्यमान विनिमय दरको कारणले अनुदान प्राप्त हुनगयो । उक्त अवधिमा २३ अर्ब २६ करोड ६९ लाख ५१ हजार रुपैयाँ बराबरको वस्तु भारत निर्यात भयो । विद्यमान विनिमय दरको कारणले भारत निर्यात भएको वस्तु झन्डै डेढ अर्ब रुपैयाँले महङ्गो पर्न गयो । फलतः नेपालको वस्तुले अन्य दक्षिण एसियाका वस्तुसँग प्रतिस्पर्धा गर्न सकेन र उक्त वस्तुहरूको मागमा कमी आयो । त्यसैले निर्यातमा नकारात्मक प्रभाव देखियो । निर्यात क्रमशः घट्दै गयो । सन् २००० सम्म भारतले दक्षिण एसियाका देशहरूबाट गर्ने कुल आयातको लगभग ५० प्रतिशत आयात नेपालबाट गर्थ्यो । नेपालबाट गर्ने आयातको प्रतिशत क्रमशः घट्दै गई अहिले २० प्रतिशतभन्दा कम रहेको छ । त्यसैगरी नेपालबाट भारतमा निर्यात प्रवृत्ति पनि घट्दै गइरहेको छ । भारतबाट हुने आयात बढ्दो छ ।

विद्यमान विनिमय दरको अन्य देशमा वस्तु निर्यात गर्दा पनि उस्तै प्रभाव पर्छ । आ.व. २०७३/७४ मा भारत बाहेक अन्य देशमा १८ अर्ब ८२ करोड १० लाख रुपैयाँको नेपाली वस्तु निर्यात गरिएको थियो । यसरी वस्तु निर्यात गरेकाले नेपाल सरकारले निर्यातकर्तालाई २९ करोड नगद अनुदान दिएको थियो । तर विद्यमान विनिमय दरको कारणले १ अर्ब १८ करोड बराबर वस्तु निर्यात गर्न निरुत्साहित गरेको थियो । फलतः अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुनगयो । यसरी एउटा नीतिले निर्यातलाई प्रोत्साहन दिँदै गर्दा अर्को नीतिको अवाञ्छित प्रभावले निर्यातलाई निरुत्साहित गरेको छ । यदि विनिमय दर ठिक तरिकाले निर्धारण गरियो भने आयातको तीव्र वृद्धिलाई निरुत्साहित गर्छ भने निर्यातलाई प्रोत्साहन दिन्छ । नेपाली मुद्राको अवमूल्यन गर्दा आयातित वास्तुहरूको मूल्य बढ्छ । आयातित वस्तुहरूको मागमा कमी आउँछ । नेपालमा उत्पादित वस्तुहरूको माग बढ्छ । विलासिताका वस्तुहरूको मूल्य बढेर नेपालको अर्थतन्त्रलाई खासै असर पर्दैन । तर आयात गरिने कृषि औजारहरू तथा अन्य उत्पादनका साधनहरूमा नकारात्मक प्रभाव देखिन सक्छ । उक्त प्रभावलाई हटाउन कृषि औजारहरूमा हाल दिँदै आएको अनुदानलाई वृद्धि गर्न सकिन्छ ।

आत्मनिर्भर अर्थतन्त्रका लागि आयात बढाउने होइन । निर्यात बढाउने हो । देशभित्र वस्तुका सेवाको उत्पादनमा लगानी बढाउने हो । बेठिक विनिमय दरका कारण देशभित्र लगानीमा कमी, रोजगारीमा कमी र अन्ततः आर्थिक वृद्धिमा कमी आयो । आत्मनिर्भर अर्थतन्त्रका लागि विद्यमान कतिपय आर्थिक नीति सहयोगी छैनन् । वास्तवमा उक्त नीतिहरूले आत्मनिर्भर अर्थतन्त्र हुने क्षमतालाई लुकाएका छन् । आत्मनिर्भर अर्थतन्त्रका लागि अर्थतन्त्रका इन्जिनमा कतिपय नटबोल्टहरू (आधारभूत आर्थिक नीतिहरू) खुकुला छन् । कतिपय बढी कसिएका छन् । ती नटबोल्टहरू (मौद्रिक नीति, विनिमय नीति, वित्तीय नीति आदि) को गहन रूपमा विश्लेषण आवश्यक छ । उक्त नटबोल्टहरूलाई ठिक अवस्थामा राखेर अर्थतन्त्रलाई ठिक बाटो र गतिमा हिँडाउनुपर्छ । रङरोगनले टल्किएका तर नटबोल्ट ठिक नभएका अर्थतन्त्रको इन्जिनले अर्थतन्त्रमा गति प्रदान गर्दैन ।

*अधिकारी अर्थशास्त्रका सह-प्राध्यापक हुन् ।*

# मुद्दा छिन्दै जनप्रतिनिधि

■ अर्जुन शाह

धनगढी- कैलालीको गोदावरी नगरपालिकाकी उपप्रमुख रत्ना कडायतले हालसम्म २३ वटा उजुरीमाथि सुनुवाइ गरिन् । २२ वटामा झगडिया पक्षबीच मिलापत्र गराएकी उनी एउटा मुद्दा भने कानुनी कारबाहीका लागि अघि बढाउने तर्खरमा छिन् ।

थुप्रै कानुनी जटिलताका बीच पनि जनप्रतिनिधिहरू न्यायिक निरूपणको अभ्यास गरिरहेका छन् । स्थानीय तहको न्यायिक समितिले गत भदौमा पूर्णता पाएसँगै काम थालेको हो । 'त्यसयता लेनदेन, जग्गा तथा सिमाना विवाद, सम्बन्ध विच्छेदलगायत उजुरीमा मिलापत्र गराइएको छ,' कडायतले भनिन् ।



धनगढी उपमहानगरकी उपप्रमुख सुशीला मिश्र भट्ट ढिलै भए पनि न्यायिक समितिमा उजुरी आउने क्रम सुरु भएको बताउँछिन् ।

हालै सम्पन्न नगरसभाबाट उपमहानगरको न्यायिक समितिले पूर्णता पाएको हो । उपप्रमुखसहित ३ सदस्यीय समितिमा रत्ना मिश्र र अर्जुन चौधरी सदस्य छन् । समितिको पूर्णताअघि अनौपचारिक रूपमा उजुरीहरूमा छलफल चलाइँदै आएको मिश्रले बताइन् । 'समितिले पूर्णता पाएकाले अब आउने उजुरी व्यवस्थित ढंगले निरूपण गर्छौं,' उनले भनिन्, 'विवादको न्यायिक निरूपण सहज भने छैन ।'

संविधानले स्थानीय तहमा न्यायिक समितिको प्रावधान कायम गरे पनि त्यसको व्यवस्थापन कठिन रहेको समिति संयोजकहरू बताउँछन् । कुनै पनि नगर तथा गाउँपालिकामा हालसम्म समितिअन्तर्गत कर्मचारी, कानुन व्यवसायी मेलमिलापकर्ता बन्दोबस्त नभएको मिश्रले जानकारी दिइन् । 'बिनापूर्वाधार काम गर्न सकिन्न,' उनले भनिन्, 'मैले निर्णय सुनाउने हो, अनुसन्धान गर्ने होइन । अनुसन्धान र वकालत गर्न अनुसन्धान अधिकृत, कानुन व्यवसायी र बेग्लै डेस्क खडा गर्नुपर्ने हुन्छ ।'

यहाँका प्रायः सबै स्थानीय तहमा उपप्रमुख महिला छन् । कानुनी ज्ञान तथा अभ्यास नभएका उपप्रमुखलाई न्याय निरूपण गर्न अझ कठिन भएको उनीहरू बताउँछन् । न्यायसम्पादनको तरिकासहित कार्यविधि, न्यायिक समितिको काम, कर्तव्य तथा अधिकारबारे हालसम्म कुनै तालिम-गोष्ठीसमेत नभएको गोदावरी नगरपालिका उपप्रमुख कडायतले बताइन् । 'यस अवस्थामा न्यायिक समिति सक्रिय हुन सक्दैनन्,' उनले भनिन् । स्थानीय तहमै न्यायिक निरूपणका लागि उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति रहनेबारे स्थानीय बासिन्दाले सुनेका छन् । तर, समितिले गर्ने कामबारे भने नागरिकदेखि जनप्रतिनिधिसमेत अनभिज्ञ देखिन्छन् ।

स्थानीयले न्यायका लागि न्यायिक समितिको उपयोग गर्नेमा धेरै चासो नदेखाएको समिति संयोजकहरू बताउँछन् । अछामको साँफेबगर नगरपालिकाको न्यायिक समितिमा हालसम्म एउटा मात्रै उजुरी दर्ता भएको नगर उपप्रमुख वीरमला बुडथापाले जानकारी दिइन् ।

काम, कर्तव्य र अधिकार क्षेत्र प्रस्ट नहुँदा समितिले कस्ता न्यायिक र कानुनी कार्य गर्ने भन्नेमा समिति संयोजकहरू अन्योलमा छन् । 'न्यायिक समितिको कार्य सञ्चालन कार्यविधि नहुँदा कस्ता विषयको सुनुवाइ गर्ने भन्ने समस्या छ,' बाजुराको बूढीगंगा नगरपालिकाका उपप्रमुख तारा खातीले भनिन् ।

## आगलागी नियन्त्रणमा जनशक्ति अभाव

# ट्रिपर चालकलाई दमकल जिम्मा

■ भवानी भट्ट

कञ्चनपुर- गर्मी र हावाहुरीको मौसमसँगै जिल्लामा आगलागीका घटना बढे पनि सरोकारवाला निकायले नियन्त्रणको पर्याप्त तयारी गरेका छैनन् । विभिन्न नगरपालिकासँग दमकल रहे पनि जनशक्ति र आवश्यक उपकरण अभावमा चलाउन सकिएको छैन ।

कतिपय नगरले अग्नि नियन्त्रक अभावमा अन्य सवारीसाधनका चालकलाई दमकल जिम्मा लगाइरहेका छन् । 'गत वर्षै दमकल खरिद गरिएको हो,' महाकाली नगरपालिका कर्मचारी सुर्जकला रोकायाले भनिन्, 'ट्रिपर र ट्र्याक्टर चालकले नै दमकलमा पनि काम गर्छन् ।' उनका अनुसार अग्निनियन्त्रक अझै भर्ना गरिएको छैन ।

महाकाली नगरमा गत आवमा आगलागीका ८/१० घटना भएका थिए । यस वर्ष पनि ५/६ घटना भइसकेका छन् । फागुनयता नै तीन ठाउँ आगो लागिसकेको छ । गत वर्षै नयाँ दमकल खरिद गरेको शुक्लाफाँटा नगरपालिकाले पनि जेनतेन काम चलाइरहेको छ । दमकल खरिद गरे पनि तालिमप्राप्त जनशक्ति अभावमा अन्य सवारीसाधनका चालकलाई खटाइने गरेको प्रमुख प्रशासकीय अधिकृत रघुनाथ अवस्थी बताउँछन् । 'ट्रिपरकै चालकले दमकलको पनि काम गरिरहेका छन्,' उनले भने, 'यस वर्ष कार्यपालिकाले नयाँ जनशक्ति भर्ना गर्ने निर्णय गरेको छ, त्यसपछि उनीहरूलाई तालिम तथा अन्य उपकरण खरिद गरिनेछ ।' उनका अनुसार शुक्लाफाँटा नगरपालिकाको झलारी बजार क्षेत्रसँगै ग्रामीण भेगमा पनि आगलागीका घटना भइरहन्छन् । गत वर्ष उक्त क्षेत्रमा २ ठूला आगलागी भएका थिए ।



भीमदत्त नगरपालिकाको वारुण यन्त्रका कर्मचारी उपकरण व्यवस्थापन गर्दै । *तस्बिर : भवानी*

जिल्लाको पुरानो नगरपालिका भीमदत्तसँग ३ दमकल छन् । छुट्टै वारुण यन्त्र शाखा पनि छ । तर, कर्मचारीले अझै प्राविधिक ज्ञान र सीप पाएका छैनन् । न त आगलागी नियन्त्रणको तालिम नै दिइएको छ ।

'हामी नगरपालिकामा दमकल आएदेखि नै काम गरिरहेका छौं,' भीमदत्तको वारुण यन्त्र शाखा इन्चार्जसमेत रहेका चालक भोजराज पनेरूले भने, 'तर, अहिलेसम्म आफ्नै सीप र अनुभवले काम गरिरहेका छौं, न कहिल्यै तालिम पायौं न त नयाँ प्रविधि आउँदा त्यसबारे जानकारी ।' उनले सिलिन्डर ग्यास र इन्धनका कारण हुने आगलागी नियन्त्रणमा प्रयोग हुने सिलिन्डर र त्यसमा कार्बनडाइअक्साइड भर्न सक्ने सीप आफूहरू कसैमा नभएको बताए ।

भीमदत्तको वारुण यन्त्र शाखामा २ चालकसहित ८ जनाको टोली छ । तर, उनीहरूमध्ये कसैले पनि कार्बनडाइअक्साइड भर्न सक्दैनन् । 'त्यही भएर भरेका सिलिन्डर मगाउने गर्छौं,' पनेरूले भने, 'यसबारे तालिम नपाउँदा समस्या भएको हो ।' भीमदत्त नगरपालिकामा २०५१ देखि दमकल सेवा सुरु भएको हो ।

कतिपय नगरपालिकासँग अझै पनि एउटै दमकल छैन । भएकामा पनि समयमा नपुग्ने, आगलागी नियन्त्रणमा प्रभावकारी नहुने सर्वसाधारणको गुनासो छ । ५ वर्षअघि महेन्द्रनगर बजारको एक फर्निचर उद्योगमा लागेको आगो दोस्रो दिन मात्र नियन्त्रणमा आएको थियो । गत वर्ष महेन्द्रनगर तथा आसपास क्षेत्र आगलागीका ५५ घटना भए ।

सवारीसाधनको बढ्दो चाप, साँघुरा सडक र दक्ष जनशक्ति अभावले सेवा दिन समस्या भइरहेको पनेरू बताउँछन् । २ दिनअघि भीमदत्त नगरपालिकाको भुजेलाको एक घरमा भएको आगलागी नियन्त्रणमा जाँदा दमकल नै जाममा पर्ने अवस्था आएको उनले सुनाए ।

# अवैध फिरफिरे बन्द

नुवाकोट (कास)- प्रशासनले मापदण्डविपरीत सञ्चालनमा रहेका बालुवा धुने उद्योग (फिरफिरे) बन्द गराएको छ । प्रजिअसहितको टोलीले बुधबार बेलकोटगढी नगरपालिका र बिहीबार विदुर नगरपालिका क्षेत्रमा अनुगमन गरी अवैध फिरफिरे सञ्चालनमा रोक लगाएको हो ।

फिरफिरेले मापदण्डबाहिर गएर काम गर्दा त्रिशूली नदी धमिलिएको गुनासो बढेपछि अनुगमन गरिएको हो । बुधबार बेलकोटगढीका ५, ७ र ८ वडा कोल्पुटारदेखि देवीघाटसम्म अनुगमन गरिएको थियो । त्यसक्रममा भेटिएका ४७ वटा बालुवा प्रशोधन उद्योगमध्ये ३१ वटा दर्ता पाइए । बाँकी १६ वटालाई तत्काल बन्द गर्न पत्र काटिएको छ ।

अधिकांश उद्योगले मापदण्डविपरीत कार्य गरेको अनुगमनमा भेटिएको छ । बालुवा प्रशोधन गर्दा धमिलो पानी छुट्टै खाल्डोमा थिग्र्याउनुपर्ने र सफा पानी मात्र नदीमा पठाउनुपर्ने प्रावधान कमैले पालना गरेका छन् ।

विदुर नगरभित्रका ८ वटा फिरफिरेमध्ये पाँचवटा बिनादर्ता सञ्चालित भेटिए । 'ती उद्योगले धमिलो पानी प्रशोधित नगरी सिधै खोलामा फालेका छन् । ती सबैलाई बन्द गर्न पत्राचार गरेका छौं,' प्रजिअ वीरेन्द्रकुमार यादवले भने, 'उद्योगहरू कानुनसम्मत ढंगले चलेनन् । त्रिशूली स्वच्छ भएन ।' अनुगमन क्रममा धमिलो पानी व्यवस्थापन भर्खर खाल्डो खनिएको भेटिएको थियो ।

बन्द गर्न पत्र काटिएका फिरफिरे फेरि सञ्चालन गरिएको पाइए सामग्री जफत गर्ने प्रहरीले जनाएको छ । 'पहिला विधिभित्र जाऔं,' जिल्ला प्रहरी प्रमुख एसपी वसन्तबहादुर कुँवरले भने, 'मापदण्ड पुऱ्याऔं, त्यसपछि सञ्चालन गर्नुस् ।' घरेलु तथा साना उद्योग शाखाका प्रमुख विजय भट्टराई पनि उद्योगले मापदण्डअनुसार काम नगरेको बताउँछन् । 'दर्ता उद्योगले थिग्र्याउने पोखरी बनाएर काम गर्नुपर्थ्यो, त्यो पाइएन,' उनले भने, 'स्थानीय निकायसँग समन्वय गरेर आउन पत्र दिएका छौं । मापदण्ड पूरा गरे काम गर्न पाउँछन् ।'

बेलकोटगढीका मेयर राजेन्द्ररमण खनालले नियमविपरीत सञ्चालित उद्योग बन्दै गरिने बताए । 'उद्योगबाट निस्केको पानीले त्रिशूली नदी प्रदूषित बनाएको छ,' उनले भने । भूकम्पपीडितका लागि स्थानीय सरकारले कानुन बनाएर नदीजन्य पदार्थ उपलब्ध गराउने तयारी गरिरहेको खनालले जानकारी दिए । विदुर नगरपालिकाका मेयर सञ्जु पण्डितले पनि प्राकृतिक स्रोत दोहन नगरी नियमसंगत ढंगले भूकम्पीडितका माग सम्बोधन गरिने बताए ।

# सिम वितरणमा लापरबाही

सुर्खेत (कास)- डेढ महिनाअघि पश्चिम बाबियाचौरमा भएको शंकास्पद मृत्युसम्बन्धी घटनाको अनुसन्धानका क्रममा प्रहरीले मोबाइल डिटेल झिकायो । सिम ग्राहक अभिलेखमा उल्लेख भएका व्यक्ति चार वर्षदेखि वैदेशिक रोजगारीमा थिए । तर, यहाँ ती व्यक्तिको नाउँमा हालसालै सिम निकालिएको पाइयो ।

केही दिनअघि जिल्ला प्रहरीमा एउटा अर्को उजुरी पऱ्यो, 'टेलिफोनबाट धम्की आयो । ज्यान सुरक्षा गरिपाऊँ ।' अनुसन्धानका क्रममा धम्की आएको मोबाइल नम्बर खोजी गर्दा अर्कैको नाउँमा थियो । टेलिकमले नमस्ते मोबाइलका सिम जथाभावी बिक्री वितरण गर्दा यस्तो समस्या सिर्जना भएको प्रहरी अनुसन्धानले पुष्टि गऱ्यो । 'टेलिकमले प्रमाणपत्र, ग्राहकको फोटोबिनै सिम एक्टिभ गराउने गरेको पाइयो,' जिल्ला प्रहरी प्रमुख एसपी उमाप्रसाद चुतर्वेदीले भने, 'एउटैका नाउँमा धेरै ग्राहकका लागि सिम 'एक्टिभेट' गरिँदोरहेछ ।'

प्रहरीका अनुसार अर्कैको नाउँमा 'एक्टिभेट' गरिएका सिमलाई व्यवसायीले बजारमा एक सय ५० रुपैयाँसम्म बिक्री गरेको पाइएको छ । टेलिकमको नेपालगन्जस्थित मध्य तथा सुदूरपश्चिम क्षेत्रीय कार्यालयअन्तर्गत व्यापार शाखाले यस क्षेत्रमा सिम बिक्री-वितरण गर्दछ । सुर्खेतमा टेलिकम शाखा कार्यालय र दुई व्यावसायिक फर्मलाई अधिकृत विक्रेताको जिम्मेवारी दिएको छ । अधिकृत विक्रेता र टेलिकम कर्मचारीसँगको मिलेमतोमा अन्य व्यवसायीले समेत अनधिकृत रूपमा सिम बिक्री गर्दै आएका छन् । वास्तविक ग्राहकको परिचयपत्रबिनै सिम बिक्री गरिँदा अपराधजन्य क्रियाकलापलाई टेवा पुगेको प्रहरीको भनाइ छ ।

## छोटकरी

### गाँजासहित २ पक्राउ

धादिङ (कास)- प्रहरीले १० केजी गाँजासहित २ युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पोखरा लेखनाथ महानगर-३ का सुमित शिल्पकार र पवनमणि लामिछाने छन् । पृथ्वी राजमार्गको मझिमटारबाट पक्राउ परेका उनीहरू ग६प ९४३१ नम्बर मोटरसाइकल र ना५४प ६४५ स्कुटरमा सवार थिए ।

### पर्यटक मृत फेला

पोखरा (कास)- लेकसाइटस्थित एक होटलमा बिहीबार युक्रेनी नागरिक अन्पोन कुज्निपभ मृत फेला परेका छन् । गत सोमबारदेखि उक्त होटलमा बस्दै आएका २८ वर्षीय कुज्निपभको शव भेटिएको हो । प्रहरीले बिहान ११ बजे पश्चिमाञ्चल अस्पतालमा शव परीक्षणका लागि पुऱ्याएको थियो । चिकित्सकले उनको मृत्यु करिब आठ घण्टाअघि भएको बताएका छन् ।

### ४ करोड बजेट

धादिङ (कास)- धुनीबेंसी नगरपालिकाले ४ करोड ३ लाख ५ हजारको बजेट विनियोजन गरेको छ । दोस्रो नगरसभामा नगरपालिकाका मेयर बालकृष्ण आचार्यले बिहीबार नगरको विकासका लागि विनियोजित बजेट सार्वजनिक गरेका हुन् । नगरसभाले भौतिक, आर्थिक तथा सामाजिक तथा समावेशी क्षेत्रको विकासका लागि ८२ वटा विकास योजना स्वीकृत गरेको छ ।

हार्दिक श्रद्धाञ्जली



जन्मः
१९९७ असार १ गते

स्वर्गारोहणः
२०७४ फाल्गुन २० गते

स्व. राम नगीना सिंह

हाम्रा प्रातः स्मरणीय पति/बुवा **राम नगीना सिंहको** ७८ वर्षको उमेरमा स्वर्गारोहण भएको १३ औं पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दुःखद स्थितिमा हामीले बेहोर्नु परिरहेको अकल्पनीय पीडा, अव्यक्त वेदनाप्रति प्रत्यक्ष, अप्रत्यक्ष सहानुभूति, सद्भाव, समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र, नातेदार, बन्धुबान्धव तथा शुभचिन्तकहरूप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

**छोराहरूः** विजय सिंह/बिनय सिंह
**पत्नीः** विना सिंह
**बुहारीहरूः** अमिता सिंह/अनामिका सिंह
**छोरी/ज्वाईः** निर्मला सिंह/लक्ष्मेश्वर प्रसाद सिंह
**नाति नातिनीहरूः** रञ्जिता सिंह/सिद्धार्थ सिंह
**नातिनी ज्वाईः** शान्तानु पात्रा

तथा समस्त सिंह परिवार

जननी जन्मभूमीश्च स्वर्गादपि गरियसी:
सृष्टिस्थितिविनाशानां शक्तिभूते सनातनि।
गुणाश्रये गुणमये नारायणि नमोस्तुते॥

हार्दिक श्रद्धाञ्जली



जन्मः
१९८८/०४/१५

स्वर्गारोहणः
२०७४/११/२०

स्व. पुण्य कुमारी कार्की

डी. कृष्णलालकी नातिनी जिं.मु. यज्ञ प्रसाद उप्रेती/जानुकी उप्रेतीकी छोरी, डी. दल बहादुर/जानुकाकी नातिनी बुहारी प्र.प.जिं.मु. यज्ञध्वज कार्की (गो.द.वा) की श्रीमती हाम्री ममतामयी आमा पुण्य कुमारी कार्कीको ८७ बर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी सबै मर्माहत भएका छौं ।

ऊहाँको आत्माको चीर शान्तिको कामना गर्दै आत्मा शिव सायुज्य होस् भनी अन्तरआत्मा देखि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । शोकको घडीमा सान्त्वना दिनुहुने, मलामी आउनुहुने, भेट्न आई श्रद्धाञ्जली तथा समवेदना प्रकट गर्नुहुने, फोन तथा विद्युतीय सन्देशबाट समवेदना प्रकट गर्नुहुने विभिन्न ओहदा र तहतप्काका विशिष्ट व्यक्तित्वहरु, हाम्रा सम्पूर्ण देशभरका दाजुभाई, वंशज, शुभचिन्तक, शुभेच्छुक, मित्रजन, साथीभाईहरु सबैमा हार्दिक आभार प्रकट गर्दै विशेष धन्यवाद व्यक्त गर्दछौं ।

साथै हामीलाई सुतार कार्की सेवा समिति केन्द्रीय कार्यसमिति, पूर्वाञ्चल क्षेत्रीय कार्यसमिति, युवा सुतार केन्द्रीय कार्यसमिति, विभिन्न जिल्ला कार्यसमितिहरु लगायतबाट समेत लिखित, मौखिक तथा विद्युतीय सन्देशको माध्यमबाट श्रद्धाभाव तथा समवेदना प्रकट गर्नुहुने स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण वंशजहरुमा कृतज्ञता व्यक्त गर्दछौं ।

**छोरा/बुहारी/नातानातिनीः**
वेविता/दिव्यध्वज कार्की
मिनू/स.र. विजयध्वज कार्की (अ.प्रा.)
गोपिनी/सुनिता/विमलध्वज कार्की
डा. शैलजा/ई. सुरजगिर्वाण थापा
सुदिप्ता कार्की
डा. यज्ञशध्वज कार्की
विभूषा/ई. कुञ्जन क्षेत्री
प्रवीणध्वज कार्की
प्रतिज्ञा कार्की, प्रविणा कार्की
प्रजुना कार्की, आर्या कार्की
सारभ थापा

**छोरी/ज्वाई/नातानातिनीः**
अलकानन्द/यज्ञ बहादुर बस्नेत
एकता के.सी./सज्जन चन्द्र
सुष्मा/पशुपति बेल्बासे
उषना बस्नेत
सुरज बस्नेत
सज्मा/जीवन घिमिरे
सक्षम के.सी.
सफलता के.सी.
रोजी घिमिरे

हार्दिक श्रद्धाञ्जली



जन्म मितिः
वि.सं. २०१०/०२/०३

स्वर्गारोहणः
वि.सं. २०७४/११/२०

स्व. धनमाया अधिकारी

मेरी अर्धाङ्गिनी **धनमाया अधिकारी**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यस दुःखद् घडीमा समवेदना प्रकट गर्नुहुने समस्त नातेदार, इष्टमित्र, टोलबासी, आफन्तजन तथा सम्पूर्ण शुभेच्छुकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

**श्रीमानः** मुरारी प्रसाद अधिकारी

**छोरा/बुहारीः** राजेस/चित्रकला, राजन/सबिना
**भाइबुहारीः** रूक्मीणी अधिकारी
**छोरी/ज्वाँईः** कृपा/सुनिल, दिपा/डिल्ली
**भतीजा/भतिजीः** हिमाल/अजिता, विशाल/ऋचा, मधु, रूपा
**नाती/नातिनाः** ऋचा, रिजन, इच्चा, श्रद्धा, कृषा, रागव

तथा समस्त अधिकारी परिवार

पलपल तिम्रो सम्झना, खडेरी पुरू कसरी।
दैव रुप भयौ। पुज्नेछु यो जीवन भरि॥

हार्दिक समवेदना



जन्म
वि.सं. २०५७।३।१६

मृत्यु
वि.सं. २०७४।११।२१

स्व. सुनिल चौलागाई

हाम्रो प्यारो नाति सुनिल चौलागाईको यहि मिति २०७४।११।२१ गते सोमवार सवारी दुर्घटनामा परि १७ वर्षको अल्पायुमा भएको असामयिक निधनवाट मर्माहित परिवार प्रति समवेदना प्रकट गर्नुहुने सम्पुर्ण इष्टमित्र, बन्धुबान्धव तथा शुभचिन्तकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**हजुरबा-हजुर आमाः** हरि प्रसाद चौलागाई/ लक्ष्मी चौलागाई
**बुवा-आमाः** मित्रलाल चौलागाई/ लिलामाया चौलागाई
**ठुलोबुवा-ठुलीआमाः** विष्णु प्रसाद चौलागाई/ कासीमाया चौलागाई
लक्ष्मी प्रसाद चौलागाई/ बेदमाया चौलागाई
**काका-काकीः** सुर्य प्रसाद चौलागाई/ भगवति चौलागाई
**दिदि-भिनाजुः** चन्द्रमाया गौतम
सविना गौतम/ नवराज गौतम तथा सम्पुर्ण चौलागाई परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म मिति
२००५।१२।१५ अष्टमी


स्वर्गारोहण मिति
२०७४/१०/१७ पूर्णिमा

स्व. रत्नदेवी रन्जितकार

हाम्रा ममतामयी माता रत्नदेवी रन्जितकारको स्वर्गारोहण भएको आज ४५औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं साथै यस दुःखद् घडीमा हामीप्रति सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, छरछिमेक, इष्टमित्र, बन्धु र शुभेच्छुकहरुप्रति कृतज्ञता व्यक्त गर्दछौं ।

छोरा/बुहारीः सर्जु प्रसाद/कमलेस रश्मी (शाक्य) रन्जितकार
छोरा : डा. सजीम रन्जितकार
छोरी/ज्वाई : सदिना रन्जितकार/रवि रन्जितकार
नाति : शैलेस प्रसाद रन्जितकार

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.स. २०५६/१२/१६

स्वर्गारोहणः
वि.स. २०७४/११/२०

स्व. सृतिका गिरी

हाम्री अतिप्रिय नातिनी **सृतिका गिरी**को अल्पायुमै असामयिक स्वर्गारोहण भएको आज **१३औं** दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछौ । साथै यस दुःखद घडिमा हामी प्रति समवेदना, सहानुभूति एवं सद्भाव प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन तथा शुभचिन्तक महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

**हजुर मुमा :** वुनु गिरी
**बाबा/मामु :** सुरज/उमा गिरी
**हजुर बुबा**(मावली)**:** जगत बहादुर रायमाझी
**काका/काकीः** किरण/शीलु गिरी
**ठूलो बाबा/मामुः** शम्भुराज ढुंगाना/लक्ष्मी रायमाझी
**फुपाजु/फुपु :** रघु/प्रभा गौतम
**मामा/माईजुहरूः** केशव/बार्षिका रायमाझी, खड्क/मीरा रायमाझी
**सानो बाबा/मामुहरूः** अरबिन्द थापा/रमा रायमाझी, प्रविन पन्त/संगीता रायमाझी
**दाजु/भाई/दिदी/बहिनीहरूः** राहुल गौतम, अतुल गौतम, सुप्रिया रायमाझी, सोफिया रायमाझी,साम्राज्य ढुंगाना, श्रीभाली पन्त, शिव्म प्रतिक गिरी, रसीका गिरी, श्रीयन्स पन्त

एवम् समस्त गिरी परिवार



**बजारको तयारी**
पाल्पाको बगनासकालीमा गोलभेंडा टिप्दै कृषक ।

# अर्थ वाणिज्य

kantipurdaily.com



राजधानीको कलंकीमा बनाउँदै गरिएको सुरुङ (अन्डरपास) मा काम गर्दै मजदुरहरू । आगामी पाँच महिनामा सुरुङको निर्माण कार्य सम्पन्न गर्ने गरी काम भइरहेको छ । *तस्बिर : बिजु महर्जन*

## राजस्व संकलन साढे सात अर्ब कम

■ कृष्ण आचार्य

काठमाडौं- अर्थमन्त्री युवराज खतिवडाको कडाइसँगै राजस्व संकलन थप गिरावट देखिएको छ । सरकारी अधिकारी र व्यवसायीबीचको मिलेमतोमा चुहावट हुने क्षेत्रमा खतिवडाले कडाइ गरेपछि त्यसको प्रभाव राजस्व संकलनमा देखिएको हो ।

फागुन मसान्तसम्म लक्ष्यको तुलनामा ७ अर्ब ४६ करोड ७५ लाख रुपैयाँले कम राजस्व संकलन भएको छ । अर्थ मन्त्रालय राजस्व महाशाखाका अनुसार फागुन मसान्तसम्म ४ खर्ब ३९ अर्ब ४६ करोड ७४ लाख २७ हजार रुपैयाँ राजस्व संकलन हुने लक्ष्य निर्धारण गरिएको थियो । यसको करिब ९८ प्रतिशत अर्थात् ४ खर्ब ३२ अर्ब रुपैयाँ मात्रै राजस्व संकलन भएको हो । 'संकलन हुन नसकेको करिब साढे ७ अर्ब आगामी महिनामा असुल गरेर पूर्ति गर्नुपर्ने हुन्छ,' अर्थका एक अधिकारीले भने ।

फागुन मात्रैको लक्ष्यमा करिब ९ प्रतिशतले कम राजस्व संकलन भएको छ । उनका अनुसार ४ खर्ब ७५ अर्ब ४० करोड रुपैयाँ कम राजस्व संकलन भएको हो । लक्ष्य ५३ अर्ब १३ करोड ४० लाख रुपैयाँ निर्धारण गरिएकामा ४८ अर्ब ३८ करोड रुपैयाँ मात्रै संकलन भएको हो । ती अधिकारीका अनुसार पछिल्लो समय भन्सार विन्दुमा राजस्व संकलन कम भइरहेको छ । सरकारी अधिकारी र व्यवसायीबीचको मिलेमतोमा भन्सारको सन्दर्भ मूल्यसूची (रिफरेन्स प्राइस) भन्दा कम देखाई राजस्व छली गर्ने विषयमा कडाइ भएपछि राजस्व असुलीको प्रभाव भन्सारमा देखिएको हो । यो कडाइसँगै व्यवसायीहरूले भन्सारबाट सामान छुटाउन छाडेका छन् । कतिपय सामग्रीहरू भन्सार विन्दुमा अड्किएर बसेका छन् ।

सन्दर्भ मूल्यमा धेरै नै कडाइ गरेपछि भन्सारमा सामानहरू रोकिन थालेको उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले बताए । 'एकजनाले गल्ती गर्ने ९९ प्रतिशतलाई अप्ठ्यारो पार्ने काम भइरहेको छ,' उनले भने, 'कुनै पनि वस्तुको मूल्य दैनिक परिवर्तन भइरहेको छ । यो सन्दर्भ मूल्यको सट्टा अर्को विकल्प सरकारले नअपनाउँदा यस्तो समस्या आइपरेको हो ।' उनका अनुसार खासगरी भन्सारमा चिनी रोकिन थालेको छ । चिनीको अन्तर्राष्ट्रिय बजारमा प्रतिटन ४ सयदेखि ४ सय ५० अमेरिकी डलर छ । भन्सारमा भने प्रतिटन ४ सय ६० डलरभन्दा बढीमा छुटाउनुपर्ने भनेपछि सामानहरू रोकिएको उद्योगीले बताएका छन् ।

- **सरकारी अधिकारी र व्यवसायीबीचको मिलेमतोमा चुहावट हुने क्षेत्रमा अर्थमन्त्रीले कडाइ गरेपछिको प्रभाव राजस्व संकलनमा देखिएको छ**
- **एकजनाले गल्ती गर्ने ९९ प्रतिशतलाई अप्ठ्यारो पार्ने काम भइरहेको छ । विश्वमै नभएको प्रणाली लागू गर्दा समस्या** : निजी क्षेत्र

'विश्वमै नभएको प्रणाली लागू गर्न भएन । यसले झन् बढी विकृति ल्याउने काम भइरहेको छ भनेर पटकपटक सरकारको ध्यानाकर्षण गराएका छौं,' गोल्छाले भने, 'सरकारले सन्दर्भ मूल्य वर्षमा एकपटक निर्धारण गर्ने गरेको छ । त्यो पनि हामीसँग छलफल गर्दिँदैन । यो मूल्य लागू गर्ने भनेर कुनै ऐनमा लेखिएको पनि छैन । एउटा अभ्यास मात्रै हो ।' यसले आयातमा समस्या सिर्जना गर्ने उनले बताए । सामान आयात कम हुँदै गएपछि सरकारले निर्धारण गरे अनुसारको भन्सार लक्ष्य असुल हुन नसकेको हो ।

माघसम्म (सात महिना) राजस्व संकलनको लक्ष्य ३ खर्ब ८५ अर्ब १० करोड रुपैयाँ निर्धारण गरिएको थियो । यसको करिब ९९ प्रतिशत मात्रै असुली भयो । विगतका वर्षहरूमा लक्ष्यभन्दा दुई/चार प्रतिशत बढीले राजस्व संकलन हुने गरेको थियो । यो वर्ष भने प्रायः महिना सरकारले राजस्वको लक्ष्य भेटाउन सकेको छैन । विगत ८ महिनामध्ये फागुनमा सबैभन्दा बढी रकम उठ्न नसकेको हो । अर्थ मन्त्रालयले राजस्व कम उठ्नुको कारण तत्कालै भन्न नसकिने जनाएको छ । अर्थका प्रवक्ता अर्जुनप्रसाद पोखरेलले विगतका महिनादेखि नै राजस्व संकलनमा समस्या देखिइरहेको बताए । 'यो महिनामा झन् किन घट्यो समीक्षापछि मात्रै भन्न सकिन्छ,' उनले भने, 'राजस्व संकलनको समीक्षा ६ गतेभित्र गरिसक्ने छौं ।'

राजस्व संकलन कमीको प्रत्यक्ष असर भने सरकारलाई खर्च व्यवस्थापनमा पर्नेछ । संघीयता कार्यान्वयनका कार्यक्रमहरूका लागि तत्काल ठूलो रकम आवश्यक, स्थानीय तहलाई अनुदान, ३५ जिल्लाको बाढीपहिराका लागि अबका कार्यक्रम, भूकम्पपीडितका लागि अनुदानलगायत शीर्षकमा खर्चको चाप सरकारलाई परेको हो । राजस्व उल्लेख्य संकलन हुन नसकेको र खर्च गर्ने क्षेत्र धेरै भएकाले सरकार अहिले घाटा बजेटमा चलिरहेको छ । राजस्व कम संकलन र स्रोतका अन्य विकल्पहरू सरकारसँग नभए पनि अर्थ मन्त्रालयले मितव्ययी कार्यक्रम ल्याउँदै छ । आगामी साता उक्त कार्यक्रम घोषणा गर्ने तयारी रहेको छ ।

## सञ्चयकर्ताको बोनसबाट पौने ३ अर्ब

■ विजय तिमल्सिना

काठमाडौं- वेतन कर्णाली जलविद्युत् आयोजनामा लगानी गर्न कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताको बोनसबाट दुई वर्षमा पौन २ अर्ब रुपैयाँ जम्मा भएको छ । यो रकम सञ्चय कोषको मुनाफाबाट संकलन गरिएको हो ।

यो वर्ष कर्मचारी सञ्चय कोषले १ अर्ब ८९ करोड खुद नाफा कमाएको छ । सञ्चय कोषका कायममुकायम प्रशासक दीपक रौनियारका अनुसार खुद मुनाफाको ८१ प्रतिशत हुने गरी १ अर्ब ५३ करोड रुपैयाँ सञ्चयकर्ता सेयर लगानी कोषमा जम्मा गरिएको हो ।

अघिल्लो वर्ष खुद मुनाफाबाट १ अर्ब २९ करोड रुपैयाँ यो कोषमा जम्मा भएको थियो । कोषमा २ अर्ब ८२ करोड जम्मा भएको रौनियारले जानकारी दिए ।

सञ्चयकर्ताले जम्मा गरेको रकमबाट कमाएको नाफा पुनः सञ्चयकर्ताको हितमा लगाउन विद्युत् आयोजनामा लगानी गर्न लागिएको रौनियारले बताए । 'विद्युत् आयोजना निर्माण गर्दा सञ्चयकर्ताले सेयर पनि पाउँछन्,' उनले भने, 'यसले आन्तरिक स्रोतबाट ठूलो जलविद्युत् आयोजना पनि बन्छ ।'

### वेतन कर्णाली जलविद्युत् आयोजना

सञ्चय कोष, नेपाल विद्युत् प्राधिकरण र सर्वसाधारणको लगानीमा ६ सय ८८ मेगावाटको वेतन कर्णाली जलविद्युत् आयोजना बन्न लागेको छ । यसका लागि वेतन कर्णाली सञ्चयकर्ता जलविद्युत् कम्पनी स्थापना भइसकेको छ । यसमा ४० प्रतिशत सेयर सञ्चयकर्ताको रहनेछ । सुर्खेतमा बन्ने आयोजनाको कुल लागत ७० अर्ब हुने अनुमान छ । आयोजनाको विस्तृत प्रतिवेदन (डीपीआर) बनाउने काम भइसकेको कायममुकायम प्रशासक रौनियारले जानकारी दिए । '१८ महिनामा काम सकाउने गरी चार महिनाअघि नै डीपीआरको काम सुरु भइसकेको छ,' उनले भने, 'आयोजनाका लागि अधिकांश लगानी सञ्चय कोषले गर्ने भएकाले स्रोतको अभाव हुन्न । डीपीआरलगत्तै आयोजना सुरु हुन्छ ।' उनका अनुसार आयोजनामा ४० प्रतिशत सेयर सञ्चयकर्ताको हुनेछ । त्योमध्ये ८ अर्ब सञ्चयकर्ता, ३ अर्ब सञ्चय कोष, २ अर्ब नेपाल विद्युत् प्राधिकरण, २ अर्ब प्रवर्द्धक कम्पनी र ५ अर्ब सर्वसाधारणको लगानी रहनेछ । बाँकी ६० प्रतिशत कोषले नै ऋण लगानी गर्नेछ ।

सञ्चयकर्ताको लगानी ८ अर्ब सञ्चयकर्ता सेयर लगानी कोषबाट गर्ने तयारी छ ।

बाँकी पृष्ठ १० ▸▸

## अस्ट्रेलियासँग व्यापार घाटा उच्च

■ नारायण खड्का


अस्ट्रेलिया- नेपाल र अस्ट्रेलियाबीचको व्यापारमा नेपालले गत आर्थिक वर्षमा उच्च घाटा व्यहोरेको छ ।

अस्ट्रेलियाको विदेश विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार आर्थिक वर्ष २०१६/१७ मा दुई देशबीच ५८ मिलियन डलर करिब (४ अर्ब ६४ करोड रुपैयाँ) बराबरको व्यापार भएको थियो । यो व्यापारमा नेपालले जम्मा ८ मिलियन डलर (करिब ६४ करोड रुपैयाँ) बराबरको निर्यात गरेको छ भने अस्ट्रेलियाले ५० मिलियन डलर बराबर (४ अर्ब रुपैयाँ) को सामग्री नेपाल निर्यात गरेको छ ।

विभागको तथ्यांकअनुसार नेपालसँगको व्यापार आर्थिक वर्ष २०१५/१६ मा ५० मिलियन डलरको थियो । उक्त अवधिमा अस्ट्रेलियाले ८ दशमलव २ मिलियन डलर बराबर आयात गरेको थियो भने निर्यात ४२ मिलियन डलरको थियो । नेपाल अस्ट्रेलियाले व्यापार गर्ने देशहरूको सूचीमा ९२ औं नम्बरमा थियो । नेपाल अस्ट्रेलियासँगको व्यापारमा अघिल्लो वर्षको तुलनामा एक स्थान माथि उक्लिएको हो । नेपाल अस्ट्रेलियाको निर्यातकर्ता देशहरूको सूचीमा ७४ औं स्थानमा पर्छ भने आयातकर्ता देशहरूको सूचीमा भने १ सय १३ औं स्थानमा पर्ने गरेको छ ।

तथ्यांकअनुसार नेपालबाट मुख्य गरेर कार्पेट, गरगहना, महिलाका कपडाहरूका साथै टेक्सटायल र अन्य लत्ताकपडाहरू आयात हुने गरेको छ भने अस्ट्रेलियाले सागसब्जी, तेल, तेलका कच्चा पदार्थहरू, जहाज, जहाजमा प्रयोग हुने सामानहरू र वनस्पती घिउ निर्यात गर्ने गरेको छ ।

नेपालले लामो समयदेखि अस्ट्रेलियासँग घाटाको व्यापार गर्दै आएको छ ।






# कालीगण्डकी करिडोरमा प्रसारण लाइन बन्दै

■ घनश्याम खड्का

म्याग्दी- कालीगण्डकी करिडोरमा जलविद्युत् आयोजना जोड्न सबस्टेसन र प्रसारणलाइन निर्माणले तीव्रता पाएको छ । म्याग्दीको अन्नपूर्ण ३ को दानादेखि पर्वतको कुस्मा नगरपालिकाको खुर्कोट हुँदै नवलपरासीको बर्दघाटसम्म १ सय ४२ किमि लम्बाइको २२०, १३२, ३३ र ११ केभीए कालीगण्डकी करिडोर प्रसारणलाइनमध्ये पहिलो चरणमा दाना-खुर्कोट ४२ किमि खण्डमा सबस्टेसन र लाइनका टावर धमाधम निर्माण भइरहेका छन् । कालीगण्डकी करिडोर प्रसारणलाइन आयोजनाका अनुसार दाना-खुर्कोट खण्डमा १ सय १० वटा टावर राख्न आवश्यक जग्गाको व्यवस्थापनसँगै निर्माण कार्य सुरु भएको छ । आयोजना प्रमुख चन्दन घोषका अनुसार जलविद्युत्को ५० प्रतिशत काम सम्पन्न भइसकेको छ । 'समय सीमाभित्रै पूरा गर्ने गरी काम भइरहेको छ,' उनले भने, 'ठूलो कुनै अवरोध आएन भने हामीले छिट्टै काम पूरा गर्छौं ।'

कालीगण्डकी करिडोरका सबै जलाधार क्षेत्रमा निर्माणाधीन आयोजनाहरूको उत्पादन थाल्ने मितिभित्र लाइन जोड्न मिल्ने गरी सबस्टेसन र प्रसारण लाइन



तयार हुने उनले बताए । टावर राखिने कुनै पनि ठाउँमा हालसम्म अवरोध नरहेको उनले जनाए । मुस्ताङ र म्याग्दीका जलविद्युत् आयोजना समेट्न कालीगण्डकी करिडोर, म्याग्दीखोला जलाधार क्षेत्र समेट्न म्याग्दीखोला करिडोर, पर्वतको मोदीखोला जलाधारका आयोजना र बागलुङका आयोजनाबाट उत्पादित बिजुली पर्वतको खुर्कोट सबस्टेसनमा जोडेपछि खुर्कोट-बर्दघाट खण्डको प्रसारण लाइनबाट लैजाने प्राधिकरणको योजना छ ।

प्राधिकरणले दाना र खुर्कोट २२०, १३२, ३३ र ११ केभीए कालीगण्डकी करिडोर प्रसारण लाइन र सबस्टेसन निर्माण गर्न भारतीय कम्पनी टाटा र चिनियाँ कम्पनी चिन्टको संयुक्त टाटा-चिन्ट जेभी ठेकदार कम्पनीलाई २ अर्ब ९० करोडमा ठेक्का दिएको छ । आयोजना र ठेकदारबीच सन् २०१८ नोभेम्बरमा निर्माण सम्पन्न गर्ने गरी ३० मे २०१६ मा सम्झौता भएको हो ।

कालीगण्डकी करिडोरको दाना सबस्टेसनमा जोड्ने भनिएको मुस्ताङको १० मेगावाटको थापाखोला जलविद्युत् आफ्नो बिजुली राष्ट्रिय प्रसारणमा पठाउन नपाएर अलपत्र छ । कालीगण्डकी प्रसारण लाइनमा जोड्ने भनिएको अर्को ५ मेगावाटको घलेम्दीको निर्माण अन्तिम चरणमा छ । ४२ मेगावाटको मिस्त्रीखोला जलविद्युत् आयोजनाको निर्माण ५० प्रतिशत पुगेको छ । त्यसैगरी कालीगण्डकी करिडोरको दाना सबस्टेसनमा जोड्ने गरी ३२ मेगावाटको राहुघाट, १४ मेगावाटको घारखोला, ६४ मेगावाटको कालीगण्डकी अपर, १४६ को कालीगण्डकी गर्ज, ३८ मेगावाटको नीलगिरि, मुस्ताङमा निर्माणाधीन २.४० को ताङछर खोला र ४५० मेगावाटको कोबाङ-कालीगण्डकी आयोजनाबाट उत्पादन हुने विद्युत्लाई जोड्ने योजना छ ।

# दक्षिण एसियाको वृद्धिदर ८.३ प्रतिशत पुग्ने

काठमाडौं (कास)- फ्रस्ट एन्ड सलिभनले वृद्धि, नवीनता तथा नेतृत्वसम्बन्धी 'दक्षिण एसियाली सम्मेलन २०१८' राजधानीमा सम्पन्न गरेको छ । सम्मेलनमा 'डिजिटल रूपान्तरण : व्यावसायिक तथा सामाजिक प्रभाव' शीर्षकको सेरेफेरोमा रही सम्बन्धित उद्योगका विज्ञ, फ्रस्ट एन्ड सलिभनका विषय विज्ञ र उदाहरणीय काम गरेका प्यानलिस्टहरूबाट उत्प्रेरक मन्तव्य तथा सत्रहरू सञ्चालन भएको जारी विज्ञप्तिमा उल्लेख छ । २५ भन्दा बढी सम्बन्धित उद्योगका चर्चित व्यक्तित्वहरूले उक्त शीर्षकमा आधारित आफ्नो धारणा राखे । डिजिटल दक्षिण एसियाको परिकल्पना गर्न डेढ सयभन्दा बढी प्रतिनिधिहरूको उपस्थिति रहेको आयोजकले जनाएको छ ।




फ्रस्ट एन्ड सलिभनका प्रबन्ध निर्देशक मंगेशलाल श्रेष्ठले सम्मेलनको यहाँसम्मको यात्रा र विश्वव्यापी अर्थतन्त्रमा अघि बढ्न सबै सूत्रधारहरूका लागि आजको समयमा नवीनतम रणनीतिहरू किन जरुरी छ भन्ने विषयमा आफ्नो भनाइ राखेका थिए । फ्रस्ट एन्ड सलिभनका अनुसार सन् २०२५ सम्म दक्षिण एसियाली क्षेत्रको समग्र आर्थिक वृद्धिदर ८ दशमलव ३ प्रतिशत कायम रहनेछ भने अर्थिक क्षेत्रमा सार्क राष्ट्रहरूले गर्ने योगदान सन् २०२५ सम्ममा ५ दशमलव ३ प्रतिशत पुग्नेछ । गत वर्ष उक्त योगदान ३ दशमलव ६ प्रतिशत रहेको थियो । वरिष्ठ विज्ञ तथा सम्बन्धित उद्योगका विज्ञहरूले यस क्षेत्रमा रहेको सम्भावना जस्तै ऊर्जा, कृषि तथा पर्यटनका बारेमा चर्चा गरेका थिए ।

सम्मेलनमा सार्क-चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीका अध्यक्ष सुरज वैद्य, सार्क-चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीका भूतपूर्व अध्यक्ष डासो उगेन सेछुप दोर्जी, माल्दिभ्सका लागि वाणिज्यदूत तथा सीजी कर्प ग्लोबलका प्रबन्ध निर्देशक निर्वाण चौधरी, गैरआवासीय नेपाल महासंघको अन्तर्राष्ट्रिय समन्वय समितिका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो र सार्क-चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीका कार्यकारी सदस्य तथा उद्योग वाणिज्य महासंघ पाकिस्तानका भूतपूर्व अध्यक्ष जुबैर अहमद मलिकलगायतले आफ्नो धारणा राखेको विज्ञप्तिमा छ ।

## छोटकरी

### कोकाकोलाद्वारा विजेता घोषणा

काठमाडौं (कास)- कोकाकोला नेपालले 'कोक खाम्, रसिया जाम्' क्याम्पेनको दोस्रो साताको चारजना विजेताको नाम घोषणा गरेको छ । यस योजनाअन्तर्गत उपभोक्ताले सम्पूर्ण खर्चसहित रसियामा हुने विश्वकप २०१८ प्रत्यक्ष हेर्ने मौका पाउने जारी विज्ञप्तिमा छ । अभियानमा दुईजना भाग्यमानी ग्राहकले २४ इन्चको टेलिभिजनसमेत जित्न सक्ने योजना रहेको जनाएको छ ।

### नेबिलको शाखा विस्तार

काठमाडौं (कास)- नबिल बैंकले पोखरास्थित न्युरोड शाखाको ४ नं. प्रादेशिक कार्यालय तथा तालचोक, बगर र अमरसिंहचोकमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । बैंकले ६२ शाखाहरूको बृहत् सञ्जाल, १०५ वटा एटीएम र १५ सयभन्दा बढी नबिल रेमिट एजेन्टहरूका साथमा देशव्यापी रूपमा र विश्वभर धेरै एजेन्टहरूमार्फत सेवा प्रदान गर्दै आएको जारी विज्ञप्तिमा छ ।

### चाँदीको सिक्का निष्कासन

काठमाडौं (कास)- ललितपुर उद्योग वाणिज्य संघको ५० औं स्थापना दिवस तथा स्वर्ण जयन्तीको अवसरमा स्वर्ण जयन्तीको लोगो अंकित चाँदीको सिक्का बिहीबार निष्कासन गरेको छ । नेपाल राष्ट्र बैंकको सहयोगमा स्वर्ण जयन्ती लोगो अंकित १ हजार रुपैयाँको चाँदीको सिक्का र मंगलबजारको ऐतिहासिक ढुंगेधारा अंकित १ रुपैयाँ सिक्का निष्कासन गरेको जारी विज्ञप्तिमा उल्लेख छ ।

### एनएमबी माइक्रोफाइनान्सको वार्षिकोत्सव

काठमाडौं (कास)- एनएमबी माइक्रोफाइनान्स वित्तीय संस्था छैटौं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय र हाल सञ्चालनमा रहेका ७५ शाखामा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खुला रक्तदान र मठमन्दिर सफाइलगायतका विविध कार्यक्रम आयोजना गरेको जारी विज्ञप्तिमा उल्लेख छ ।

### आईएमई र मुथुतबीच रेमिटचान्स सेवा

काठमाडौं (कास)- नेपालस्थित आईएमई लिमिटेड र भारतको मुथुत फाइनान्सले चैत १ देखि नेपाल-भारत रेमिटचान्स सेवा सुरु गरेका छन् । यो सेवाको प्रारम्भसँगै विभिन्न उद्देश्यले भारतमा रहँदै आएका नेपालीले मुथुत फाइनान्सका ४ हजार ६ सय शाखाबाट नेपालमा पैसा पठाउन सक्ने जारी विज्ञप्तिमा छ । यसरी पठाएको रकम नेपालमा रहेका ७ हजार १ सयभन्दा बढी आईएमई एजेन्टबाट भुक्तानी लिन सकिने जनाएको छ ।

### मनिग्रामको दोब्बर रकम योजना

काठमाडौं (कास)- मनिग्रामले ग्राहकलाई दोब्बर रकम प्राप्त गर्ने अफर फेरि ल्याएको छ । विदेशमा रहेका आफन्तहरूको सम्बन्ध अझ बलियो बनाउन कम्पनीले यो विशेष योजना ल्याएको कम्पनीले जनाएको छ । मनिग्रामबाट ३१ मे २०१८ सम्ममा कारोबार गर्ने प्रत्येक ग्राहक यो योजनाअन्तर्गत लक्की ड्रमा समावेश हुन सक्ने जारी विज्ञप्तिमा उल्लेख छ । मनिग्रामले प्रत्येक साता २ जना विजेता गरी उक्त योजना अवधिभर जम्मा २४ विजेताको रकम दोब्बर गरिदिने जनाएको छ ।

### रिलाइन्स लाइफ इन्स्योरेन्स सेवा सुरु

काठमाडौं (कास)- रिलाइन्स लाइफ इन्स्योरेन्सले राजधानीबाट बिहीबार आफ्नो सेवा सुरु गरेको छ । कम्पनीले सुरुवातबाट ३ वटा जीवन बिमा योजना सञ्चालनमा ल्याएको छ भने निकट भविष्यमा थप ४ बिमा योजना सञ्चालनमा ल्याउने जारी विज्ञप्तिमा उल्लेख छ । कम्पनीले 'खुलेर जिऔं-लिभ लाइफ' भन्ने नाराका साथ सञ्चालनमा आएको जनाएको छ ।

### स्मार्ट सेलको सेन्टर विस्तार

काठमाडौं (कास)- स्मार्ट टेलिकमले भक्तपुरको सूर्य विनायकमा बिहीबार स्मार्ट सेन्टर सुरु गरेको छ । सेन्टरबाट उपभोक्तालाई प्रभावकारी सेवा उपलब्ध हुने तथा स्मार्टका उत्पादन तथा सेवाहरूको जानकारी सहजै प्राप्त हुने दाबी टेलिकमले गरेको छ ।

### चिया महोत्सव हुने

काठमाडौं (कास)- राष्ट्रिय चिया तथा कफी विकास बोर्डले 'डिस्कभरिङ हिडेन ट्रेजर' भन्ने नाराका साथ तेस्रो अन्तर्राष्टिय चिया महोत्सव आयोजना गर्दै छ । चैत २३ देखि २५ सम्म राजधानीको याक एन्ड यती होटलमा महोत्सव आयोजना गरिने बोर्डले जनाएको छ । महोत्सवमा १३ मुलुकका २५ प्रतिनिधि सहभागी हुने जारी विज्ञप्तिमा छ । महोत्सवको एक मात्र उद्देश्य विश्व स्तरको चिया ब्रान्डका रूपमा नेपाली चियालाई स्थापित गर्नु रहेको छ ।

# सञ्चयकर्ताको बोनस...

सञ्चय कोषले कमाएको ४ वर्षको नाफाबाट यो लगानी उठ्ने अनुमान छ ।

वेतन कर्णालीको प्रवर्द्धक कम्पनीलाई सञ्चय कोषले आयोजनामा लगानीका लागि ५० अर्ब ऋण दिने भएको छ । यो रकम लगानीको ६० प्रतिशत हुन आउँछ । ५ लाख ६० हजार सञ्चयकर्ता रहेको सञ्चय कोषले जलविद्युत् आयोजनामा २६ अर्बको लगानी प्रतिबद्धता जनाएको छ ।

जसमध्ये १४ अर्ब लगानी गरिसकेको कोषले जनाएको छ । कोषले माथिल्लो तामाकोसी, स्याङ्जेन, रसुवागढी, माथिल्लो भोटेकोसीमा लगानी प्रतिबद्धता जनाएको छ ।

सञ्चय कोषले कमाएको खुद मुनाफाको ११ प्रतिशत करिब २१ करोड रुपैयाँ सञ्चयकर्ता कल्यणकारी कोषमा दाखिला गरिएको रौनियारले बताए । कल्याणकारी कोषबाट संस्थाले सञ्चयकर्तालाई काजकिरिया खर्च ३० हजार, दुर्घटना क्षतिपूर्तिबापत १ लाख २५ हजार, औषधोपचारका लागि ५० हजारसम्म, सुत्केरी खर्च दुईपटकसम्म ७ हजार ५ सयका दरले उपलब्ध गराउने मानव संसाधन विभाग प्रमुख अर्जुन गौतमले जानकारी दिए । उनका अनुसार कडा रोगको उपचारका लागि सञ्चयकर्तालाई सहयोग गर्ने उद्देश्यले सञ्चयकर्ता स्वास्थ्य सहयोग योजना लागू गर्ने तयारीमा छ ।

**वैदेशिक रोजगारीमा गएकालाई समेट्ने योजना**

रेमिटचासबापत भित्रिने रकमलाई समेत अवकाश कोषमा जम्मा गर्न मिल्ने गरी कार्यविधि निर्माण भइरहेको सञ्चय कोषले जनाएको छ । स्वरोजगार र वैदेशिक रोजगारीमा गएका नेपालीलाई समेट्न नयाँ योजना ल्याउने तयारी भएको कोषको मानव संसाधन विभाग प्रमुख अर्जुन गौतमले जानकारी दिए ।

उनका अनुसार कोषको सञ्चालक समितिले निर्णय गरेर अर्थ मन्त्रालयबाट स्वीकृत भएपछि यो योजना लागू हुनेछ । जसअनुसार वैदेशिक रोजगारीमा गएकाहरू वा स्वउद्यम गर्ने जो कोहीले आफूले चाहेको रकम अवकाश कोषमा राख्न सक्नेछन् ।

कार्यविधिमा वर्षमा एकपटक रकम जम्मा गर्नेलाई पनि नियमित सञ्चयकर्ता मानिने प्रावधान भएको गौतमले जानकारी दिए । जम्मा गरेको रकम अवकाशपछिको अवधिमा एकैपटक झिक्ने वा पेन्सनका रूपमा लिन सक्ने सुविधा हुनेछ । 'कति वर्ष उमेर पुगेपछि झिक्न मिल्ने भन्ने विषयमा छलफल हुँदै छ,' उनले भने, 'अवकाश कोषमा राखेको रकम सञ्चयकर्ताले निश्चित उमेर कटेपछि मात्रै झिक्न पाउनेछन् ।' यो आर्थिक वर्षको अन्त्यसम्ममा यो योजना कार्यान्वयन गर्ने कोषको तयारी छ ।


सैनिक आवासीय महाविद्यालय, सल्लाघारी, भक्तपुर — ०१-६६१०८७२
सैनिक आवासीय महाविद्यालय, फुलबारी, पोखरा — ०६१-५२७७४६
सैनिक आवासीय महाविद्यालय, फुसे, धरान — ०२५-५३११५५
सैनिक आवासीय महाविद्यालय, मंगलगढी, सुर्खेत — ०८३-५२३२११
सैनिक आवासीय महाविद्यालय, तेघरी, कैलाली — ०९१-५५११९५
सैनिक आवासीय महाविद्यालय, चैनपुर, चितवन — ०५६-५८३८०३
विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय, विजेश्वरी, काठमाण्डौ — ०१-४२७१४९८
रिपुमर्दिनी सैनिक माध्यमिक विद्यालय, बाँसबारी, काठमाण्डौ — ०१-६२००६६४

**आवश्यकता**

सैनिक आवासीय महाविद्यालय, भक्तपुर, पोखरा, धरान, सुर्खेत, कैलाली, चितवन, विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय, विजेश्वरी र रिपुमर्दिनी सैनिक माध्यमिक विद्यालय, बाँसबारीमा रिक्त निम्नलिखित शिक्षक तथा कर्मचारी पदहरु पूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०७४/१२/१६ गते शुक्रबार कार्यालय समयभित्रमा सम्बन्धित महाविद्यालय/विद्यालयहरुमा आइपुग्ने गरी आफूले प्राप्त गरेका सम्पूर्ण प्रमाणपत्रहरु सहित दरखास्त आव्हान गरिन्छ । दरखास्त फाराम सार्वजनिक विदाको दिन बाहेक सम्बन्धित महाविद्यालय/विद्यालयहरुको प्रिन्सिपल कार्यालयबाट नियमानुसार शुल्क तिरी वा महाविद्यालयको वेबसाइट www.bsamv.edu.np, www.samc.edu.np, www.bgmsm.edu.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

१. (क) **शिक्षकतर्फ आवश्यक पद तथा विषय:** ग्राजुएट टीचर (अंग्रेजी, गणित, विज्ञान, नेपाली, कम्प्युटर विज्ञान, सामाजिक शिक्षा, HPE), आंशिक शिक्षक (नृत्य)।

(ख) **आवश्यक न्यूनतम योग्यता:**

- **जी.टी. (अंग्रेजी):** त्रि.वि. वा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक तहमा ऐच्छिक अंग्रेजी विषय लिई औसतमा कम्तीमा ५० प्रतिशत अंक ल्याई उत्तीर्ण भएको हुनुपर्नेछ। (चितवन, पोखरा, सुर्खेत)।
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,०००/- कामदारले तिर्ने | निःशुल्क |


प्रि-अन्तरवार्ता धमाधम भईरहेको छ । फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट चैत्र २६ र २७ गते (9 & 10 April 2018) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**हिमालयन म्यानपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत नं.: ०८/०४२/०४३
सानेपा (पुरानो स्टार हस्पिटलबाट ५० मीटर भित्र) ललितपुर, नेपाल
फोनः ५५२५३१५, ५५२५७३१, ५५५०२८४
मो. : ९८०८४६८७८२, ९८१८२२४७३२, ९८०७९३७३३४, ९८०८८१०६३५

# कर्णाली प्रदेश

सुर्खेत



**शंख दह**

जाजरकोटको बारेकोट गाउँपालिका-४, चाखुरेमा रहेको शंख दह । आधा दर्जन तालतलैया, मठमन्दिर, जंगललगायत प्राकृतिक स्रोसाधनले बारेकोट सम्पन्न छ ।


# अभावै अभावको बारेकोट

■ भीमबहादुर सिंह

जाजरकोट- उत्तरतर्फ जुम्ला र डोल्पाको सिमानासँग जोडिएको बारेकोट क्षेत्र देख्दा जति सुन्दर लाग्छ, त्योभन्दा धेरै समस्याले जेलिएको छ । राज्य पुनः संरचनामा ४ वटा गाविस मिलाएर बारेकोट गाउपालिका बनेको हो । तर, सदरमुकाम खलंगादेखि ६० किमी टाढाको बस्ती धेरै विकट छ ।

प्राकृतिक र सांस्कृतिक सम्पदाका दृष्टिले धनी गाउँपालिका सडक सञ्जाल र अरू पूर्वाधारका दृष्टिले भने पछि परेको छ । बारेकोट स्रोत र साधनका हिसाबले निकै गरिब गाउँपालिका मानिन्छ । पश्चिममा हानीसल्ला लेक, उत्तरमा जन्ते, चाखुरे, दक्षिणमा फुलचाउली र पूर्वमा धुमातासी लेकबाट घेरामा परेको बारेकोटको उच्च पहाडको सुन्दर बस्तीमा २० हजार स्थानीय बासिन्दाको बसोबास छ । १ हजार ५ सयदेखि ५ हजार मिटरसम्म उचाइको बारेकोट चारैतिर लेक, डाँडा, चुचुरो हिमालले घेरिएको छ ।

बारेकोट गाउँपालिकामा पूर्वाधार विकास मात्र पछाडि छैन, खाद्य उत्पादन, जनचेतना, आर्थिक अवस्था, रोजगारी, स्रोतसाधनलगायतमा पछाडि नै छ । प्रायः खाद्य अभाव हुने बारेकोटका बासिन्दालाई आफ्नै उत्पादनले वर्षमा ६ महिना पनि खाना पुग्दैन । बारेकोटमा धामीझाँक्री, छुवाछूत, जातीय भेदभाव, बालविवाहलगयत अन्धविश्वास त्यत्तिकै व्याप्त छन् । गरिबीका कारण रोजगारी तथा रोजीरोटीका लागि हजारौं युवा भारतीय श्रमबजार धाउन बाध्य छन् । भारतमा गरेको मजदुरीबाट आर्जेको कमाइबाटै अधिकांश बारेकोटवासीको गुजारा चल्ने गरेको छ । बारेकोट गाउँपालिकाका सबै वडामा खोला तर्न पुल, हिंड्ने बाटो, शुद्ध खानेपानी, सञ्चार, सिँचाइ, विद्यालय भवनलगायत आधारभूत पूर्वाधारको समेत निर्माण हुन सकेको छैन । बारेकोट गाउँपालिकालाई सडक सञ्जालसँग जोड्न लागि ४० किमि ट्र्याक ओपन गर्न बाँकी छ । बारेकोट जोड्ने सडक निर्माणको सुरुवात भएको पनि दशक बितेको छ । बारेकोटको समृद्धि र विकाससँग जोडिएको जाजरकोट-जुम्ला सडक फुलचाउली लेकमै अड्किएको छ । खलंगा पाँचकाटिया, फुलचाउली हुँदै बारेकोट पुग्ने उक्त सडक विगत ६ वर्षदेखि निर्माण अलपत्र परेको छ । अलपत्र सडक निर्माणका लागि जननिर्वाचित प्रतिनिधिलगायत कसैको आँखा पुग्न सकेको छैन । सडक डिभिजन कार्यालय चौरजहारी र ठेकेदारको लापरबाहीले जाजरकोट-जुम्ला जोड्ने उक्त रणनैतिक मार्ग अलपत्र परेको हो । विगत ३ वर्षदेखि सडक निर्माणका लागि बजेट विनियोजनसमेत हुन छाडेको छ । बारेकोट हुँदै जुम्ला जोड्ने उक्त सडक निर्माण अघि बढाउनका लागि डिभिजन चौरजहारीलाई पटक-पटक आग्रह गरेको गाउँपालिका अध्यक्ष महेन्द्रबहादुर शाहले बताए । 'बारेकोटमा सडक छिटो पुर्‍याउने एक मात्र रेखांकन फुलचाउली लेकबाट हो । वन उपभोक्ता समिति, ठेकेदार, सडक डिभिजनको विवादले त्यही रेखांकन पनि अलपत्र परेको छ,' अध्यक्ष शाहले भने । सडक नपुगेसम्म बारेकोटको विकासमा कल्पना गर्न नसकिने अध्यक्ष शाहले बताए ।



बारेकोट गाउँपालिका-१, रामीडाँडाको आगरगाउँ । तस्बिर : भीमबहादुर

बारेकोट गाउँपालिका कृषि उत्पादनका लागि पनि कुनै पकेट क्षेत्रका रूपमा विकसित हुन सकेको छैन । बारेकोट क्षेत्रमा आलु, अलैंची, जडीबुटी, किबी, मकै, लसुन, सिमीलगायत कृषि उत्पादनको सम्भावना देखिन्छ । परम्परागत कृषि प्रणालीमा भर पर्दा धान, गहुँ, मकै, कोदोलगायत उत्पादन पनि घट्दै गएको छ । कृषि उत्पादन नहुँदा बारेकोटका बासिन्दा भोकमरीको चपेटामा पर्ने गरेको स्थानीय नरबहादुर गिरीले बताए । 'सिँचाइ अभाव, प्रविधिको अज्ञानतालगयत कारण कृषि उत्पादन घट्दै गएको हो, अधिकांश जमिन पनि बाँझै छ,' गिरीले भने । 'बारेकोटवासी चामल पाउन खाद्य संस्थानको घाटस्थित डिपोको भर पर्छन् । तर डिपोमा नियमित चामल पाउने व्यवस्था छैन,' उनले भने । खाद्यको घाट डिपोमा मुस्किलले वार्षिक १ हजार क्विन्टलका दरले वितरण हुने चामलले बारेकोटवासीलाई एक महिना पनि नपुग्ने गिरीले बताए । बारेकोटको खाद्य अभावलाई मध्यनजर गर्दै खाद्य संस्थाले चामलको कोटा थप गर्नुपर्ने उनले बताए । पौष्टिक तत्त्वयुक्त खाद्यवस्तुको अभावमा कुपोषण पनि व्याप्त भएको उनले बताए । सयौं बालबालिका कुपोषणको सिकार बन्न बाध्य भएको उनले बताए । भेडा, घोडा, बाख्रा, गाई, भैंसीलगायत पशुपालनको सम्भावना भए पनि यहाँका कृषक व्यावसायिक बन्न नसकेको गिरीले बताए । बारेकोट उच्च समस्थलीमा हजारौं भेडाबाख्रा पालन गर्न सकिने उनले बताए । सडक नपुग्दा प्रतिकिलोको ३० रुपैयाँका दरले घोडा, खच्चडद्वारा खाद्यलगायत दैनिक उपभोग्य वस्तु ढुवानी गरेर बारेकोटवासीको गुजारा चल्ने गरेको उनले बताए ।

बारेकोट भौतिक पूर्वाधार, कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, पर्यटन विकास, जलविद्युत् उत्पादनलगायत विकासको पहुँच बाहिर रहेको प्रमुख जिल्ला अधिकारी पुष्पराज शाहीले बताए । भौगोलिक विकटता, स्रोत साधनको अभाव, अविकास कारण बारेकोटका बासिन्दाको जीवनस्तर गुणस्तरीय बन्न नसकेको प्रजिअ शाहीले बताए ।

# २० केन्द्रबाट स्वास्थ्य सेवा

■ हरि गौतम

रुकुम पश्चिम- आठबिसकोट नगरपालिकाले २० केन्द्रबाट स्वास्थ्य सेवा प्रदान गरेको छ । साबिकका आठबिसकोट, स्यालाखदी, गोतामकोट, आठबिस डाँडागाउँ, घेत्मा गाविस र मग्मा गाविसका २ वटा वडा मिसाएर बनाइएको उक्त नगरपालिकामा ५ वटा स्वास्थ्य चौकी र १५ वटा सहरी स्वास्थ्य केन्द्रबाट स्वास्थ्य सेवा प्रदान भइरहेको हो ।

स्वास्थ्य चौकी भएका ५ वडामा पनि सहरी स्वास्थ्य केन्द्र स्थापना गरेर स्वास्थ्य सेवा प्रवाह भएको छ । वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनलगत्तै नगरपालिकाले असोजदेखि स्वास्थ्य चौकीका साथै नगरका सबै वडामा सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएको थियो । हाल २, ४, ९, ११ र १३ नम्बर वडामा स्वास्थ्य चौकी र एक/एक वटा सहरी स्वास्थ्य केन्द्र पनि सञ्चालनमा ल्याइएको छ । १, ३, ५, ६, ७, ८, १२ र १४ वडामा एक/एक सहरी स्वास्थ्य केन्द्र स्थापना गरिएको छ । १० नम्बर वडामा भने २ वटा सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइएको छ ।

भौगोलिक र जनसंख्याका आधारमा ठूलो रहेको १० नम्बर वडामा २ वटा सहरी स्वास्थ्य केन्द्र सञ्चालन भइरहेको नगर प्रमुख गोर्खबहादुर केसीले बताए । सबै सहरी स्वास्थ्य केन्द्रमा स्वास्थ्यकर्मी खटाइएको नगर प्रमुख केसीले जानकारी दिए । 'अनमी र अहेब नियुक्त गरेर आवश्यक आधारभूत औषधिसहित सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा छन्,' नगर प्रमुख केसीले भने, 'स-साना औषधि र प्राथमिक उपचारका लागि टाढा जान नपरोस् भनेर वडामै स्वास्थ्य सेवा सुरु गरिएको हो ।'

उनले हरेक सहरी स्वास्थ्य केन्द्रमा २७ भन्दा बढी थरीका औषधि निःशुल्क वितरण भइरहेको पनि जानकारी दिएका छन् । 'अब स्वास्थ्य केन्द्र खोज्दै बिरामीभन्दा बिरामी खोज्दै स्वास्थ्यकर्मी हिँड्ने अवधारणाबाट काम भइरहेको छ,' नगर प्रमुख केसीले भने, 'सहरी स्वास्थ्य केन्द्रमा खटेका स्वास्थ्यकर्मीहरू बिरामी आएनन् भनेर मात्रै बस्दैनन्, सन्चो/बिसन्चो सोध्दै हिँड्ने पनि गरेका छन् ।' साधारण रोग, घटना/दुर्घटनाको उपचारका लागि टाढा हिँड्नु नपरोस् भनेर हरेक वडामा सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइएको भनाइ उनको छ ।

नगरपालिकाले चालु आर्थिक वर्षमा स्वास्थ्यतर्फ एक करोड १५ लाख २० हजार बजेट विनियोजन गरेको छ, जसमध्ये २८ लाख ३० हजार बजेट औषधि खरिदका लागि मात्रै विनियोजन गरिएको छ ।

चालु आर्थिक वर्षको ६ महिनामा १२ लाख मूल्य बराबरको औषधि खरिद भइसकेको आठबीसकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबहादुर केसीले बताए । नगरका लागि एम्बुलेन्स खरिद, सहरी स्वास्थ्य केन्द्रको व्यवस्थापनका लागि फर्निचर निर्माण, ९ नम्बर वडाको राडीमा प्रसूति गृह निर्माण लगायतमा बजेट विनियोजन गरिएको र कतिपय काम भइसकेको अधिकृत केसीले बताए । एम्बुलेन्स केही समयमा आइपुग्ने र प्रसूति गृह निर्माणको काम पनि लगत्तै सुरु हुने उनको भनाइ छ ।


KANTIPUR PUBLICATIONS PVT. LTD. KMG

## आवश्यकता

के तपाई नेपालकै निजी क्षेत्रको पहिलो तथा अग्रणी मिडिया कम्पनीसँग आवद्ध हुन चाहनु हुन्छ ? यदि चाहनु हुन्छ भने, यस पब्लिकेसन्सको व्यवसाय प्रवर्द्धनको लागि निम्न स्थानमा आफ्नो उम्मेदवारी दिनहोस् ।

| | | |
|---|---|---|
| काठमाडौं पुरुष/महिला | - | १२५ |
| विराटनगर पुरुष/महिला | - | ५० |
| भरतपुर पुरुष/महिला | - | ५० |
| पोखरा पुरुष/महिला | - | ५० |
| नेपालगञ्ज पुरुष/महिला | - | २५ |

कम्तिमा प्लस टु उत्तिर्ण भई बजार प्रवर्द्धनमा रुचि तथा अनुभव भएका योग्य तथा इच्छुक नेपाली नागरिकले निम्न उल्लेखित ठेगानामा आफ्नो बायोडाटा नागरिकताको प्रतिलिपि र दुई थान पासपोर्ट साइजको फोटो सहित २०७४ चैत्र १५ गते सम्ममा आवेदन दिनुहोला ।

पूर्वाञ्चल क्षेत्रीय कार्यालयः
वरगाछी, बिराटनगर
फ्याक्सः ०२१-४६०१४१
E-mail: kpbiratnagar@kmg.com.np

मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालयः
कारकादो ४, भुजाईगाउँ, नेपालगञ्ज
E-mail: kpnepalgunj@kmg.com.np

कान्तिपुर पब्लिकेशन्स प्रा.लि.
मिलनचोक, भरतपुर
फ्याक्सः ०५६-५२८९००
E-mail: kpchitwan@kmg.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालयः
जाल्पारोड, पोखरा
फ्याक्सः ०६१-५२५६५६
E-mail: kpokhara@kmg.com.np


KANTIPUR PUBLICATIONS PVT. LTD.
मुख्य कार्यालयः
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.
सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं
E-mail: sales@kmg.com.np





# प्रदेश ७

धनगढी



**सुन्दर खरमुजुर**

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा देखिएको विश्वमै संकटग्रस्त अवस्थामा पुगेको खरमुजुर ।

## तातो घिउ खन्याउनेलाई मुद्दा

**दोषी र सघाउनेको नाममा ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा दर्ता**

■ भवानी भट्ट

कञ्चनपुर- कञ्चनपुरको भीमदत्त नगरपालिका ५ वनगाउँकी २३ वर्षीया युवती सुनीता चन्दको शरीरमा तातो घिउ खन्याउनेमाथि बिहीबार ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गरिएको छ । आफूसँग विवाह नगरेको भन्दै सुनीताको घरमै गई कुटपिट तथा तातो घिउ खन्याउने भीमदत्त नगरपालिका ११ गड्डाचौकीका राकेश चन्द र उनलाई सघाउने सोही नगरपालिका १० का २८ वर्षीय रामेशदत्त भट्टका नाममा जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भएको हो ।

युवतीका भाइ समीर चन्दले बिहीबार राकेश र उनलाई सीमावर्ती बजारसम्म पुऱ्याउन सहयोग गर्ने भट्टका नाममा किटानी जाहेरी दिएपछि मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीका अनुसार रमेशलाई घटनालगत्तै गड्डाचौकी क्षेत्रबाट पक्राउ गरी अनुसन्धान सुरु भएको छ ।

बुधबार आफूसँग विवाह नगरेको भन्दै राकेशले सुनीतालाई कुटपिटसँगै शरीरमा तातो घिउ खन्याएका हुन् । औंलाले सुनीताका दुवै आँखामा घोचेर भित्री भागमा समेत चोट लागेको छ । कैलालीको गेटा आँखा अस्पतालमा बिहीबार दोस्रो दिन पनि सुन्निएको नघटेका कारण उपचार हुन नसकेको सुनीताका ठूलोबुवा जनकबहादुर चन्दले बताए ।

'आँखा सुन्निएको अझै घटेको छैन, डाक्टरले घटेपछि मात्रै उपचार गर्न सकिने भनेका छन्,' उनले भने, 'आँखाको भित्री भागमा घाउ र बाहिरको झिल्ली च्यातिएको भनेको छ ।' उनले शुक्रबार फेरि बोलाएको जानकारी दिए । सुन्निएको घटेपछि मात्रै शल्यक्रिया गर्न सकिने भएकाले अस्पतालमा भर्ना नगरिएको उनले बताए । आँखाको उपचार हुन नसकेर फिर्ता ल्याइएको सुनीतालाई यहाँको महाकाली अञ्चल अस्पतालमा भर्ना गरिएको छ । तातो घिउले शरीरका विभिन्न ठाउँमा जलेका कारण अस्पतालमा भर्ना गरी उपचार भइरहेको हो ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख एसपी दिल्लीराज विष्टले मुख्य दोषी राकेशको खोजी कार्य चलिरहेको बताए । मुद्दा दर्तासँगै पक्राउ परेका भट्टलाई हिरासतमा राख्न म्याद थप गरी अनुसन्धान कार्य चलिरहेको जानकारी दिए । 'राकेश जान सक्ने सम्भावित ठाउँमा सोधपुछ तथा खोजतलास भइरहेको छ,' उनले भने, 'भारतमा समेत उनी जान सक्ने ठाउँमा खोजी गरिरहेका छौं ।'

तीन महिनाअघि पनि राकेशले आफूसँग विवाह गर्नुपर्ने भन्दै सुनीतालाई कुटपिट गरेको आफन्तले जनाएका छन् । त्यतिबेला सामान्य घटना भन्दै दुवै पक्ष बसेर जिल्ला प्रहरी कार्यालयमै मिलापत्र गरिएको थियो । दुवैतर्फका परिवारले हाडनाता पर्ने भन्दै विवाह गर्न अस्वीकार गर्दै आएका थिए । युवतीका आफन्तका अनुसार राकेशले विवाह गरेपछि पनि सुनीतालाई आफूसँग जानुपर्ने भन्दै बेलाबेलामा दबाब दिँदै आएका थिए ।

बुधबार आमाछोरी घरमै बसिरहेका बेला एक्कासि आएका राकेशले सुनीतामाथि कुटपिटसँगै तातो घिउ खन्याएका थिए । छोरीमाथि भइरहेको कुटपिट रोक्न खोज्दा आमा जयन्तीलाई पनि चोट लागेको छ । 'मैले रोक्न खोज्दा मलाई पनि धकेलेर फालिदियो,' जयन्तीले भनिन्, 'बचाउ बचाउ भन्दै हल्ला गरेपछि छिमेकी आएर जोगाएका हुन् ।'



महाकाली अञ्चल अस्पतालमा उपचार गराइरहेकी सुनीता । *तस्बिर : भवानी*

## 'हेलो सरकार' प्रभावकारी बनाइने

■ मोहन शाही

डोटी- मुख्यमन्त्रीले प्रत्यक्ष रूपमा जनताको गुनासो सम्बोधन गर्ने गरी ल्याएको हेलो सरकार कार्यक्रमलाई थप प्रभावकारी बनाइने भएको छ ।

प्रदेश ७ का प्रमुख सचिव लक्ष्मीराम पौडेलले बिहीबार दिपायलमा आयोजना गरेको कार्यक्रम हेलो सरकारलाई प्रभावकारी बनाउन प्रदेश सरकारले अध्ययन गरिरहेको जानकारी दिए । उनले क्षेत्रीय र जिल्लास्तरका सबै कार्यालयहरूमा गुनासो अधिकारी नियुक्त गरी जिल्ला प्रशासन र क्षेत्रीय प्रशासनमा जानकारी दिन मातहतका कार्यालय प्रमुखलाई निर्देशन समेत दिएका छन् ।

चैत महिनाभित्रै कैलालीस्थित सबै कार्यालयमा हेलो सरकार लागू गर्ने योजना प्रदेश सरकारको छ । मुख्यमन्त्री त्रिलोचन भट्टले भ्रष्टाचारविरुद्ध प्रदेशलाई सुशासन मैत्री बनाउने भन्दै हेलो सरकार अभियानलाई प्रभावकारी बनाउने यस अघि बताइसकेका छन् ।

'मन्त्रालयहरूमा तत्कालै गुनासो अधिकारी समेत तोकेर हेलो सरकारलाई प्रभावकारी बनाउन लाग्दै छौं,' प्रमुख सचिव पौडेलले भने, 'स्थानीय तहमा पनि यसलाई अनिवार्य बनाउने प्रयास भइरहेको छ ।' मुख्यमन्त्री र प्रधानमन्त्रीले जनताको गुनासो सोझै सुन्न मिल्ने गरी हेलो सरकार अभियान प्रभावकारी बनाउन लागिएको हो ।

बाबुराम भट्टराईले प्रधानमन्त्री भएका बेला हेलो सरकारको अवधारणा अघि सारेका थिए । सो अवधारणाअनुरूप गुनासो व्यवस्थापन र अनुगमन प्रणालीलाई चुस्त र प्रभावकारी बनाउन सुशासन (व्यवस्था सञ्चालन) ऐन र नियमावलीले व्यवस्था गरे बमोजिम ०६८ सालमा हेलो सरकारसम्बन्धी कार्यविधि लागू गरिएको छ । निर्देशिकामा गुनासोको प्रकृति हेरी एक हप्ताभित्र सरोकारवालालाई जवाफ दिने प्रावधान छ ।

प्रधानमन्त्रीले ल्याएको हेलो सरकार अभियान प्रदेशस्तरमा खुलेको भने थोरैलाई मात्र जानकारीमा छ । ०७२ सालमै क्षेत्रीय प्रशासन कार्यालय दिपायलमा छुट्टै हेलो सरकार कक्षको स्थापना गरिसकिएको थियो । तर प्रचारप्रसारको अभावमा हेलो सरकारको अवधारणा भने खासै उपयोगमा ल्याउन नसकेको क्षेत्रीय प्रशासन कार्यालयका उप प्रशासक शंकर विष्टले स्विकारे ।

क्षेत्रीय प्रशासन कार्यालय दिपायलमा दर्ता भएका उजुरी सोझै प्रधानमन्त्री र मुख्य मन्त्रीले हेर्न, सुन्न र पढ्न पाउँछन् । 'जनताको गुनासो समाधान गर्ने यो प्रभावकारी औजार हो,' उपप्रशासक विष्टले भने, 'तर विभिन्न कारणले अहिले उपयोगमा नआए पनि अब यसलाई सुशासनको मुख्य खम्बाका रूपमा लैजाने भएका छौं ।' दिपायलमा रहेको हेलो सरकारमा स्थापना भएदेखि अहिलेसम्म एक सय ७ मात्र गुनासोहरू दर्ता भएका छन् । दर्ता भएकामध्ये पनि अधिकांश सुरक्षा निकाय र जिल्ला प्रशासनसँग सम्बन्धित रहेका छन् । हेलो सरकारमा फोन, एसएमएस, फेसबुक, टवीटर लगायतका माध्यमबाट गुनासो राख्न सकिन्छ । उपप्रशासकको संयोजकत्वमा प्रदेशमा हेलो सरकार चलाउने गरिएको छ । उपप्रशासक विष्टले पैसा नलाग्ने टोलफ्रि नम्बर ११११ मा फोन तथा एसएमएस मार्फत गुनासो दर्ता गर्न सकिने जानकारी दिए । क्षेत्रीय र जिल्ला स्तरका सबै सार्वजनिक कार्यालयले गुनासो सुन्ने अधिकारी अनिवार्य राख्नुपर्ने भए पनि अहिलेसम्म तोकेका छैनन् ।



मुख्यमन्त्री त्रिलोचन भट्ट

## बीउ संरक्षण गर्दै किसान

■ मोहन शाही

डोटी- ३ वर्षदेखि जोरायल गाउँपालिका २ घण्टेश्वरकी इन्द्रा ओली 'दाब्बी' नामको स्थानीय गहुँ जोगाउन दिनरात जुटेकी छन् । ओसिलो क्षेत्रमा पनि फल्ने तथा पिठो नरम हुने विशेषता रहेको दाब्बी गहुँ घण्टेश्वर क्षेत्रमा मात्र पाइन्छ । गहुँको महत्त्वबारे गाउँका बूढापाकाबाट थाहा पाएपछि उनी ३ वर्ष यता उक्त गहुँ संरक्षणमा जुटेकी छन् । 'गत साल असिनापानीले सबैको गहुँ नष्ट गऱ्यो तर दाब्बी गहुँलाई केही भएन' गहुँको अर्को महत्त्वबारे जानकारी दिँदै इन्द्राले भनिन्, 'यसको विशेषता भनेको यो गहुँलाई असिनापानी र किराफट्यांग्राबाट सहजै जोगाउन सकिन्छ ।'

त्यस्तै घण्टेश्वरका चपरताली बस्तीका ९ जनजाति परिवारले पाखो जमिनमा स्थानीय भोटे सिमी र प्याजको संरक्षण गरिरहेका छन् । 'जिजुबाजेको पालादेखि लगाउँदै आएको प्याज र सिमी आजभोलि सबै ठाउँमा पाउन सकिन्न,' जोरायल गाउँपालिका २ चपरतोलीका पदमबहादुर थापाले भने, 'हामीले त्यसको संरक्षण किन नगर्ने भनेर बस्तीका ९ परिवार अहिले लागिपरेका छौं ।' किरमिरे, लाहुरे नामका वर्षायाममा लटरम्म फल्ने रातो रङको सिमी पनि स्थानीयले संरक्षण गर्न थालेका छन् ।

स्थानीय प्याजको नाम भने किसानलाई थाहा छैन । ठूलो दाना हुने, सलादका रूपमा खान उपयुक्त हुने विशेषता रहेको स्थानीय प्याज उत्पादन पनि राम्रो हुने गरेको किसानहरूले बताए । प्याजको एउटै दाना ८ सय ५० ग्रामसम्मको फलाएको किसानहरूले जानकारी दिए । घण्टेश्वरमा अरू किसान पनि स्थानीय बीउ संरक्षण अभियानमा लागेका छन् । लोप हुन थालेका स्थानीय बालीनाली तथा तरकारीका बीउ संरक्षणमा जोरायल गाउँपालिका २ घण्टेश्वरका किसान सामूहिक रूपमा समेत लागिपरेका छन् । धान, मकै, सिमी, मुला, कोदो, फापर, धनियाँ, लसुन जस्ता विभिन्न स्थानीय बालीनालीको बीउ संरक्षणमा जोड दिएका छन् । स्थानीय ७३ प्रजातिका लोपोन्मुख बीउहरू संरक्षण गरिएको दाबी किसानहरूले दाबी गरेका छन् । उनीहरूले ०७० सालबाट जैविक विविधता संरक्षण कृषि सहकारी संस्था बीउ बैंकका रूपमा समेत स्थापना गरेका छन् ।



उक्त सहकारीमा ३ सय ६० किसानहरू आबद्ध छन् । जैविक, पर्यावरण संरक्षणमा त्यस क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको ली वर्ड नामक संस्थाले स्थानीय बीउ संरक्षणका लागि जागरणमूलक कार्यक्रमहरू किसानमाझ ल्याएपछि स्थानीवासी हौसिएका हुन् । 'बाहिरबाट आयात हुने बीउ, तरकारी बालीले स्थानीय प्रजातिहरू हराउन लागेको अनुभूति नै थिएन,' सहकारीका अध्यक्ष भोजबहादुर मल्लले भने, 'स्थानीय बीउको महत्त्वबारे ली वर्डले सम्झाउन, बुझाउन लागेपछि हामीहरू संरक्षणमा सामूहिक रूपमा जुट्यौं ।' सहकारीमार्फत घण्टेश्वरका किसानहरूले सरकारले काठमाडौं खुमलटारमा स्थापना गरेको राष्ट्रिय जिन बैंकमा जिल्लाका ५८ स्थानीय बालीनालीका प्रजातिहरू संरक्षणका लागि पठाइसकेको सहकारीका प्रबन्धक गणेश विष्टले जानकारी दिए ।

## कुष्ठरोगको उच्च जोखिम

कान्तिपुर संवाददाता

कञ्चनपुर- कञ्चनपुरमा जिल्लास्तरीय कुष्ठरोग निवारण अभियान सुरु हुने भएको छ । प्रदेश ७ का अन्य जिल्लाको तुलनामा उच्च जोखिममा रहेका कारण चैत ४ देखि ७ सम्म अभियान सुरु गरिने भएको हो । सरकारले नेपालमा २०१० मै कुष्ठ रोग निवारण भएको घोषणा गरे पनि विभिन्न जिल्लाहरूमा भने अझै पनि जोखिम उच्च रहेका कारण जिल्लास्तरमै कार्यक्रम गरिन लागेका हुन् । विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार प्रति १० हजारमा १ जना भन्दा कममा रोग देखिए निवारण भएको मानिन्छ ।

'समग्र देशभरिमा निवारण भए पनि जिल्ला तहमा भने अझै जोखिम कायमै छ,' अभियानका बारे बिहीबार पत्रकारहरूसँग आयोजित अन्तरक्रियामा जिल्ला जनस्वास्थ्य कार्यालय कञ्चनपुरका क्षय-कुष्ठ अधिकृत उद्धवबहादुर ठगुन्नाले भने, 'प्रदेश ७ का कैलाली, कञ्चनपुर र अछाम अझै उच्च जोखिममा छन् ।' उनका अनुसार कञ्चनपुरमा कुष्ठरोगीको संख्या प्रति १० हजारमा १ कै हाराहारीमा रहेको र विगत ८/१० वर्षदेखि घट्न सकेको छैन । यस वर्ष उक्त संख्या बढ्न सक्ने अनुमान गरिएको छ ।

जनस्वास्थ्य कार्यालयका अनुसार कञ्चनपुरमा गत आर्थिक वर्षमा ५२ जना नयाँ रोगी भेटिएका थिए । चालु आवको पहिलो चौमासिकमै ५३ जना भेटिएकाले जोखिम बढ्दै गएको ठगुन्नाले बताए । गत वर्षभन्दा अघि ४७ जना उपचाररत थिए । 'ग्रामीण भेगमा अझै पनि कुष्ठरोगी लुकेर बसेका कारण बिरामीको संख्या बढ्न थालेको देखिन्छ,' उनले भने, 'त्यस्ता रोगीलाई घरघरमै पुगेर खोज्ने तथा उपचार गराउने गरी अभियान सुरु हुन लागेको हो ।' ४ दिनसम्म सञ्चालन हुने अभियानअन्तर्गत जिल्लाका ६ वटा नगरपालिकामा ६ सय १८ जना स्वयंसेविका र १ सय ३० जना स्वास्थ्यकर्मी परिचालन हुनेछन् । उनीहरूले घरघरमै पुगेर बिरामी खोज्ने र उनीहरूलाई स्वास्थ्य संस्थासम्म ल्याउनेछन् । यसका साथै कुष्ठरोगका लक्षण, उपचार विधि र सरुवा रोग भएका कारण समयमै उपचार गर्नुपर्ने लगायतका जनचेतना समेत ग्रामीण भेगमा दिनेछन् । अभियानका क्रममा २०/२५ जना थप नयाँ बिरामी भेटिने अनुमान गरिएको ठगुन्नाले बताए । यतिबेला जिल्लास्तरमा अभियानको तयारीका लागि जनप्रतिनिधि, स्वास्थ्यकर्मी र सरोकारवालासँग छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरू चलिरहेको उनले बताए ।


> 'ग्रामीण भेगमा अहिले पनि कुष्ठरोग भन्नेबित्तिकै लुकेर बस्ने तथा पूर्वजन्मको पाप हो भन्ने चलन व्याप्त छ,'

जिल्लाका महाकाली, भीमदत्त, वेदकोट, कृष्णपुर, शुक्लाफाँटा र पुनर्वास नगरपालिकामा यो अभियान सुरु हुनेछ । जिल्लाका अन्य बेलौरी नगरपालिका तथा बेल्डाडी र लालझाडी गाउँपालिकामा विगतका वर्षमा पनि यस्ता कार्यक्रम सञ्चालन भएकाले यस वर्ष नगरिने जनस्वास्थ्य कार्यालयले जनाएको छ ।

'ग्रामीण भेगमा अहिले पनि कुष्ठरोग भन्नेबित्तिकै लुकेर बस्ने तथा पूर्वजन्मको पाप हो भन्ने चलन व्याप्त छ,' जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख भवानीदत्त जोशीले भने, 'त्यही बुझाइलाई हटाउन जनचेतनामूलक कार्यक्रम पनि गरिनेछ ।' उपचार गर्ने भन्दा बिरामीलाई टाढा राख्ने समस्याका कराण १० वर्षको अवधिमा रोगीको संख्या घट्न नसकेको उनले बताए । सरुवा रोग भएका कारण घनाबस्ती भएको ठाउँमा यसको प्रकोप बढी हुने गरेको छ । भीमदत्त नगरपालिकामा जिल्लाकै सबैभन्दा बढी १७ नयाँ रोगी भेटिएको जनस्वास्थ्यको तथ्यांक छ ।















### तपाईंको आज

| | |
|---|---|
| मेष | यात्रामा सफल |
| वृष | कार्यसिद्धि |
| मिथुन | पुण्य आर्जन |
| कर्कट | अस्वस्थता |
| सिंह | मित्र भेट |
| कन्या | रोग भय |
| तुला | विद्यामा सफलता |
| वृश्चिक | आलस्यता |
| धनु | पराक्रम बढ्ने |
| मकर | धन आर्जन |
| कुम्भ | भाग्यवृद्धि |
| मीन | केही लाभ |

### भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल चैत्र ३ गते शनिबार तदनुरुप १७ मार्च २०१८ चैत्र कृष्णपक्ष अमावस्या तिथि साँझको ६:३३ बजेसम्म उप्रान्त चैत्र शुक्लपक्ष प्रतिपदा तिथि पूर्वभाद्रपदा नक्षत्र रात्रिको ७:४५ बजेसम्म उप्रान्त उत्तरभाद्रपदा नक्षत्र शुभ योग रात्रिको ८:४७ बजेसम्म उप्रान्त शुक्ल योग चतुष्पद करण प्रातः ६:२० बजेसम्म उप्रान्त नाग करण कुम्भ राशिमा चन्द्रमा दिनको १:३१ बजेसम्म उप्रान्त मीन राशिमा । ज्यो. रामप्रसाद सिटौला

### कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | क्विज मेनिया |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | एम एन्ड एस (इन्स्पायर) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | गोलमाल |
| २:०० | ट्वान्टी फर्स्ट लभ |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | क्विज मेनिया |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ७:०० | ट्वाक्क टुक्क |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | समकोण |
| १०:०० | स्वास्थ्यको लागि रेडियो बहस |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | ट्वाक्क टुक्क |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | के आज घरमै |

### रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (सबिना नेपाल) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | मानसिक स्वास्थमा कोसिस |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (एलिसा) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | द गुडमर्निङ शो (एलिसा) |
| १०:०० | स्पोर्ट एन्ड डायरी |
| १०:०५ | न्यु रिलिज (रेमन) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | फेमिना (सबिना) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप अफ दि टप्स (संजय) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (स्मिता राना) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | सौराई (कृष्ण मल्ल) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | सिने क्विज (शुभराज अधिकारी) |
| १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| १८:०० | सुरक्षित वैदेशिक रोजगार |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | वेल नो टेन्सन (दीपकराज/अम्बिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | प्लेट्रोनिक्स (सञ्जय गुप्ता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | क्लब मिक्स (गिरिश) |
| २३:०० | इलिभेन्थ आवर (संजय) |
| २४:०० | टप अफ टि टप्स (संजय) |
| ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

### अस्पताल र विविध

| | |
|---|---|
| **नेपालगन्जका महत्वपूर्ण टेलिफोन** | |
| भेरी अञ्चल अस्पताल | ५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय | ५२०२११ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०१०४ |
| रेडक्रस ब्लड बैंक | ५२०१७४ |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२१११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५११५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७०००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८०००९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३२५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

### प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

### शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)



## गुरिल्लामा च्याम्पियन


रूकुमको सानीभेरी गाउँपालिकाले आयोजना गरेको पहिलो सानीभेरी–मौराखारा गुरिल्ला म्याराथनको उपाधि अर्जुन बस्नेत जितेका छन् । उनले २२ दशमलव ६ किलोमिटर दूरी ३ घण्टा १५ मिनेटमा पूरा गरे ।

## छोटकरी

**न्यु डायमन्ड र एपीएफ भिड्ने**
काठमाडौं (कास)- सशस्त्र प्रहरी महानिरीक्षक पाँचौं राष्ट्रिय खुला महिला भलिबलको उपाधि लागि आयोजक नेपाल एपीएफ क्लब र शिवम् न्यु डायमन्ड एकेडेमी भिड्ने भएका छन् । फाइनल शुक्रबार हुनेछ । एपीएफले हल्चोकस्थित घरेलु कोर्टमा त्रिभुवन आर्मीलाई २५-९, २५-९, २५-१० ले हराएको थियो । न्यु डायमन्डले नेपाल पुलिस क्लबमाथि २५-१०, २५-२२, २५-१३ विजय प्राप्त गर्‍यो ।

**जनप्रेमी सफल**
काठमाडौं (कास)- चौथो उपत्यकाव्यापी अन्तरस्कुल एजे कप भलिबलमा छात्रातर्फको उपाधि जनप्रेमी मावि कौशलटारले जितेको छ । आदर्शज्योतिविरुद्ध फाइनलमा जनप्रेमीले ३-० को सोझो सेटमा जित पायो । छात्रतर्फ ग्लेसियरले आदर्शज्योति माविलाई फाइनलमा ३-१ सेटले हराएर उपाधि जित्यो । छात्रामा दिव्यदीप र छात्रमा बागेश्वरी मावि तेस्रो भए । उत्कृष्ट खेलाडी जनप्रेमीकी अशोका देवकोटा र ग्लेसियरका विशाल बस्नेत घोषित भए । उत्कृष्ट प्रशिक्षकमा जनप्रेमीका रुपेश विष्ट चुनिए ।

**अमरज्योतिलाई उपाधि**
संखुवासभा (कास)- मोरङको अमरज्योति क्लबले मादी कप फुटबलको उपाधि जितेको छ । मादीमा बिहीबार सम्पन्न फाइनलमा आयोजक हाङथुम क्लबलाई ४-३ ले हराउँदै अमरज्योति च्याम्पियन भयो । हाङथुमका विशाल जिमी सर्वाधिक गोलकर्ता, अमरज्योतिका विरेश गुरुङ सर्वोकृष्ट खेलाडी र विशाल चेम्जोङ उत्कृष्ट गोलरक्षक भए ।


रोयटर्स

# मेसीको सय गोल

बार्सिलोना (एएफपी)- लियोनल मेसीले चेल्सीको गल्ती उपयोग गर्दै च्याम्पियन्स लिग फुटबलमा एक सय गोल गरेसँगै बुधबार बार्सिलोनाले क्वाटरफाइनल यात्रा पक्का गरेको छ ।

मेसीको दुई गोल सहयोगमा बार्सिलोनाले नोउ क्याम्पमा भएको अन्तिम १६ को दोस्रो लेगमा ३-० ले नतिजा आफ्नो पक्षमा पार्‍यो । टोली समग्रमा ४-१ को जितसहित अगाडि बढ्यो ।

चेल्सीविरुद्ध मेसीले १ सय २९ सकेन्डमै गोलको खाता खोलेका थिए । त्यति बेलासम्म चेल्सीले पास खेल्न पनि पाएको थिएन । उनले करिअरकै सबभन्दा छिटो गोल गरेका हुन् । उनले ओसिमन डेम्बेलेका लागि पनि आकर्षक रूपमा गोल अवसर सिर्जना गरिदिए । त्यसपछि मेसीले च्याम्पियन्स लिगमा गोलको शतक पूरा गरे ।

युरोपकै सबभन्दा माथिल्लो प्रतियोगिता च्याम्पियन्स लिगमा सय गोल गर्ने मेसी दोस्रो खेलाडी हुन् । उनले १ सय ५२ खेलमा १ सय १७ गोल गरेका रियल म्याड्रिडका क्रिस्टियानो रोनाल्डोलाई पछ्याइरहेका छन् ।

स्टामफोर्ड ब्रिजमा भएको पहिलो लेग १-१ मा टुंगिएको थियो । नोउ क्याम्पमा खेल सकिएपछि चेल्सीका व्यवस्थापक एन्टोनियो कोन्टेले मेसीलाई बधाई दिएका थिए । कोन्टेको टिमले विशेष गरी पहिलो हाफमा अवसर पाएको थियो तर खेलमा बार्सिलोना नै हाबी भयो ।

म्यानचेस्टर युनाइटेडलाई सेभियाले हरायो । टोटेनहमविरुद्ध युभेन्टस्‌ले जित निकाल्यो । चेल्सी पनि हारेपछि प्रिमियर लिग प्रतिनिधिका रूपमा च्याम्पियन्स लिगको क्वाटरफाइनलमा लिभरपुल र म्यानचेस्टर सिटीमात्र रहे । स्पेनबाट बार्सिलोनासँगै रियल म्याड्रिड र सेभिया छन् भने जर्मन महारथी बायर्न म्युनिख पनि निरन्तर अन्तिम आठमा पुग्यो ।

बायर्न टर्कीमा भएको दोस्रो लेगमा बेसिक्टासलाई ३-१ ले पन्छाउँदै लगातार सातौंपल्ट क्वाटरफाइनल प्रवेश गर्‍यो । पहिलो लेग ५-० ले जितेको उसले समग्रमा ८-१ को सफलता हात पार्‍यो ।

**च्याम्पियन्स लिग**

**क्वाटरफाइनल पुग्ने टोली**

- बार्सिलोना (स्पेन)
- बायर्न म्युनिख (जर्मनी)
- युभेन्ट्स (इटाली)
- लिभरपुल (इंग्ल्यान्ड)
- म्यानचेस्टर सिटी (इंग्ल्यान्ड)
- रियल म्याड्रिड (इंग्ल्यान्ड)
- एएस रोमा (इटाली)
- सेभिया (स्पेन)

# थ्रीस्टार फाइनलमा

**२० औं तिलोत्तमा गोल्डकप**

■ अमृता अनमोल

बुटवल- रुस्लान थ्रीस्टार क्लब बिहीबार लक्ष्मी हुन्डाई मनाङ मर्स्याङदीलाई २-१ ले पराजित गर्दै २० औं तिलोत्तमा गोल्डकप नकआउट फुटबलको उपाधि नजिक पुगेको छ । उपाधिका लागि थ्रीस्टारले शनिबार पुलिस क्लबसँग प्रतिस्पर्धा गर्नेछ ।

जारी सिजनमा थ्रीस्टारको मनाङमाथि तेस्रो जित हो । थ्रीस्टारले इटहरी गोल्डकप फाइनल र नारायणगढमा विकास रनिङ सिल्डको सेमिफाइनलमा मनाङलाई हराएको थियो । बिहीबार थ्रीस्टारको जितमा बुद्ध चेम्जोङ र नीराजन खडकाले गोल गरे । मनाङबाट विदेशी खेलाडी फ्लोरेन्सले एक गोल फर्काए ।

खेलको २३ औं मिनेटमा फ्लोरेन्सले गोल गर्दै मनाङलाई अग्रता दिलाए । विशाल राईको पासमा उनले गोलमा परिणत गरे । त्यसको एक मिनेटमै थ्रीस्टारका बुद्धले गोल फर्काए । उनले मार्टिनको पासमा गोलमा गरेका थिए । बराबरी धेरै समय टिक्न सकेन । पहिलो हाफको ३९ औं मिनेटमा थ्रीस्टारका कप्तान नीराजनले गोल थप्दै टोलीलाई अग्रता दिलाए । रेजिन धिमालको फ्रिकिक प्रहारमा नीराजनले हेड गर्दै गोल गरे । त्यसपछि दुवैले अवसर आए पनि गोल गर्न सकेनन् । घरेलु मैदानमा थ्रीस्टारका विमल घर्तीमगरले गतिलो प्रदर्शन गर्न सकेनन् ।

मनाङको तर्फबाट विदेशी खेलाडी सोलो, भिक्टोरसहित अन्जन विष्ट, सुजल श्रेष्ठ र विशाल राई गोल गर्ने अवसरबाट चुके । फितला प्रहार थ्रीस्टारका गोलरक्षक एलन न्यौपानेले सजिलै बचाए । थ्रीस्टारले खेलअवधिमा पाएका ५ अवसर सदुपयोग गर्न सकेन । रेजिन धिमालसहित विदेशी खेलाडी अजायी मार्टिन र लावाल वोलाकानको गोल प्रयास पनि सफल भएन ।

मनाङका प्रशिक्षक शैलेन्द्र कर्माचार्यले यो वर्षका सबै खेलमा थ्रीस्टार बाधक बन्दा उपाधि दौडमा रोकिनुपरेको बताए । खेल जित्ने रणनीतिअनुसार मैदानमा दबदबा राख्दा पनि गोल अवसर चुकेको उनले बताए । थ्रीस्टारका प्रशिक्षक मेघराज केसीले खेलाडीको उच्च प्रदर्शनकै कारण जित निस्केको बताए । थ्रीस्टारका बुद्ध चेम्जोङ म्यान अफ द म्याच बने ।



**म्यान अफ द म्याच थ्रीस्टारका बुद्ध चेम्जोङ ।** *तस्बिर : अमृता*

# रत्नजितको जोडी च्याम्पियन

काठमाडौं (कास)- चौधौं राष्ट्र्व्यापी कृष्णमोहन स्मृति खुला ब्याडमिन्टनको पुरुष युगलमा त्रिभुवन आर्मी क्लबका रत्नजित तामाङ र नवीन श्रेष्ठको जोडी च्याम्पियन भएको छ ।

उनीहरूले बिहीबार एपीएफ क्लबका दीपेश धामी र विजित थापामगरको जोडीलाई २१-१६, १९-२१, २२-२० हराएका थिए ।

महिला युगलमा एपीएफका पूजा श्रेष्ठ र शिक्षा श्रेष्ठको जोडी च्याम्पियन भएको छ । उनीहरूले फाइनलमा आर्मीका नङसलदेवी तामाङ र अनुमाया राईको जोडीलाई कठिन प्रतिस्पर्धामा २१-२३, २१-१४, २१-१६ ले हराए ।

मिश्रित युगलमा एपीएफका पूजा र दीपेशको जोडी विजेता भयो । उनीहरूले आर्मी क्लबका नङसल र रत्नजित तामाङको जोडीलाई १७-२१, २१-१९, २१-१७ को सेटमा हराए ।

दार्चुलाका प्रिन्स दाहालले १७ वर्षमुनिको फाइनलमा आर्मीका प्रफुल्ल महर्जनलाई २१-१४, २१-१९ ले पराजित उपाधि जितेका छन् ।

भेट्रान ४५ वर्षमाथि युगलको फाइनलमा जेष्ठ ब्याडमिन्टन एकेडेमीका नवीनबाबु श्रेष्ठ र श्याम पराजुलीको जोडीले ग्यालेक्सी क्लबका राजु भुजु र हरिप्रसाद श्रेष्ठको जोडीलाई २१-१७, २१-१७ ले हराएर उपाधि जित्यो ।

पुरुष एकलको फाइनलमा शुक्रबार एपीएफका दीपेश धामी र आर्मीका रत्नजित तामाङबीच प्रतिस्पर्धा हुनेछ ।

# गुरिल्ला म्याराथनमा अर्जुन विजयी

■ हरि गौतम

रुकुम (पश्चिम)- सानीभेरी गाउँपालिकाद्वारा आयोजित पहिलो सानीभेरी-मौराखारा गुरिल्ला म्याराथन अर्जुन बस्नेतले जितेका छन् । उनले २२ दशमलव ६ किलोमिटर दूरीको म्याराथन ३ घण्टा १५ मिनेटमा पूरा गरेका थिए ।

सानीभेरी-३ का २१ वर्षीय अर्जुनले ५० हजार नगद पुरस्कार हात पारेका छन् । मुसीकोट नगरपालिका-६ का २८ वर्षीय दुर्गाराज बुढाले ३ घण्टा १७ मिनेटबाट दोस्रो स्थान प्राप्त गरे । उनले ४० हजार पुरस्कार पाए । नौबहिनी गाउँपालिका-१, प्यूठानका ४२ वर्षीय दामोदर बुढा ३ घण्टा १९ मिनेटमा दूरी पार गर्दै तेस्रो भए । उनले ३० हजार रुपैयाँ पाए । म्याराथनमा १७ जनाले भाग लिएका थिए । सानीभेरी नदी किनारबाट सुरु भएको दौड तीन हजार उचाइमा रहेको मौराखारा लेक हुँदै फेरि ओरालो झरेको छ । पर्यटकीय महत्त्वको मौराखाराको प्रचारमा म्याराथन दौड आयोजना गरिएको गाउँपालिकाले जनाएको छ । सशस्त्र द्वन्द्वमा लडाकुलाई पहिलोपल्ट तालिम दिएको ठाउँसमेत मौराखारा हो । 'मौराखारा यसै पनि ऐतिहासिक ठाउँ हो,' गाउँपालिका अध्यक्ष नरबहादुर पुनले भने, 'गाउँपालिकाले मौराखाराको प्रचारप्रसार गरेर पर्यटकीय मुभमेन्ट बढाउने योजना बनाएको छ ।'

मौराखारा लेकबाट रुकुम, जाजरकोट, डोल्पालगायत धेरै जिल्लाका ठाउँहरू पनि अवलोकन गर्न सकिन्छ ।










# प्ले-अफमा नेपालको रवाफ









तस्बिरहरू : आईसीसी

**कान्तिपुर संवाददाता**

काठमाडौं- नेपाललाई वान-डे अन्तर्राष्ट्रिय मान्यताप्राप्त गर्न बिहीबार पपुवा न्युगिनी (पीएनजी) विरुद्धको जित अत्यावश्यक थियो । विश्वकप छनोटअन्तर्गत प्ले-अफको उक्त महत्त्वपूर्ण खेलमा दीपेन्द्रसिंह ऐरीको अलराउन्ड प्रदर्शनसँगै नेपालले ६ विकेटको जित हात पार्‍यो । अर्को प्लेअफमा नेदरल्यान्ड्सले हङकङलाई ४४ रनले पराजित गरेपछि नेपालको वान-डे अन्तर्राष्ट्रिय मान्यता पक्का भएको छ ।

जिम्बावेस्थित हरारे मैदानमा टस जितेर फिल्डिङ रोजेको नेपालले २८ ओभरमै पीएनजीलाई १ सय १४ रनको सामान्य स्कोरमा अलआउट गर्‍यो । नेपालका सोमपाल कामीले तेस्रो ओभरमै ओपनर असद भालाको विकेट लिँदै उत्कृष्ट सुरुआत दिलाए । अर्का ओपनर टोनी उरा पनि आठौं ओभरमा ११ रन जोड्दै करण केसीको बलमा कट बिहाइन्ड भए । त्यसपछि सन्दीप लामिछानेले मध्यक्रम ध्वस्त पार्ने क्रममा ४ विकेट लिए ।

१३ औं ओभरमा चाड सोपरलाई १० रन जोड्का एलबीडब्लू धरापमा पारेका सन्दीपले अर्को ओभरमा सेसे बाउलाई बोल्ड गरे । १६ औं ओभरको पहिलो बलमा माहुरु दाइलाई आउट गरेका सन्दीपले अर्को ओभरमा किप्लिन डोरिगालाई बोल्ड गर्दै पीएनजीलाई ७८-६ को स्थितिमा पुर्‍याए ।

अर्का स्पिनर दीपेन्द्रसिंह ऐरीले तल्लोक्रमका ब्याट्सम्यानलाई आउट गरेसँगै पीएनजी २८ औं ओभरमा १ सय १४ रन जोडेर अलआउट भयो । दीपेन्द्रले सर्वाधिक १९ रनमा खेलिरहेका चार्ल्स अमिनीलाई एल्बीडब्लू आउट गरे । जेसन किला १५ रनको स्थितिमा दीपेन्द्रको बलमा बोल्ड भएलगत्तै अर्को बलमा नर्मन भानुआ पनि बोल्ड हुन पुगे । त्यसपछिको ओभरमा जोन रेभाले विकेटकिपर अनिल साहलाई क्याच थमाएपछि पीएनजी अलआउट भयो । जवाफमा नेपालको ओपनिङ जोडीले दोहोरो अंक छुन सकेन । उपकप्तान ज्ञानेन्द्र मल्ल दोस्रो ओभरमा १ रन जोड्दै पेभेलियन फर्कँदा अनिल शाह ९ रन हुँदा तेस्रो ओभरमा भानुआको बलमा एलबीडब्लू आउट भए । कप्तान पारस खड्का प्रतियोगिताका अन्य खेलझैं आक्रामक शट खेल्दै २ चौका र १ छक्कासहित २० रन जोडे पनि सातौं ओभरमा टप-एज लाग्दै क्याचआउट भए ।

चौथो विकेटमा दीपेन्द्र र आरिफ शेखले ६७ रनको साझेदारी गर्दै नेपाललाई जिततर्फ उन्मुख गराए । ४२ बलमा १ चौकासहित २६ रन जोडेका आरिफ जित हासिल गर्न १३ रन बाँकी छँदा भानुआको बलमा एल्बीडब्लू आउट भए । दीपेन्द्रले २३ औं ओभरको अन्तिम बलमा विजयी रनका रूपमा छक्का प्रहार गरेर व्यक्तिगत अर्धशतक पनि पूरा गरे । नटआउट ५० रन बनाएका दीपेन्द्रले ७६ बल खेले । त्यसमा उनले ३ छक्का र १ चौका प्रहार गरे । बलिङमा ४ विकेट लिएका दीपेन्द्र म्यान अफ द म्याच चुनिए ।

अर्को खेलमा नेदरल्यान्ड्सले छाडेको १ सय ७५ रनको लक्ष्य पछ्याउने क्रममा हङकङ ४३ औं ओभरमा १ सय ३० रन जोड्दै अलआउट भयो । हङकङका कप्तान बाबर हायातले ९४ बलमा ५२ रन जोडे पनि राम्रो साथ नपाउँदा नेदरल्यान्ड्स विजयी भयो । त्यसअघि पहिलो ब्याटिङ गरेको नेदरल्यान्ड्सले म्यान अफ द म्याच म्याक्स ओडाउडको ६२ रन मदतले ४८.२ ओभरमा अलआउट हुनुअघि १ सय ७४ रन जोडेको थियो ।

नेपालले सातौं स्थानका लागि शनिबार नेदरल्यान्ड्ससँग खेल्नेछ ।


CRICOS 00005F

Charles Sturt University
Study Centre
SYDNEY - MELBOURNE - BRISBANE

FREE SEMINAR & INTERACTION SESSION

MEET
Hamish Davies - Student Recruitment Director
Vishal Sachar - Student Recruitment Manager

ACADEMIC MERIT SCHOLARSHIP OF UP TO AUD 4,000 FOR UNDERGRADUATE OR POSTGRADUATE DEGREE.

Academic Criteria:
> Academic score of 70% equivalent- AUD 3000
> Academic score of 75% equivalent - AUD 4000

Date : 18th March 2018
Time : 10:30am to 12:30pm
Venue: e-planet, Bagbazar, KTM

Intake: July 2018

Bachelors Courses:
Accounting | Business (HR) | Business (Marketing)
Business (Management) | Business studies | Information Technology

Masters Course:
Professional Accounting
Master of Commerce | MBA | MIT

e-planet EDUCATION PLANET
Tel: 01 4239656/4239657
Bagbazar (Near Shrestha Tailoring, KTM) E: admin@eplanet.edu.np
CHITWAN: 056-521133 | BUTWAL : 071-544777 | KAWASOTI: 078-541124
POKHARA: 061 541820 | Hetauda: 057-522961
www.eplanet.edu.np www.facebook.com/planet4edu




## जित दिवंगतप्रति समर्पित

नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान पारस खड्काले पीएनजीविरुद्धको जित सोमबार त्रिभुवन विमानस्थलको धावनमार्गमा भएको यूएस बंगला एयरलाइन्सको विमान दुर्घटनामा परी दिवंगत भएकाप्रति समर्पित रहेको बताएका छन् । नेपाली टोली उक्त दुर्घटनामा दिवंगत भएकाको सम्मानमा बिहीबार पाखुरामा कालोपट्टि बाँधेर मैदानमा उत्रिएको थियो ।

## वेस्ट इन्डिजविरुद्ध अफगान विजयी

विश्वकप छनोटअन्तर्गत सुपर सिक्सको पहिलो खेलमा बिहीबार अफगानिस्तानले वेस्ट इन्डिजलाई ३ विकेटले हराएको छ । हरारेमा सम्पन्न खेलमा वेस्ट इन्डिजले छाडेको १ सय ९८ रनको लक्ष्य अफगानिस्तानले १४ बल बाँकी छँदै ७ विकेट गुमाएर भेटेको थियो । म्यान अफ द म्याच मुजिब उर रहमानले ओपनर क्रिस गेलसहित तीन विकेट लिँदै वेस्ट इन्डिजलाई ठूलो योगफलतर्फ अग्रसर हुन दिएनन् । जवाफमा रहमत साहको ६८ रन मदतले विजयी अफगानिस्तानले सुपर सिक्समा महत्त्वपूर्ण २ अंक जोड्यो ।


आन्तरिक राजस्व विभागको

बिद्युतीय उपकरण तथा सफ्टवेयर प्रमाणीकरण तथा प्रयोग गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आन्तरिक राजस्व विभागले बिद्युतीय प्रणाली मार्फत बिजक जारी गर्ने करदाताहरूको बिजक प्रणालीलाई व्यवस्थित गर्न विद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४ मिति २०७४/०९/१६ देखि लागू हुने गरी जारी गरेको व्यहोरा अवगत नै छ । उक्त कार्यविधिमा साविकको कम्प्युटर बिजक सम्बन्धी कार्यविधि, २०७१ अनुसार प्रमाणीकरण गरिएका सम्पूर्ण सफ्टवेयरहरू २०७४ चैत १५ गते भित्र आन्तरिक राजस्व विभागमा रहेको केन्द्रीय बिजक अनुगमन प्रणाली (Central Billing Monitoring System, CBMS) संग आवद्धता हुने गरी पुनः प्रमाणीकरण गरिसक्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार केही निर्माता तथा वितरकहरूले अझैपनि सफ्टवेयर प्रमाणीकरण गराउन बांकी देखिएकोले कार्यविधिले तोकेको म्याद भित्र प्रमाणीकरण गराउन हुन पूनः यो सूचना मार्फत जानकारी गराइन्छ । साथै साविकमा विभागबाट प्रमाणीकरण गरिएका सफ्टवेयर प्रयोग गरिरहनु भएका प्रयोगकर्ताहरूले समेत २०७४ चैत्र १६ गते देखि विभागबाट बिद्युतीय बिजक सम्बन्धी कार्यविधि, २०७४ बमोजिम प्रमाणीकरण भएका सफ्टवेयर मात्र प्रयोग गर्नुहुन समेत जानकारीका लागि अनुरोध छ । तोकिएको मिति भित्र सफ्टवेयर प्रमाणीकरण नगराएमा वा प्रमाणीकरण नभएका सफ्टवेयर प्रयोग गरेमा मू.अ.कर ऐन, २०५२ बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

हाम्रो पौरख हाम्रो कर, राष्ट्र निर्माणको दिगो भर ।




Admission Open

For New Session 2075
From Nursery to Grade VIII

Forms are available at the school office on all working days from 1 Chaitra 2074 onwards.

Entrance test 17th & 24th Chaitra 2074 (Saturday) at 11:00 am.

For further details contact:
GYANKUNJ SCHOOL
Machha Gate, Ravibhawan, Kathamandu
4272831, 4272334, 4270133


DOWNTOWN APARTMENT @Khumaltar

READY TO MOVE IN
Special Offer !
THE COMPLETE PACKAGE
MODULAR KITCHEN
FALSE CEILING
LIGHT FIXTURES

Downtown Housing Company Pvt. Ltd. | Khumaltar, Dhapakhel, Nepal
Email : dthousingco@gmail.com | Web : dthousing.com | Tel.no : 01-5275070
Cell no : 9801193725 / 9801193711 / 9801193707


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा